# स्थानिय अधिकार कार्यक्रमको वाह्रवर्षे यात्रा



**अध्यक्षको कलमबाट**

सम विकास केन्द्र नेपाल (ईडिसि) दलित हक अधिकारप्रति समर्पित एवं लैङ्गिक समानता र सामाजिक न्यायका निम्ति क्रियाशिल सामाजिक विकास संस्था हो । २०५३ फाल्गुण २६ गते स्थापित यो संस्था जातीय छुवाछुत, सामाजिक विभेद महिलाहरुमाथि हुने हिंसाको अन्त्य र दलित,महिला तथा लक्षित अधिकारवालाको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक अधिकार तथा सामाजिक न्याय माथिको पहुँचको सुनिश्चितता तथा प्रवद्र्धन गर्न दलित नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको मानव अधिकारमुखी र अभियानमूलक संस्था हो ।

यस संस्थाले गरिब, दलित, महिला, सिमान्तकृत तथा पछाडि पारिएका समुदायलाई आफनो अधिकारको बारेमा शसक्तिकरणको माध्यमबाट सचेत बनाउदै, उनिहरूको सवाल प्रतिको जनमत निर्माण गरि मानव अधिकारमुखि अभियानद्धारा समाज रुपान्तरणको यात्रामा क्रियाशिल हुदै आईरहेको छ । यहि यात्रामा एक्शनएड नेपालसंगको सहकार्यमा सन् २०१४ देखि डोटी जिल्लामा स्थानिय अधिकार कार्यक्रम संचालन गरियो । यस कार्यक्रमले मानव अधिकारमूखी पद्त्तिमा आधारित भई नारीवादी पद्दति अंगाल्दै महिला अधिकारको सवाललाइ केन्द्र बिन्दुमा राख्दै दलित, सिमान्तकृत तथा श्रमिक महिलाहरूको सवालमा निरन्तर आफना गविधिहरु संचालन गरिए । मुख्यरुपमा नारीवादी नेतृत्व क्षमता विकास, गुणस्तरिय शिक्षाको प्रवर्धन, उत्थानशिल जीविकोपार्जनकालागि दीगो आर्थिक विकल्पको प्रवर्धन र बिपद उत्थानशिलताको विकासका क्षेत्रमा थुप्रै कार्यहरु सम्पन्न गरिए । यि कार्यक्रमले दलित, श्रमिक महिला, विपन्न महिला, किशोरी, युवा र साना किसानहरुलाई अधिकारवालाको रुपमा लक्षित गरि डोटी जिल्लाको तीनवटा पालिका जसमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र के.आइं.सिंह गाउँपालिकामा संचालन गरिएको थियो ।

यि कार्यक्रमले समाज रुपान्तरणको प्रकृयामा महत्वपुर्ण योगदान पुगेको छ । कार्यक्रमले महिलाहरुको शसक्तिकण र राजनैतिक प्रतिनिधित्व मार्फत निर्णय प्रकृयमा अर्थपुर्ण सहभागिताका लागि क्षमता विकास बढाएको छ । समाजमा ब्याप्त जातीय विभेद तथा छुवाछुत जस्ता अमानविय ब्यबहारमा निकै ठुलो परिवर्तन ल्याएको छ । श्रमिक महिला संगठनको अगुवाईमा श्रमिक महिलाहरुको हक अधिकार, समान कामको समान ज्याला, कार्य स्थलमा सुरक्षा, श्रमिक बिमा तथा रोजगारको सुनिश्चितताका लागि स्थानिय तहका सरकारमा पहुँच बढाएको छ । वालमैत्री विधालय र वालकेन्द्रित शिक्षण विधिको अभ्यास र प्रवद्र्धन, सार्वजनिक विध्यालयको सुसाशन प्रबर्धन तथा गुणस्तरीय सीकाई र शिक्षाका दश अधिकार प्रवर्धनमा ठुलो सहयोग पुगेको छ । विपद् महामारिबाट प्रभावित समुदायको मानवीय सहायता, आपतकालिन प्रतिकार्य, मास सचेतना,जलवायु अनुकुलन, जलावायु मैत्री प्रविधिको प्रवर्धन, पर्यावरणीय तथा दिगो खाद्य सुरक्षा समेतमा योगदन पुगेको छ । गरिबी, खाद्य सुरक्षा, पोषण र जिविकोपार्जनको सवालमा सीमान्तकृत दलित, विपन्न महिलाहरुको खाद्य र पोषण सुरक्षाका बृहत चुनौतिहरुलाई संबोधन गर्न कार्यक्रमले दिगो कृषिलाई उच्च प्राथमिकता दिदै कृषि तथा गैरकृषिमा आधारित जिविकोपार्जन,उद्यमशिलता,बजारीकरणको प्रवर्धन, अग्र्यानकि खेती प्रणालि मार्फत कृषि उत्पादन र जिविकोपार्जनका लागि आयआर्जनका गतिविधिहरुका कार्यमा अधिकारवालाहरुको संलग्नताले गरिबी न्यूनीकरणमा योगदान पुगेको छ । दिगो विकासका लक्ष्यहरूलाइ हेर्ने हो भने, हाम्रो दशवर्षे यात्राको दौरानमा प्राप्त नतिजा र प्रभावहरूले दिगो विकासका लक्ष्य १,२,४,५,१०,१३ र १६ लाई महत्वपुर्ण योगदन पुर्याएको छ । यसैले हाम्रो दशवर्षिय यात्रामा प्राप्त भएका उपलव्धी,नतीजा तथा सिकाइलाई अधिकारवाला तथा सरोकारवालामा प्रस्तुत गर्ने उद्द्श्यले यो दशवर्षे यात्रा प्रतिवेदन प्रकाशन गरिएको छ ।

अन्तमा स्थानिय अधिकार कार्यक्रमको दशवर्षे यात्रा प्रतिवेदन लेखनमा सहयोग गर्नुहुने संस्थाका कार्यकारी निर्देशक महेश त्रिखत्रीज्यु लगायत प्रतिवेदनका लागि आवश्यक सुचना तथा जानकारी उपलव्ध गराउन सहयोग गर्ने कार्यक्रम संयोजक नरेन्द्र बहादुर बि.क. लगायत फिल्ड कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु । साथै दशवर्षे यात्रा प्रकाशन गर्न आर्थिक सहयोग गर्ने एक्सनएड नेपाल प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

..............................

केशव परियार

अध्यक्ष

**कार्यकारी सारांशः (Executive Summary)**



डोटी जिल्लाका दलित, महिला र सिमान्तकृत समुदाय सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक दृष्टिले पछाडि परेको समुदाय हो । सामाजिक संरचना, परम्परागत रूढीवादी चालचलन र पितृसत्तात्मक सोचका कारण यस जिल्लामा जातीय विभेद, छुवाछुत, छाउपडी प्रथा, बालविवाह, धनखाने चलन, हलिया–वालीघरे प्रथा र लैङ्गिक असमानताको संरचनामा जगडिएर रहेको थियो । जसले उनीहरूको शिक्षा, स्वास्थ्य, आर्थिक अवसर, सामाजिक सहभागिता र जीवनस्तरमा दीर्घकालीन नकारात्मक प्रभाव पार्दै आएको अवस्था थियो । सार्वजनिक स्थल, होटेल, पसल तथा विद्यालयमा दलित र महिला विरुद्ध हुने भेदभाव, प्रजनन स्वास्थ्य अधिकार, सम्पत्ति अधिकार र राजनीतिक सहभागितामा पहुँचको अभावले उनीहरूको सामाजिक हैसियत र आत्म सम्मानलाइ निकै कमजोर बनाएको अवस्था थियो ।

स्रोत र जनशक्तीको अभावका कारण जिल्लामा देखिएका माथिका चुनौतिपुर्ण समस्याहरूलाइ इडीसी नेपालको प्रयास मात्र प्रयाप्त नभएको अवस्थामा दलित, महिला, विपन्न समुदाय, बालबालिका र युवाहरूलाई सशक्त बनाउँदै उनीहरूको सामाजिक, राजनैतिक र आर्थिक अधिकारमा पहुँच सुधार गर्न, योजना र नीति निर्माणमा अर्थपूर्ण सहभागिता बढाउन, स्थानीय सरकार र नागरिक बीचको सम्बन्ध सुदृढ पार्न, साथै स्रोतसाधन र सामाजिक न्यायमा पहुँच विस्तार गर्न र दीर्घकालीन रुपमा समुदायमा समानता, समावेशिता र सामाजिक न्याय सुनिश्चित गर्ने उदेश्यका साथ सन् २०१४ मा इडीसी नेपालले एक्शनएड नेपाल संग दिर्घकालिन साझेदारी गर्ने अवसर प्राप्त गरेको थियो । यहि साझेदारी अन्तरगत इडीसी डोटीले डोटीका तिनवटा पालिका दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा स्थानीय अधिकार कार्यक्रम संचालन गरेको हो । सन् २०१४ देखि २०२५ सम्म एक्शनएडसँगको साझेदारीमा सञ्चालित स्थानीय अधिकार कार्यक्रम तथा अन्य परियोजना मार्फत ९,१४७ घरधुरीका कुल ४३,१८५ जनसंख्या मध्ये करिब ३४ प्रतिशत जनसंख्या स्थानिय अधिकार कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन ।

मानव अधिकारमुखी विकास पद्दतीलाइ अंगिकार गरि सम विकास केन्द्रले सशक्तिकरण, अभियान र परिचालनका माध्यमबाट लक्षित समुह, समुदायलाइ सक्षम र सुदृढ बनाउदै महिलालाई सेवाका लाभग्राहीबाट अधिकारवाला, नेतृत्वकर्ता र सामाजिक परिवर्तनका संवाहकका रूपमा स्थापित गर्दै महिला अधिकारको क्षेत्रमा, गुणस्तरिय शिक्षाको क्षेत्र र जलवायु न्याय र उत्थानिशल जिविकोपार्जनको क्षेत्रमा दीर्घकालीन र बहुआयामिक प्रभाव पार्न सफल भएको छ । स्थानीय शासन र निर्णय प्रक्रियामा महिलाको सक्रिय सहभागिताले महिला–मैत्री नीति, योजना र बजेट निर्माणको अभ्यासलाई संस्थागत बनाएको छ ।

स्थानीय अधिकार कार्यक्रम तथा यससँग सम्बन्धित सहायक परियोजनाहरूले दोहोरो शोषणमा परेका दलित, एकल महिला र श्रमिक महिलाको राजनीतिक सशक्तीकरण, लैङ्गिक समानता प्रवर्द्धन, आत्मविश्वासमा वृद्धि, सामाजिक विभेद अन्तरगत डोटी जिल्लामा दलित समुदायमाथि समाजले गर्दै आएको जातीय छुवाछुत, विभेद, वालविवाह, छाउपढी प्रथाजस्ता अमानविय ब्यबहारमा उल्लेखनिय सुधार ल्याएको छ । सार्वजनिक स्थल, मठमन्दिर, होटेल, पसल र विध्यालयहरूमा समेत दलित माथि गरिने छुवाछुतका दुर्ब्यबहारहरू, धनखाएर छोरीको सानै उमेरमा वालविवाह गरिदिने र महिनावारीको समयमा महिलाहरूले ५ दिन गोठमा बस्नुपर्ने अवस्थालाइ यो दशवर्षको यात्रामा स्थानिय अधिकार कार्यक्रम मार्फत गरिएका विभिन्न पैरवी तथा अभियानमुलक कार्यक्रमहरूले कार्यक्षेत्रका पालिका मात्र होइन जिल्लाका अन्य पालिकाहरूमा समेत सकारात्मक प्रभाव पार्न सफल भएको छ । १० वर्षको यात्रामा संस्थाको प्रयास र स्थानिय सरकारको सहकार्यमा निर्माण गरिएका लैंगिक सम्वेदनशिल नीति तथा कार्यविधिहरूको स्थानीय तहमा कार्यान्वयन हुनुलाइ स्थानिय अधिकार कार्यक्रमको प्रमुख उपलब्धिका रूपमा लिन सकिन्छ । निःशुल्क शिक्षाको पहुँच विस्तार, विद्यालय बाहिरका १८७ बालबालिकाको पुनःभर्ना, बालिकामैत्री पूर्वाधार र शैक्षिक सामग्री सहयोगले भर्ना दर र नियमित उपस्थितिमा सुधार ल्याएको छ । यसले ड्रपआउट, बालश्रम र बालविवाह न्यूनीकरणमा योगदान पुऱ्याउँदै बालबालिकाको आधारभूत शैक्षिक अधिकारलाइ सुनिश्चित गर्नमा महत्वपुर्ण योगदान पुर्याएको छ । संस्थागत विकासको दृष्टिले एक्शनएड नेपालको योगदान विशेष रूपमा उल्लेखनीय रहेको छ । एकदशक लामो साझेदारीले जनशक्ति क्षमता विकास, संस्थागत नीति तथा रणनीति निर्माण, परियोजना व्यवस्थापनमा दक्षता अभिवृद्धि तथा भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको छ । यसैले हाम्रो दशवर्षिय यात्रामा प्राप्त भएका उपलव्धी,नतीजा तथा सिकाइलाई अधिकारवाला तथा सरोकारवालाहरूमा प्रस्तुत गर्ने उद्द्श्यले यो दशवर्षे यात्रा प्रतिवेदन प्रकाशन गरिएको छ ।

अन्ततः, यस प्रतिवेदनले संस्थालाई आगामी रणनीतिक दिशा निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ । सन् २०१४ देखि २०२५ को अवधिमा निरन्तर सहयोग र मार्गदर्शन प्रदान गर्ने एक्शनएड नेपाल, कार्यक्रम सफल बनाउन योगदान पुऱ्याउने कार्यक्रम संयोजक, सामाजिक परिचालक, फिल्ड सहजकर्ता, स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारी, लक्षित समुदाय, सञ्जाल, संस्थाका पदाधिकारी, स्वयंसेवक सदस्यहरू र प्रतिवेदन लेखनको प्रकृयामा संलग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै एक दशकको अवधिमा साझेदारि कायम गरि संस्थालाइ सहयोग पुर्याउने एक्शनएड नेपाल प्रति हार्दिक अभार ब्यक्त गर्दछु ।



महेश त्रिखत्री कार्यकारी निर्देशक

## १) पृष्ठभूमि / परिवेश (Context/Background)

१.१ डोटी जिल्लाको संक्षिप्त अवस्था

क) राजनीतिक अवस्थाः

देशमा संघिय शासन लागुभई स्थानिय तहको पुर्नसंरचना पश्चात डोटी जिल्ला प्रदेश नं. ७ भित्र पर्दछ । साविकको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र भित्रका ९ जिल्लाहरु नै यसप्रदेश अन्तरगतका जिल्लाहरु हुन र जिल्लाहरू मध्ये एक पहाडी जिल्ला हो । निर्वाचन क्षेत्रका हिसाबले हेर्दा यस जिल्लाको निर्वाचन क्षेत्र १ मा पर्दछ र प्रदेश स्तरिय साविकको निर्वाचन क्षेत्र नं. १ क र निर्वाचन नं. २ ख मा पर्दछन ।

पछिल्लो जनगणना अनुसार डोटी जिल्लामा कुल जनसंख्याको ४६.२२ प्रतिशत पुरूष र ५३.७८ महिला र जम्मा ४१,४४० घरधुरी रहेको यस डोटी जिल्लामा हाल दुईवटा नगरपलिका र ७ वटा गाउँपालिका रहेका छन । यिनै पालिकाहरू मध्ये दिपायल सिलगढी नगरपालिकाको वडा नं. ३, ४, ५ र ७, शिखर नगरपालिकाको वडा नं. १, २, ३, ४ र के.आई.सिंह गाउँपालिकाको वडा नं. ४, ६ र ७ यस कार्यक्रमको मुख्य कार्यक्षेत्र हो । २ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरू रहेको यस जिल्लामा ग्रामीण क्षेत्रमा नीति निर्माण, बजेट प्रक्रिया र नागरिक सहभागिता अझै सीमित छ । सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता कमजोर रहेको र सेवा प्रवाहमा पहुँच असमान देखिन्छ ।

ख) सामाजिक र आर्थिक अवस्था

समाज अझै पनि परम्परागत मूल्य–मान्यताबाट प्रभावित छ । जातीय विभेद, छुवाछुत, छाउपडी, बालविवाह र लैंगिक असमानता केही क्षेत्रमा विद्यमान छन् । महिला तथा दलितको सार्वजनिक जीवनमा सहभागिता क्रमशः बढ्दै गए पनि नेतृत्व र निर्णय तहमा प्रतिनिधित्व अझै न्यून छ । शिक्षा र स्वास्थ्य पहुँचमा ग्रामीण–शहरी अन्तर देखिन्छ ।

अर्थतन्त्र मुख्यतः कृषि र बैदेशिक (भारत) रोजगारमा आधारित छ । रोजगारीको स्थानीय अवसर सीमित भएकाले ठूलो संख्यामा पुरुषहरू भारत तथा अन्य ठाउँमा श्रम गर्न जान्छन् । महिलामा कार्यबोझ बढी भए पनि सम्पत्ति र आर्थिक स्रोतमा उनिहरूको पहुँच कम छ। सडक, बजार पहुँच र सिँचाइजस्ता पूर्वाधार अझै कमजोर भएकाले उत्पादकत्व र आय वृद्धि चुनौतीपूर्ण छ ।

ग) कार्यक्रम सुरु हुनुअघिको अवस्थाः

डोटी जिल्लाको ग्रामीण क्षेत्रमा करिब १० वर्षअघि दलित, महिला तथा सीमान्तकृत समुदाय सामाजिक, सांस्कृतिक तथा संरचनागत विभेदको गहिरो चक्रमा बाच्नु पर्ने अवस्था थियो । समुदाय प्रायः असंगठित अवस्थामा रहेको हुँदा सामूहिक आवाज, नेतृत्व तथा अधिकारका लागि संगठित पहल अत्यन्त न्यून थियो । त्यतिबेला जातीय विभेद र छुवाछुत प्रथा दैनिक जीवनको अभिन्न अंगजस्तै बनेको थियो। दलित समुदायलाई सार्वजनिक स्थान, पानीका मुहान, मन्दिर तथा सामाजिक समारोहमा समान व्यवहार गरिँदैनथ्यो । छाउपडी प्रथा व्यापक रूपमा प्रचलनमा रहेको हुँदा किशोरी तथा महिलाहरू महिनावारीका बेला गोठमा बस्न बाध्य हुन्थे, जसले उनीहरूको स्वास्थ्य, सुरक्षा र सम्मानमा गम्भीर असर पुऱ्याएको थियो ।



महिलामाथि हुने हिंसा—घरेलु हिंसा, शारीरिक तथा मानसिक दुव्र्यवहार, जुवातासका कारण हुने झैझगडा र असमान व्यवहार—समुदायमा सामान्यीकृत जस्तै बनेको थियो । महिलाहरूलाई घरको काम, चुलो–चौको र बालबालिका स्याहारमा मात्र सीमित गरिन्थ्यो र सार्वजनिक जीवन, नेतृत्व तथा निर्णय प्रक्रियाबाट टाढा राखिन्थ्यो । सामुदायिक बैठक, सभा–समारोह र स्थानीय निर्णय प्रक्रियामा महिलाको उपस्थिति अत्यन्त न्यून थियो ।

बालविवाहको प्रचलन बलियो थियो र धनखाने जस्ता सामाजिक कुरीतिहरू विद्यमान थिए । यसले बालबालिकाको शिक्षा, स्वास्थ्य र भविष्यमा दीर्घकालीन नकारात्मक प्रभाव पारेको थियो। विद्यालयमा विशेष गरी दलित बालबालिकाको उपस्थिति कम थियो र टिकाउ दर कमजोर थियो । ति विद्धालयहरूमा उपयुक्त सिकाइ वातावरण नभएका कारण कार्यक्षेत्रका विद्यालयहरूमा समग्र सिकाइ उपलब्धि ४० प्रतिशतभन्दा कम रहेको अवस्थाले गुणस्तरीय शिक्षामा गम्भीर चुनौती देखाउँथ्यो ।

राजनीतिक चेतना तथा नागरिक अधिकारबारे समुदाय न्यून रूपमा जानकार थिए । तत्कालिन गाउँविकास समितीको नीति निर्माण, योजना प्रक्रिया र बजेट प्रणालीबारे अधिकांश समुदाय अनभिज्ञ थिए । यस कारण उनीहरू राज्यका सेवा–सुविधा, स्रोतसाधन तथा विकासका अवसरबाट व्यवस्थित रूपमा पछाडि पारिएका थिए । सार्वजनिक सेवा, स्वास्थ्य, शिक्षा, रोजगारी, भूमि अधिकार तथा सामाजिक सुरक्षामा लक्षित समुदायको पहुँच अत्यन्त सीमित थियो ।

आर्थिक अवसरको अभावका कारण अधिकांश पुरुषहरू रोजगारीका लागि भारत जाने प्रचलन थियो । यसले घरको सम्पूर्ण जिम्मेवारी महिलामाथि थपिएको थियो, तर महिलाहरूलाई सम्पत्तिको स्वामित्व, आर्थिक निर्णय र स्रोतमा पहुँच दिइएको थिएन



। फलस्वरूप महिलाहरू अत्यधिक कार्यबोझका बाबजुद पनि आर्थिक रूपमा परनिर्भर नै थिए ।

समग्रमा, १० वर्षअघि डोटी जिल्लाको ग्रामीण दलित, महिला तथा सीमान्तकृत समुदाय सामाजिक विभेद, कुरीति, हिंसा, न्यून शिक्षा, राजनीतिक चेतनाको अभाव र राज्यका स्रोतसाधनमा सीमित पहुँचको जटिल परिवेशमा बाँचिरहेका थिए । यही चुनौतीपूर्ण अवस्थालाई सम्बोधन गर्न सम विकास केन्द्र (इडीसी) ले एक्शनएड नेपालको साझेदारीमा डोटीका साविकका दिपायल सिलगढी नगरपालिका र मुडभरा, मुडेगाउँ, कपल्लेकि, भूमिराजमाण्डौं र दुर्गामान्डौं गाविस र हालको तीन पालिका दिपायल सिलगढी नगरपालिका अन्तरगत वडा नं. ३, ४, ५, ७ शिखर नगरपालिकाका वडा नं. १, २,३, ४ र केआइ.सिंह गाउँपालिकाकाका वडा नं. ४, ६ र ७ लाइ लक्षित गरि स्थानिय अधिकार कार्यक्रम संचालन गरि सामाजिक रूपान्तरणको अभियान संचालन गर्दै आईरहेको हो ।

## २) कार्यक्रमको औचित्य (Rationale/Justification)

डोटी जिल्ला, सुदूरपश्चिम प्रदेशको ग्रामीण भेगमा अवस्थित, सामाजिक, आर्थिक र शैक्षिक दृष्टिले पछाडि परेको जिल्ला हो । यहाँ बसोबास गर्ने दलित, महिला तथा सीमान्तकृत समुदायहरू परम्परागत सामाजिक संरचना, पृत्तिसत्तात्मक सोंच, जातीय विभेद, छुवाछुत, छाउपडी प्रथा, बालविवाह र लैंगिक असमानताबाट प्रताडित हुदै अन्याय अत्याचार, शोषण, दमन, र गरिवीको चक्रमा बाच्नुपर्ने अवस्था थियो । यसले समुदायको शिक्षा, स्वास्थ्य, सामाजिक सहभागिता र आर्थिक अवसरमा दीर्घकालीन प्रभाव पारिरहेको थियो । सामाजिक परम्परा, पृत्तिसत्तात्मक सोंच र लैंगिक विभेद तथा जातिय विभेदका कारण ग्रामिण समुदाय खास गरि दलित, महिला, सिमान्तकृत समुदाय संविधान प्रद्त्त राजनितिक, आर्थिक र मौलिक हक अधिकारबाट बञ्चित हुनु परिरहेको अवस्था थियो । वालविवाह, धनखाने चलन, छाउपढी प्रथा चरम अवस्थामा थियो, जसले किसोरी, महिलाहरू प्रजनन स्वास्थ्य अधिकार, शिक्षाको अधिकार, राजनैतिक अधिकारका साथै सम्पतीको अधिकारबाट बञ्चित हुनु परिरहेको अवस्था थियो । यसैगरि जातीय छुवाछुत समुदायमा मात्रै नभएर सार्वजनिक स्थलहरूमा समेत चरम अवस्थामा थियो । गैर दलितले दलितहरूलाइ छुदापनि पानी हालेर चोख्याउने प्रचलन थियो । दलितहरूले होटेलमा चिया खाँदा वाहिँरै बसेर खानु पर्दथ्यो भने, खाएको गिलास आफैले धोएर बाहिर घाममा सुकाउनु पर्दथ्यो । हलिया, वालीघरे प्रथा, खलोखाने प्रथा समुदायमा विधमान थियो, जसले दलितहरूलाइ झनझन गरीबीको चक्र भ्युमा फसाउदै गएको अवस्था थियो । यसकारण दलित, महिला र विपन्न सिमान्तकृत समुदाय, वालवालिका तथा यूवाहरूलाइ संगठित गर्दै सशक्तिकरणको माध्यमबाट उनिहरूको सामाजिक, राजनैतिक, आर्थिक अधिकारको अवस्था र हैसियतमा सुधार ल्याउन, योजना, निति निर्माण र निर्णय प्रकृयामा उनिहरूको अर्थपुर्ण सहभागिता बृद्दि गर्न, र स्थानिय सरकार र नागरिक विचको सम्बन्धलाइ सृदृढ गर्दै स्रोतसाधन, सामाजिक न्याय र समानतामा उनिहरूको पहुँच बृद्दि गर्न स्थानिय अधिकार कार्यक्रमको अवश्यकता परेको हो ।

### २.१) सामाजिक, आर्थिक तथा संरचनात्मक समस्या र आवश्यकता विश्लेषण (डोटी जिल्ला)

डोटी जिल्लामा दलित र महिला समुदाय इतिहासदेखि नै सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक रूपमा पछाडि पारिएका छन् । पितृसत्तात्मक सोच, जातीय भेदभाव, छुवाछुत र लैंगिक विभेदजस्ता संरचनात्मक कुरीतिका कारण उनीहरू विद्यालय, सार्वजनिक सभा, सामुदायिक छलफल तथा निर्णय प्रक्रियामा समान र अर्थपूर्ण सहभागिता गर्न असमर्थ रहँदै आएका छन् । समाज र राज्यमा विद्यमान अन्यायपूर्ण शक्ति सम्बन्धले उनीहरूको पहुँच र अवसरलाई थप सीमित बनाएको छ ।

शिक्षाको क्षेत्रमा दलित बालबालिकाको विद्यालय उपस्थिति न्यून रहेको, सिकाइ उपलब्धि ४० प्रतिशतभन्दा कम रहेको तथा बालविवाह र धनखाने जस्ता कुरीतिहरू प्रचलित रहेको पाइएको छ । यस अवस्थाले दीर्घकालीन मानव विकास, सीप निर्माण र भविष्यका अवसरहरूमा गम्भीर चुनौती सिर्जना गरेको छ । सार्वजनिक शिक्षामा समान पहुँच नहुनु नै गरिबी र वञ्चितीकरणको प्रमुख कारण बनेको छ ।

महिलाहरू परम्परागत रूपमा घरायसी काम, बालबालिका पालनपोषण र कृषि कार्यमा मात्र सीमित रहँदै आएका छन्। वैदेशिक रोजगारीका कारण अधिकांश पुरुष घरबाहिर हुँदा महिलामाथि कार्यभार थप बढेको भए पनि उनीहरूको सम्पत्ति, निर्णय प्रक्रिया र आर्थिक स्रोतमा पहुँच न्यून रहेको छ । महिलाहरूले दैनिक अत्यधिक घण्टा श्रम गर्नुपर्ने अवस्था रहे पनि घर र खेतीपातीको कामका कारण उनीहरू कुनै पनि सभा, समारोह वा सार्वजनिक निर्णय प्रक्रियामा सहभागी हुन पाएका छैनन् । अझ विशेषगरी दलित महिलाहरूले अर्काको काम गरेर वा दैनिक ज्यालादारी श्रममार्फत घरपरिवार चलाउनुपर्ने बाध्यता रहेको छ ।

स्थानीय शासन प्रणाली, नीति निर्माण, योजना प्रक्रिया तथा सार्वजनिक स्रोत–साधनमा लक्षित समुदाय (दलित, महिला, विपन्न) को पहुँच न्यून रहेको छ । समुदायमा अधिकारसम्बन्धी ज्ञान, नागरिक चेतना र सरकारी कार्यक्रमको प्रभावकारी उपयोगसम्बन्धी जानकारी कमजोर रहेको पाइन्छ। राजनीतिक प्रभाव, स्थानीय अगुवाको दबाब र असमान शक्ति संरचनाका कारण उनीहरूले आफूले चाहेको प्रतिनिधिलाई भोट दिनसमेत स्वतन्त्रता महसुस गर्न सकेका छैनन्। साथै नागरिकता बनाउने प्रक्रियाबारे पर्याप्त जानकारी नहुँदा उनीहरू राज्यबाट प्रदान गरिने सेवा–सुविधाबाट समेत वञ्चित भइरहेको अवस्था थियो ।

## २.२) किन डोटी जिल्ला र लक्षित समुदाय ?

समविकास केन्द्र (इडीसी) नेपाल, डोटी जिल्लामा विधमान जातीय विभेद, छुवाछुत, लैंगिक असमानता, मानव अधिकारको हनन् र गरिवी विरूद्द क्रियाशिल भइ समतामुलक समाजको निर्माणका लागि सामाजिक न्याय, समानता, सुशासन र मानव अधिकारको संरक्षण र प्रत्याभुति स्थापित गर्नका लागि वकालत गर्दै आएको एक गैर सरकारी संस्था हो । यस संस्थाले स्थापना काल देखि नै राज्य र समाजबाट पछाढी पारिएका समुदाय खास गरि दलित, महिला, जनजाती, हलिया, यूवा र वालवालिकाहरूलाइ लक्षित गरि डोटी जिल्लामा विभिन्न अभियानमुलक कार्यक्रमहरू संचालन गर्दै आइरहेको परिवेशमा निम्न बमोजिमका कारणहरूलाइ चिर्न र गरिवीका परिणामहरूलाइ गहिरो बनाउदै गएका आर्थिक, सामाजिक, राजनीतिक र संरचनात्मक आयामहरूमा कमि ल्याइ लक्षित समुदायको अवस्था र हैसियतमा सकरात्मक परिवर्तन ल्याउन स्थानिय अधिकार कार्यक्रम संचालनमा आएको हो ।



- समाज र राज्यमा अन्यायपूर्ण शक्ति सम्बन्ध
- सुशासनको कमी र कमजोर नीति कार्यान्वयन
- जातीय छुवाछुत, लैंगिक विभेद र छाउपडीजस्ता भेदभावपूर्ण सामाजिक संरचना
- आधारभूत अधिकारबाट वञ्चितीकरण अर्थात् मानव अधिकारको हनन
- दलित तथा विपन्न बालबालिकाको सार्वजनिक शिक्षामा न्यून पहुँच
- स्रोतसाधनको असमान वितरणका कारण आर्थिक असमानता
- महिलालाई सहभागिता र निर्णय प्रक्रियाबाट टाढा राख्ने पितृसत्तात्मक सोच


- सीमान्तकृत समुदायलाई झन् पछाडि पार्ने नवउदारवादी संरचना
- यातायात, बजार र सेवामा कठिन पहुँच हुने भौगोलिक विकटता
- सिँचाइ तथा कृषि पूर्वाधारको अभावले सिर्जित खाद्य असुरक्षा
- रोजगारीको अभावका कारण पुरुषको भारत पलायन
- महिलामा बढेको दोहोरो कार्यभार
- बाढी, पहिरो र खडेरीजस्ता प्राकृतिक विपद् जोखिम
- राज्यबाट दलित, विपन्न र महिलाको संरचनात्मक उपेक्षा
- शोषणलाई सामान्य बनाउने परम्परागत कुप्रथा र संस्कार

यी कारणहरूको संयुक्त प्रभावका कारण डोटीका दलित, महिला र विपन्न समुदाय गरिबीको दुष्चक्रमा फस्दै आएका थिए। त्यसैले उनीहरूको आर्थिक सशक्तिकरण मात्र नभई सामाजिक, राजनीतिक र अधिकारमुखी सशक्तिकरण अनिवार्य आवश्यकता रहेको थियो।

## ३) कार्यक्षेत्र र समुह, संगठनको विवरणः

### क) कार्यक्षेत्रः

समविकास केन्द्र (इडीसी) नेपाल र एक्शनएडको साझेदारीमा संचालित स्थानिय अधिकार कार्यक्रम डोटी जिल्लाको साविकको एक नगरपालिका र ५ गाविस र हालको तीनवटा पालिका दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा सन् २०१४ देखि संचालनमा आएको हो । कार्यक्षेत्र निर्धारण गर्नु अघि समविकास केन्द्र (इडीसी) नेपालले साविकका गाउँविकास समितीहरूसंग र हालका पालिकाहरूसंग समन्वय गरि एक्शनएडको टीम सहितले ती पालिकाहरूको वस्तुस्थिती अध्ययन गरि प्रतिवेदन तयार गरेको थियो। सन् २०१४ देखि २०२५ को यात्रामा तीनपालिकाको ९१४७ घरधुरीका कुल जनसंख्या ४३,१८५ को करिव ३४ प्रतिशत जनसंख्या लाभान्वित भएका छन। जसमा स्थानिय अधिकार कार्यक्रमबाट ७ प्रतिशत र अन्य परियोजना जस्तै, सहभागिमुलक लोकतान्त्रिक पहल परियोजना, नोरयाड परियोजना, द महिला नेटवर्क परियोजना, छाउपढी प्रथा जन्य हानीकारक अभ्यासहरू तोडनका लागि किशोरी, महिला तथा यूवाहरूको साझा अभियान परियोजना, कोभिड–१९ को प्रकोपमा आपतकालीन प्रतिक्रिया तथा पुनःउत्थान, नेपालमा कृषिमा आधारित बधुवाश्रमको अन्त्य परियोजना लगायत यूथ हव परियोजना मार्फत तीनैपालिकाका करिव २७ प्रतिशत जनसंख्यामा लाभान्वित भएका छन।



**ख) समुह संगठनको विवरण:**

| समुह संजालको नाम | ठेगाना | गठन भएको साल महिना र गते | प्रत्यक्ष लाभन्वित | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | अन्य | | जम्मा | |
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| रिफलेक्ट सर्कल (२० वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१४ | ३२७ | ० | ३०१ | ० | ६२८ | ० |
| महिला अधिकार मञ्च (८ वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१४ | ५९ | ० | ११० | ० | १६९ | ० |
| किसोरी समुह (८ वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१७ | २९ | ० | ७० | ० | ९९ | ० |
| यूवा संजाल (१० वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१८ | ४६ | ६ | ९८ | ३७ | १४४ | ४३ |
| वालक्लव (६ वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१८ | ११ | १३ | ३६ | २२ | ४७ | ३५ |
| श्रमिक महिला समुह (६ वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०१८ | ३३ | ) | ११५ | ) | १४८ | ) |
| समुदाय स्तर विपद ब्यबस्थापन समित ( वटा) | दिपायल सिलगढी न. पा., शिखर न.पा. र केआइसिंह गा.पा. | २०२२ | १५ | १५ | ३३ | ७० | ४८ | ८५ |
| पालिका स्तरिय श्रमिक संजाल | दिपायल सिलगढी न. पा. | २०२२ | २४ | ) | १३ | ) | ३७ | ) |
| जम्मा सदस्य संख्या | | | ५४ | ३४ | ७७६ | १२९ | १३२० | १६३ |

**४) हाल सम्म संचालित कार्यक्रमको विवरणः**

एक्शनएड नेपालको सहयोग र साझेदारीमा समविकास केन्द्र (इडीसी) नेपालले डोटी जिल्लामा विधमान जातीय छुवाछुत, लैंगिक विभेद लगायत समाजका हानीकारक अभ्यासका विरूद्द् र लक्षित समुदायको आर्थिक, सामाजिक र राजनैतिक सशक्तिकरणमा योगदान पुर्याउने उद्देश्यले सन् २०१२ देखि सन् २०१३ सम्म औपचारिक रूपमा अल्पकालिन साझेदारीमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा कार्यक्रमहरू संचालन गरेता पनि सन् २०१४ देखि निरन्तर रूपमा दिर्घकालिन कार्यक्रमका रूपमा वालप्रायोजन र स्थानिय अधिकार कार्यक्रम संचालन गरेको थियो । एक्शनएसंगको साझेदारीमा सम्पन्न कार्यक्रमहरू यस प्रकार रहेका छन ।

| कार्यक्रम/ परियजनाको नाम | कुल वजेट | अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| सहभागिमुलक लोकतान्त्रिक पहल परियोजना (Participatory Democracy Initiatives (PDI) Project) 2923 Pop | २,५००,०००। | जनवरी २०१२ | डिसेम्वर २०१२ |
| पुर्व सेझदारी वालप्रायोजन तथा स्थानिय अधिकार कार्यक्रम, (LRP - 35 Early Partnership) | ३११,९४४। | सेप्टेम्वर २०१३ | डिसेम्वर २०१३ |
| वालप्रायोजन तथा स्थानिय अधिकार कार्यक्रम, (LRP – 35) 2883 | ९२,१३५,७०६। | जनवरी २०१४ | डिसेम्वर २०२५ |
| नोरयाड परियोजना (NORAD – project) 20 Schools- 3673 children. | १२,६०३,९७२। | अगष्ट २०१५ | डिसेम्वर २०१७ |
| द महिला नेटवर्क परियोजना (The Mahila Network (MNT) Project) (HHs 1225, Pop. | २७,५९६,८९६। | मे २०१७ | डिसेम्वर २०२३ |
| छाउपढी प्रथा जन्य हानीकारक अभ्यासहरू तोडनका लागि किशोरी, महिला तथा यूवाहरूको साझा अभियान परियोजना (DTV – project) 2462 HHS (Pop. 1608) | ५,४२८,१३३। | जुन २०१९ | अप्रिल २०२१ |
| कोभिड–१९ को प्रकोपमा आपतकालीन प्रतिक्रिया तथा पुनःउत्थान (Emergency Response and Recovery on wave of COVID 19) | ७२०,१००। | सेप्टेम्वर २०२१ | मार्च २०२२ |
| आपतकालिन प्रतिकार्य परियोजना (ERP- project) 1800 HHS | ३,९४२,३४२। | जुलाइ २०२० | मे २०२१ |
| यूथ हव परियोजना (VSP (Youth Hub project) | ८७४,०००। | जनवरी २०२२ | डिसेम्वर २०२५ |
| नेपालमा कृषिमा आधारित बधुवाश्रमको अन्त्य परियोजना (EABL-Project) | २०,६८३,१११। | अक्टुवर २०२१ | डिसेम्वर २०२५ |

**५) कार्यक्रमका उद्देश्यहरू (Objectives)**

क) दीर्घकालीन उद्देश्यः स्थानिय अधिकार कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरुः

१) महिला अधिकार

२) गुणस्तरिय सार्वजजिक शिक्षा

३) हरित जिविकोपार्जन

- **सुशासन प्रणाली र आर्थिक गतिविधिहरू मार्फत महिला, अनौपचारिक श्रमिक तथा गिग कामदारहरूको अधिकार र अवसरहरुको सुनिश्चित गर्ने ।**

नतिजाः महिला तथा बालिकाहरू विरुद्धको हिंसा र सेवामुलक कार्यलाई सम्बोधन गर्ने ।

नतिजाः अनौपचारिक र गिग श्रमिकहरूको अधिकार र न्यायलाई जनपरिचालन मार्फत सुनिश्चित गर्ने ।

उपलब्धीः महिलाको पारिश्रमिक विनाको हेरचाह तथा घरायसी (सेवामूलक कार्य) कार्यबोझ घटाउन र आर्थिक अवसरहरु सृजना गर्न समुदायमा आधारित विकल्पहरु निर्माण हुनेछन्।

उपलब्धीः महिला र बालिकामाथि हुने विविध प्रकारका हिंसामा योगदान गर्ने संरचनात्मक कारणहरुलाई सम्बोधन गर्न हिंसा प्रतिकार्य प्रणाली सुदृढ हुनेछ।

उपलब्धीः समुदाय तथा जन परिचालन मार्फत छलफल सत्र र श्रम अनुगमन गरी श्रमिक महिलाका मूद्दा सम्बोधन हुनेछ।

उपलब्धीः गीग श्रमिकका मूद्दाहरुलाई प्रमाण संकलनका आधार र मञ्च निमार्ण गरि उठान गरिनेछ।

- **सुरक्षित सिकाई वातावरण र शिक्षा सुशासनमार्फत बालबालिकाको आधारभूत अधिकारको रुपमा गुणस्तरीय सार्वजनिक शिक्षा प्रर्वद्दन भएको हुनेछ।**

नतिजाः सार्वजनिक विद्यालयमा सुरक्षित सिकाई वातावरण सुनिश्चित हुनेछ।

नतिजाः सार्वजनिक विद्यालयहरुमा बालअधिकार प्रवर्धन र गुणस्तरीय सिकाई परिमाण सुनिश्चित गर्न शिक्षा सुशासन सुदृढीकरण भएको हुनेछ।

उपलब्धिः सुरक्षित विद्यालय सुविधा सुनिश्चित गर्न विद्यालयहरुलाई भौतिक तथा अभौतिक सहयोग भएको।

उपलब्धिः बालक्लब तथा युवा समूहहरुको बालअधिकार सम्बन्धी क्षमता विकास (तालिम, अवलोकन भ्रमण र समूहको बार्षिक योजना) मा सहयोग सहयोग भएको।

उपलब्धिः स्थानीय पालिकातहमा नागरिक मंच गठन तथा सहजीकरण गरी सिकाई उपलब्धि, सिकाइ मुल्यांकन, गुणस्तरीय शिक्षा, विद्यालय शासन र जवाफदेहिता सम्बन्धी सवालहरुमा जन वकालत भएको।

उपलब्धिः सार्वजनिक शिक्षा रुपान्तरणकालागि शिक्षामा लगानीको सवाललाई प्रर्वधन भएको।

- **जोखिममा रहेका समुदायहरूको उत्थानशीलता निर्माण गर्न जलवायु न्याय, हरित जीविकोपार्जन र चुस्त मानवीय प्रतिक्रिया प्रणालीको विकासित गर्नु।**

नतिजाः महिला, गरिब र साना किसानहरूको अधिकार र अवसरहरूलाई हरित जीविकोपार्जनका विकल्पहरू मार्फत बिकसित भएका हुनेछन्।

नतिजाः महिला र युवाको नेतृत्वमा जलवायु न्यायको अभियान तथा मानविय प्रतिकार्य कार्यहरू विकसित भएका हुनेछन्।

उपलब्धिः साना किसानहरू उनीहरूको अधिकार, कृषि तथा गैर कृषि आम्दानीका अवसरहरूमा क्षमताबान हुनेछन्।

उपलब्धिः लक्षित परिवारहरूको जलवायु अनुकूलनमा आधारित कृषि तथा गैर कृषि आम्दानीका क्रियाकलापहरुको सुरुआत र वित्तीय पहुँचमा वृद्धि हुनेछ।

उपलब्धिः महिला नेतृत्वमा साना किसानहरूको बजार व्यवस्थापन प्रवर्द्धन गर्न महिला मैत्री बजार स्थापना/विकास हुनेछ।

उपलब्धिः युवा र महिलालाई जलवायु न्याय अभियानमा सशक्त र परिचालित हुनेछन्।

उपलब्धिः समुदाय संगठन, साझेदार संस्था तथा स्थानीय सरकारको मानवीय तयारीमा संस्थागत सहयोग भएको हुनेछ।

**६) मुख्य रणनीति/दृष्टिकोण (Approach/Strategy)**

सम विकास केन्द्र डोटीले ActionAid Nepal सँगको साझेदारीमा सञ्चालन गरेको स्थानीय अधिकार कार्यक्रम अन्तरगत चारवटा R — Rights (अधिकार), Representation (प्रतिनिधित्व), Redistribution (पुनर्वितरण) र Resilience (लचिलोपन) — को ढाँचामा आधारित रहेर दिर्घकालिन कार्यक्रम कार्यान्वयन गरिएको थियो।

१० वर्षको अवधिमा सम विकास केन्द्रले मानव अधिकारमा आधारित, सहभागितामूलक र स्थानीय स्वामित्वमा आधारित विकास पद्धति अपनाइ गरिबी न्यूनीकरण, सामाजिक न्याय प्रवर्द्धन तथा दलित, महिला र विपन्न समुदायको सशक्तिकरणलाई केन्द्रमा राखि १० वर्षको कार्यान्वयन अवधिमा समुदाय स्तरमा संगठन निर्माण, समुदाय परिचालन, महिला सशक्तिकरण, शिक्षा सुधार, स्थानीय सरकारसँग समन्वय र अधिकारमुखी विकास पद्धति **लाइ** मुख्य रणनीतिको रूपमा अवलम्वन गरि रिफलेक्टको माध्मबाट चारवटा R भित्र निम्नानुसार समाहित गरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएको थियो।

६.१ RIGHTS (अधिकार) — अधिकारको सुनिश्चितता

१० वर्षको अवधिमा यस स्तम्भ अन्तर्गत समविकास केन्द्रले अधिकारमुखी दृष्टिकोणलाई मूल आधार बनाइ स्थानिय अधिकार कार्यक्रम संचालन गरेको थियो, जसले

- समुदायलाई लाभग्राही होइन, अधिकारवाला नागरिकका रूपमा स्थापित गर्‍यो,
- राज्यलाई कर्तव्यवाहकका रूपमा उत्तरदायी बनाउन पैरवी गर्‍यो,
- शिक्षा, स्वास्थ्य, पानी तथा सरसफाइ, नागरिकता र सामाजिक सुरक्षामा पहुँच बढाउन मद्दत गर्‍यो,
- जातीय छुवाछुत, छाउपडी र लैंगिक हिंसाविरुद्ध अधिकारमा आधारित अभियान सञ्चालन गर्‍यो,
- कानूनी सचेतना वृद्धि गरी न्यायमा पहुँच प्रवर्द्धन गर्‍यो,
- समुदायलाई आफ्ना अधिकार दाबी गर्न सक्षम बनायो।

समाहित रणनीति: अधिकारमुखी दृष्टिकोण + संगठन निर्माण + रिफलेक्शन + समुदाय परिचालन + महिला सशक्तिकरण।

६.२ REPRESENTATION (प्रतिनिधित्व) — आवाज र नेतृत्व

१० वर्षको अवधिमा यस स्तम्भले समुदायको अर्थपूर्ण सहभागिता र नेतृत्व विकासमा जोड दियो।

- महिला, दलित र विपन्न समुदायको समुह, समिती, संजाल, विद्यालय व्यवस्थापन समिति, आमा समूह, सहकारी, वडा बैठक र पालिका योजना प्रक्रियामा सहभागिता बढायो,
- महिलाहरूमा स्थानीय नेतृत्व विकास र क्षमता अभिवृद्धि गराउन मद्दत गर्‍यो,
- सार्वजनिक निर्णय प्रक्रियामा उनीहरूको आवाज स्थापित र सम्बोधनमा सहयोग पुर्‍यायो,

समाहित रणनीति: समुदाय परिचालन + रिफलेक्शन + महिला सशक्तिकरण + स्थानीय सरकारसँग समन्वय।

६.३ REDISTRIBUTION (पुनर्वितरण) — स्रोतसाधनको न्यायपूर्ण बाँडफाँड

१० वर्षको अवधिमा यस स्तम्भले सार्वजनिक स्रोतसाधनमा लक्षित समुदायको समान पहुँच सुनिश्चित गर्ने काममा सहयोग पुर्‍यायो।

- पालिकाको बजेटमा दलित, महिला र विपन्न केन्द्रित योजना समावेश गर्न पहल गर्‍यो,
- छात्रवृत्ति, सीप विकास, कृषि सहयोग, सिँचाइ, रोजगारी कार्यक्रम र सामाजिक सुरक्षा भत्तामा पहुँच बढायो,
- वन, पानी, सामुदायिक भूमि र सहकारी जस्ता सार्वजनिक स्रोतमा समान पहुँच प्रवर्द्धन गर्‍यो,
- महिलाको आयआर्जन र आर्थिक हैसियत सुधार गर्न सहयोग गर्‍यो।

समाहित रणनीति**:** स्थानीय सरकारसँग समन्वय + रिफलेक्शन + महिला सशक्तिकरण (आर्थिक पक्ष) + शिक्षा सुधार।

६.४ RESILIENCE (उत्थानशिलता) — जोखिमसँग जुध्ने क्षमता

१० वर्षको अवधिमा यस स्तम्भले समुदायको दीर्घकालीन सामाजिक–आर्थिक स्थिरता निर्माणमा योगदान पुर्‍यायो।

- बाढी, पहिरो र खडेरी जस्ता विपद् जोखिम न्यूनीकरणका लागि सचेतना अभिबृद्दि,
- जलवायु अनुकूलन कृषि प्रवर्द्धन,
- बालबालिकाको शिक्षा निरन्तरता र सुनिश्चितता,
- महिलाको हेरचाहमुलक कार्यबोझ घटाउन सामुदायिक सहयोग प्रणालीको विकास,
- आपतकालीन अवस्थामा सामूहिक प्रतिकार क्षमता निर्माण गर्‍यो,
- सामाजिक कुप्रथा घटाएर सामाजिक स्थिरता प्रवर्द्धनमा सहयोग।

समाहित रणनीति: शिक्षा सुधार + रिफलेक्शन + समुदाय परिचालन + महिला सशक्तिकरण।

६.५ कार्यक्रमको समग्र रणनीतिक परिणाम (Overall Outcome)

१० वर्षको अवधिमा चारवटा R र माथिका रणनीतिहरूको संयुक्त कार्यान्वयनबाट निम्न परिणाम हासिल भएको पाइन्छ।

- दलित र महिलाको सामाजिक–आर्थिक अवस्थामा सुधार,
- समुदायको नेतृत्व र आत्मनिर्णय क्षमता वृद्धि,
- वडा तथा पालिकाकामा प्रतिनिधीको रूपमा निर्वाचित,
- विद्यालय वाहिर रहेका र गरिवीको कारणले विद्यालय जान नसक्ने वालवालिकाहरूको पहुँच र सिकाइ उपलब्धिमा सुधार,
- स्थानिय सरकारको नीति निर्माणे तथा परिमार्जनमा सुधार,
- स्थानिय सरकार मार्फत लैंगिक सम्वेदनशिल योजना निर्माण
- स्थानीय शासनमा समावेशिता बढ्नु,
- गरिबीको दुष्चक्र क्रमशः कमजोर हुदै जानु,
- सामाजिक न्याय र लैंगिक समनता प्रवर्द्धन हुदै जानु,
- समुदायको विपद् प्रतिरोधी क्षमता सुदृढ हुनु।

**७) मुख्य गतिविधिहरू (Key Activities)**

समविकास केन्द्र (इडीसी) नेपालले एक्शनए नेपालसंग सन् २०१४ देखि २०२५ दिर्घकालिन साझेदारी कायम गरि हाल सम्म संचालन गरेका मुख्य मुख्य क्रियाकलापहरू यस प्रकार छन।

क) सन् २०१४ देखि २०१६

- समुदायमा समूह, समिति तथा किसान समूहहरूको गठन, परिचालन र समावेशी प्रतिनिधित्वको सुदृढीकरण।
- समुदायस्तरमा समस्या पहिचान, सार्वजनिक सेवाको लेखाजोखा तथा योजना तर्जुमा सम्बन्धी क्षमता विकास।
- समूह/समितिका सदस्यहरू, महिलाहरू र दलित समुदायको नेतृत्व, राजनीतिक सचेतना तथा अर्थपूर्ण सहभागिता क्षमता विकास।
- महिलाको सम्पत्तिमा अधिकार सुनिश्चित गर्न एकल तथा संयुक्त लालपुर्जा अभियान सञ्चालन।
- कृषि तथा जीविकोपार्जन सुधारका लागि बीउ, कृषि सामग्री, व्यवसाय सञ्चालन सहयोग, तरकारी खेती, सिस्नो पाउडर, अदुवा–बेसार पकेट क्षेत्र र फलफूल वितरण।
- सिँचाइ, पोखरी निर्माण तथा सुत्केरी कक्ष निर्माण जस्ता आधारभूत पूर्वाधारमा सहयोग।
- विद्यालय तथा समुदायमा जोखिम नक्सांकन, जोखिमयुक्त स्थानमा वृक्षरोपण र विपद् व्यवस्थापन सामग्री सहयोग छ।
- सुशासन प्रवर्द्धनका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो चौतारी, जन सरोकार मञ्च र सुनुवाइ संयन्त्र स्थापना/सहजीकरण।
- सूचनाको हक, भ्रष्टाचार विरुद्ध अभियान, समान कामको समान ज्याला, छाउगोठ मुक्त अभियान **र** महिलाको पारिश्रमिक विनाको सेवामुलक कार्य सम्बन्धी सचेतना अभियान सञ्चालन।
- बालमैत्री स्थानीय शासन, बालक्लब क्षमता विकास तथा विद्यालयमा शैक्षिक सामग्री सहयोग मार्फत बालअधिकार र शिक्षाका १० अधिकारको प्रवर्द्धनमा सहजीकरण।

ख) सन् २०१७ देखि २०१९

- महिलाको नाममा लापपुर्जा निर्माण अभियान
- भुमि अधिकार मंच गठन र भुमिहिनहरुलाई सहयोग
- नेतृत्व विकास तालिमहरुको फलोअप
- महिला तथा किसोरी अभियान्ता उत्पादन तालिम (पैरवी तथा उद्घोषण)
- महिला, दलितहरुको स्थानीय निर्वाचनमा प्रतिनिधित्व र सहभागिता विषयक सरोकारवालासंग जिल्ला स्तरिय बहस
- जनप्रतिनिधिको क्षमता विकास (लैंगिक समानता तथा सामाजिक समावेशीकरण)
- लै.स.सा.स.समिती गठनमा सहजीकरण
- शिशु स्याहार केन्द्रहरु स्थापना

- सुशासन र जवाफदेहिताका वारेमा स्थानीय निकायका पदाधिकारीहरुको क्षमता विकास
- वर्तमान संविधानले ब्यबस्था गरेको दलित र महिला अधिकार र जनसरोकारका सवालमा जिल्ला स्तरिय बहस तथा अन्तरकृया
- यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि आमसचेतकिरण अभियान संचालन
- किसोरी समुह स्तरमा सेनेटरी प्याड निर्माण तालीम र सहयोग
- समुदायमा छाउपढी निगरानी समिति निर्माण र परिचालन
- छाउपढी प्रथामुक्त वडाका लागि पत्रमित्रता सन्देश अभियान
- महिला स्वास्थ्य सम्बन्धि सिविर संचालन
- महिलाको कार्यबोझमा कमी ल्याउने बैकल्पिक उपायहरूको योजना निर्माणमा सहयोग र सहजीकरण
- विद्यालय शिक्षाका १० अधिकार विद्यालयमा अभिमुखिकरण
- गुणस्तरिय शिक्षा प्रवद्धनको लागी विद्यालयमा सहयोग र सहकार्य

ग) सन् २०२० देखि २०२२

- समुदाय स्तरमा निगरानि समुहको गठन
- नारिवादी नेतृत्वको अवधारणा विकासमा समुदाय तह र स्थानिय तहमा सहजीकरण
- पालिकामाहरुमा सेफ हाउसहरु निर्माणमा सहयोग र सहजीकरण
- स्थानिय तहको लैंगिक उत्तरदायि वजेट विश्लेषण
- पालिकामा लैंगिक हिंसा निवारण कोष स्थापनामा सहयोग
- पालिकाहरुमा प्रेषण प्रणालीहरुको विकासमा सहयोग
- पालिकाको महिलामैत्रि निती निर्माणमा सहयोग
- महिलाको न्यायमा पहुच सुनिश्चित गर्न समन्वय र शिफारिस संयन्त्रको सुदृढिकरणको लागि सहजीकरण
- किशोरी समुह, युवा स्वयंसेवकहरुको लागि तनाव वव्यवस्थापन तथा मनोसामाजिक परामर्श तालिम संचालन
- श्रमिक समुहहरु गठन र परिचालन
- अभियान संचालनमा श्रमिक महिलाहरुको क्षमता विकास र परिचालनमा सहयोग
- श्रमिक अभयान्ताको परिचालन र अभियान संचालन
- श्रमिकका मुद्धाहरुको पहिचान
- योजना तर्जूमा प्रकृयामा सहजरूकरणका लागि अभियान संचालन
- कार्यक्षेका विद्यालयहरुमा ड्यास बोर्ड निर्माण
- निशुल्क शिक्षा अभियान संचालन
- कार्यक्षेत्रका विद्यालयहरुको विद्यालय सुधार योजनामा अद्यावधिका सहयोग
- विद्यालयमा हातधुने अभ्यास अभियान
- विद्यालयहरुमा रिमिडियल कक्षा संचालन
- कोरोना प्रभावित समुदायलाई सहयोग

घ) सन् २०२३ देखि २०२५

- स्थानिय तहले निर्माण गरेका रणनितीहरु कार्यान्वयनमा वकालत
- जिल्लामा रहेको OCMC को संस्थागत विकासमा सहयोग
- न्यायिक समितीको क्षमता विकास र महिला मैत्रि न्याय सम्पादनमा सहयोग र सहजीकरण

- स्थानिय तहमा निर्वाचित दलित महिला जनप्रतिनिधिहरुको भुमिका र जिम्मेवारी बारे क्षमता अभिवृद्धि
- पालिकासंगको सहकार्य र सहयोगमा श्रम डेस्क स्थापना
- ज्याला निर्धारण समितीमा श्रमिक महिलाहरुको सहभागिता सुनिश्चित गर्न ट्रेड युनियनहरुसंग अन्तरक्रिया
- श्रमिक महिलाको जिल्ला सम्मेलन
- श्रमिक महिलाहरुको अनुगमनको लागी ज्याला निर्धारण समितिलाई अनुगमन सम्बन्धि विशेष तालिम
- पालिका तहमा श्रम अनुगमन सयंन्त्रको गठन र परिचालनमा सहयोग
- शिक्षकहरुलाई वाल केन्द्रित सिकाइ तालिम संचालन र विद्यालयलाई सहयोग
- वाल क्लबको वार्षिक योजना अनुसारको अतिरिक्त क्रियाकलापहरुमा सहयोग
- अर्गानिक तरकारी खेतीको अवधारणा विकासमा सहयोग
- जनवायु न्याय अभियान संचालन
- पालिकाको विपद प्रतिकार्य योजना निर्माणमा सहयोग
- विदत प्रभावित समुदायलाई सहयोग
- पालिकाको महिलामैत्रि राहत मापदण्ड निर्माणमा सहयोग र सहजीकरण
- नागरिक मंच गठन र परिचालनमा सहयोग

**८) मुख्य उपलब्धिहरू (Key Results/Outcomes)**

**८.१) महिला अधिकारः**

**क) महिलाहरूको राजनीतिक सशक्तिकरणः**



दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा संगठित लक्षित समुदायमा स्थानीय शासन र सामुदायिक निर्णय प्रक्रियामा महिलाको राजनीतिक सहभागिता, नेतृत्व तथा प्रभावलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । कार्यक्रमको परिणामस्वरूपः

**संख्यात्मक (Quantitative) उपलब्धिहरू**

- १४ जना महिलाहरू स्थानीय जनप्रतिनिधिका रूपमा निर्वाचित भएका छन्, जसले औपचारिक राजनीतिक निर्णय प्रक्रियामा महिलाको उपस्थिति मजबुत बनाएको छ।
- ५३ जना महिलाहरू विद्यालय व्यवस्थापन समिति (SMC) तथा अभिभावक–शिक्षक संघ (PTA) मा प्रतिनिधित्व गर्दै आएका छन्।
- ४६३ जना महिलाहरू विभिन्न उपभोक्ता समितिहरूमा सक्रिय रूपमा सहभागी भएका छन्।
- ३५३ जना महिलाहरू सहकारीका सदस्य बनेका छन्, जसले बचत, ऋण तथा आर्थिक अवसरमा पहुँच विस्तार गरेको छ।
- ५४३ जना महिलाहरू विभिन्न राजनीतिक दलमा सक्रिय सदस्यका रूपमा आबद्ध भएका छन्।

**गुणात्मक / विवरणात्मक (Narrative) परिवर्तनहरू**

- राजनीतिक तथा नीति निर्माण प्रक्रियामा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढेको छ र उनीहरू आफ्नै पहलमा सामुदायिक विकास गतिविधिहरूको योजना, नेतृत्व र व्यवस्थापन गर्न सक्षम भएका छन्।

- सामाजिक सवाल उठाउने र समाधानका लागि पैरवी गर्ने महिलाको नेतृत्व क्षमता सुदृढ भएको छ, जसले स्थानीय शासनलाई थप उत्तरदायी र जवाफदेही बनाउन सहयोग पुऱ्याएको छ।
- समाजमा महिलाको नेतृत्व भूमिकाप्रति सम्मान र स्वीकार्यता बढेको छ, जसका कारण महिलाहरूको आत्मविश्वास, सार्वजनिक सहभागिता र निर्णय क्षमतामा वृद्धि भएको छ।
- स्थानीय सरकारले लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक हिंसा न्यूनीकरण, महिला उद्यमशीलता तथा आर्थिक सशक्तिकरणलाई प्राथमिकतामा राख्दै नीतिगत तहमा सकारात्मक पहल अघि बढाएका छन्। उदाहरणका लागि दलितसँग अध्यक्ष, महिलासँग उपाध्यक्ष जस्ता कार्यक्रमहरू पालिकामा सञ्चालनमा छन्।
- स्थानीय सरकार र महिला समूहहरूबीचको समन्वय तथा सहकार्य सुदृढ भएको छ, जसले सहभागितामूलक शासन र सहकार्यपूर्ण नेतृत्व अभ्यासलाई प्रवर्द्धन गरेको छ। महिलाको कार्यबोझ घटाउन कुटानी, पिसानी मिल सञ्चालन, समुदायमा धारा निर्माण, हाते ट्र्याक्टरको उपलब्धता तथा कृषि अनुदान सहयोगजस्ता पहलहरूलाइ उदाहरणको रूपमा लिन सकिन्छ।
- हिंसा तथा भेदभावविरुद्ध आवाज उठाउने महिलाको क्षमता बढेको छ, जसले महिला तथा बालिकाका लागि सुरक्षित र न्यायपूर्ण सामाजिक वातावरण निर्माणमा योगदान पुऱ्याएको छ। सम्बन्धित पालिकाहरूमा लैंगिक हिंसा निवारण कोष स्थापना, तथा प्रभावित महिलाहरूको सुरक्षाका लागि OCMC र सेफ हाउसको व्यवस्था गरिएको छ।

**ख) महिलाहरूको आर्थिक सशक्तिकरणः**

स्थानिय अधिकार कार्यक्रम मार्फत संचालन गरिएका उत्प्रेरित तालिम, सहजीकरणका साथै समुहरूलाइ उपलब्ध गराइएको घुम्तीकोष र विपन्न समुदायलाइ उपलब्ध गराइएको अनुदान सहयोगको उपयोगिता पश्चात महिलाहरूको आर्थिक अवस्था, उद्यमशीलता क्षमता तथा निर्णय गर्ने हैसियतमा उल्लेखनीय सुधार ल्याएको छ भने, गरिवीका कारण घरघरमा हुने हिंसा, लैंगिक विभेद र परनिर्भरतामा कमि आएको छ। आयआर्जन, व्यवसाय प्रवर्द्धन र स्थानीय सरकारसँगको पहुँचमार्फत महिलाहरू क्रमशः आत्मनिर्भर बन्दै गएका छन्, जसले उनीहरूको सामाजिक हैसियत र सुरक्षित जीवनयापनमा समेत सकारात्मक प्रभाव पारेको छ।



कार्यक्रमको परिणाम स्वरूपः

**संख्यात्मक (Quantitative) उपलब्धिहरू**

- ६२२ जना महिलाहरू विभिन्न आयआर्जनका गतिविधिहरूमा संलग्न भई आर्थिक रूपमा आत्मनिर्भर बन्न थालेका छन्।
- आयआर्जनमा संलग्न ६२२ जना मध्ये २७६ जना महिलाहरू साना व्यवसायहरू नियमित रूपमा सञ्चालन गरिरहेका छन्।
- स्थानीय सरकारको अनुदानमा पहुँच बढ्दै ६६ जना महिलाहरूले व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त गरेका छन्।
- ४४ जना महिलाका छोरी र बुहारीहरूले उच्च शिक्षा पूरा गरी गाउँमै ट्युसन कक्षा सञ्चालन गर्दै आम्दानी गर्न थालेका छन्।
- दिपायल सिलगढी नगरपालिका अन्तर्गत समूहका २१६ जना महिलाहरूले विवाह भएको ७ देखि ९ वर्षपछि विवाह दर्ता गरी नागरिकता प्राप्त गरेका छन्।
- महिला अधिकार मञ्च तथा युवासञ्जालको पहलमा २४३ जना बालबालिकाको जन्मदर्ता गराइएको छ।

**गुणात्मक / विवरणात्मक (Narrative) परिवर्तनहरू**

- आयआर्जनमा संलग्न महिलाहरूको आर्थिक हैसियतमा सुधार आएको छ, जसका कारण परिवारभित्र उनीहरूको भूमिका, निर्णय क्षमता र सम्मान बढेको छ।
- साना व्यवसाय सञ्चालन गर्ने महिलाहरू मासिक रु. ५,००० देखि रु. ३०,००० सम्म आम्दानी गर्न सफल भएका छन्, जसले पारिवारिक आर्थिक सुरक्षामा सुधार ल्याउनुका साथै बालबालिकाको शिक्षा र स्वास्थ्यमा लगानी बढेको छ।
- स्थानीय सरकारको अनुदान र सहकार्यले महिला उद्यमशीलता प्रवर्द्धनप्रति स्थानीय तहको सकारात्मक प्रतिबद्धता देखाएको छ।
- महिलाको आर्थिक सशक्तिकरणसँगै घरायसी तथा सामुदायिक तहमा हुने लैङ्गिक हिंसामा न्यूनीकरण भएको छ। आर्थिक रूपमा सक्षम महिलाहरू बढी आत्मविश्वासी बनेका छन् र आफ्ना अधिकारका लागि आवाज उठाउन सक्षम भएका छन्।
- विवाह दर्ता, नागरिकता तथा जन्मदर्ताजस्ता कानुनी पहिचान सुनिश्चित भएपछि महिलाहरू र बालबालिकाहरूको सामाजिक सुरक्षा, पोषण भत्ता तथा बैंकिङ सेवामा पहुँच विस्तार भएको छ।

**समग्र प्रभाव (Overall Impact):**

कार्यक्रमले महिलाहरूलाई आयआर्जनमा मात्र सीमित नराखी उद्यमशीलता विकास, वित्तीय आत्मनिर्भरता, शिक्षा, सामाजिक सम्मान र हिंसा न्यूनीकरणसँग जोड्दै दिगो आर्थिक सशक्तिकरणमा योगदान पुर्‍याएको छ।

**ग) सामाजिक परिवर्तन, न्यायमा पहुँच तथा संरक्षण प्रणालीमा सुदृढीकरणः**

सामाजिक तथा लैंगिक विभेद र हिंसा विरूद्दका मिहला अधिकार मञ्च, कशोरी समुह, यूवा संजालद्वारा संचालित अभियान तथा पैरवीका कार्यक्रमहरूले हिंसा प्रभावित महिला तथा किशोरीहरूको न्यायमा पहुँच, सुरक्षा, पुनर्स्थापना र सामाजिक स्वीकार्यतामा उल्लेखनीय सुधार ल्याएको छ। स्थानीय संरचना, न्यायिक समिती, महिला समूह, प्रहरी र समुदायको सामूहिक पहल मार्फत लैङ्गिक हिंसा न्यूनीकरण, बालविवाह रोकथाम, महिलाको आर्थिक पुनर्स्थापना र सम्पत्तिमाथिको अधिकार प्रवर्द्धनमा ठोस प्रगति भएको छ। यसले सुरक्षित, न्यायपूर्ण र लैङ्गिक समानतायुक्त सामाजिक वातावरण निर्माणमा योगदान पुर्‍याएको छ।

**मुख्य नतिजाहरू (Key Outcomes)**

**१) महिलाको न्यायमा पहुँच सुदृढ**

- समविकास केन्द्रको पहलमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा लैंगिक सम्वेदनशिल नीतिहरू निर्माण भइ कार्यान्वयनमा आएको छ। उक्त नीतिको कार्यान्वयनले स्थानिय सरकारको नीति तथा कार्यक्रममा लक्षित समुदायको माग सम्बोधन तथा न्यायमा पहुँच बृद्दि भएको छ।
- हालसम्म न्यायिक समिति र सम्बन्धित न्यायिक संयन्त्र (ओसिएमसी) मा दर्ता भएका ८३ वटा लैङ्गिक हिंसासम्बन्धी घटनाहरू न्याय सम्पादन भएका छन्।
- यसले हिंसा प्रभावित महिलाहरूको न्याय प्रणालीप्रति विश्वास बढाएको र स्थानीय तहमा जवाफदेहिता सुदृढ भएको देखाउँछ।




**२) लैङ्गिक हिंसा निवारण कोषको संस्थागत सुदृढीकरण र न्यायमा पहुँच सुधारः**

स्थानीय अधिकार कार्यक्रम अन्तर्गत दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र के.आई.सिंह गाउँपालिका तथा सम्बन्धित पालिकाका महिला तथा बालबालिका शाखासँगको सहकार्यमा स्थानीय तहको

लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारिता तथा कार्यान्वयन सुधारले स्थानीय सरकार, महिला समूह र समुदायबीच समन्वय सुदृढ गर्दै लैङ्गिक हिंसा निवारण संयन्त्रलाई थप प्रभावकारी बनाउन योगदान पुऱ्याएको छ।

**कार्यक्रमको परिणामस्वरूप:**

- कार्यक्षेत्रका तीनै पालिकामा लैङ्गिक हिंसा निवारण राहत कोष स्थापना भई सञ्चालनमा रहेको छ, जसले हिंसा प्रभावित महिलाका लागि संस्थागत संरक्षण संयन्त्र बलियो बनाएको छ।
- तीनै पालिकाले रु. १ लाख वरावरको लैङ्गिक हिंसा निवारण कोष औपचारिक रूपमा सञ्चालन गरी कार्यान्वयनमा ल्याएका छन्, जसले स्थानीय सरकारको दायित्व र स्वामित्वलाई मजबुत बनाएको छ । हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच बृद्दि गर्नका लागि सम विकास केन्द्र (इडीसी) ले दिपायल सिलगढी नगरपालिकाको लैंगिंक हिंसा निवारण कोषमा रू. ५० हजार सहयोग गरेको छ भने उक्त कोषमा दि.सि.न.पा.ले रू. २ लाख वजेट विनियोजन गरेको छ।




- लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधिको प्रभावकारी कार्यान्वयन र नीति पालनाका लागि स्थानीय तहहरू सकारात्मक भएकाले नागरिक निगरानी र जवाफदेहिता बढाएको छ।
- यस वर्षमात्र दिपायल सिलगढी नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषबाट ११ जना हिंसा प्रभावित महिलाले कानुनी उपचारका लागि आर्थिक सहयोग प्राप्त गरेका छन्, जस अन्तर्गत ६ जनाले रु. १५,००० का दरले, २ जनाले रु. २५,००० का दरले, र ३ जनाले रु. ३०,००० का दरले सहयोग प्राप्त गरेका छन् । यसै गरि के.आई.सिंह गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोषबाट ३ जना महिलाले रु. ८,००० का दरले, र ५ जना महिलाले रु. १०,००० का दरले आर्थिक सहयोग प्राप्त गरेका छन्, जसले तत्काल राहत तथा पुनर्स्थापनामा टेवा मात्र पुर्याएन बरू यसले पीडित महिलाको न्यायमा पहुँच र कानुनी उपचार सुनिश्चित गर्न सहयोग पुगेको छ।
- यस अवधिमा तीनै स्थानीय तहबाट महिला हिंसासम्बन्धी २१ वटा मुद्दा थप कानुनी कारबाहीका लागि जिल्ला तहमा सिफारिस (रिफर) गरिएको छ, जसले गम्भीर प्रकृतिका घटनामा उचित न्यायिक प्रक्रिया सुनिश्चित गरेको छ।

**समग्र प्रभाव (Overall Result):**

यी प्रयासहरूले स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको संस्थागत सञ्चालन, पीडित महिलाको न्यायमा पहुँच, तत्काल राहत तथा संरक्षण सेवाको प्रभावकारिता बढाउँदै लैङ्गिक हिंसा न्यूनीकरणका लागि दिगो प्रणाली निर्माणमा योगदान पुऱ्याएको छ।

**३) घरेलु हिंसा तथा सामुदायिक झैझगडामा कमी**

- समुदायमा हुने झैझगडा र महिलामाथि हुने घरेलु हिंसाका घटनाहरूमा उल्लेखनीय कमी आएको छ, जसले शान्तिपूर्ण र सुरक्षित सामाजिक वातावरण निर्माण भएको संकेत गर्दछ।
- दिपायल सिलगढी नगरपालिकाको वडा नं. ७ लाइ महिला समुह द्वारा मदिरा निषेध क्षेत्र घोषणा गरि करिव ५ लाख ४५ हजार बचत रकम समुहमा परिचालन गरि आयआर्जनका कार्यक्रमहरू संचालन गरिरहका छन।

**४) संस्थागत संरक्षण संयन्त्र निर्माण तथा सुदृढीकरण**

समविकास केन्द्रको पहलमा दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआइसिंह गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ, जसले हिंसा प्रभावित महिलालाई तत्काल राहत, पुनर्स्थापना तथा आर्थिक सहयोग उपलब्ध गराउने दिगो र संस्थागत संयन्त्र निर्माण गरेको छ । यसले स्थानीय सरकारको लैङ्गिक हिंसा निवारण प्रतिको प्रतिबद्धतालाई नीति तथा बजेट मार्फत संस्थागत गरेको छ।






साथै, जिल्लामा सुरक्षित अल्पकालीन महिला सेवा केन्द्र सञ्चालन कार्यविधि २०८१ पारित गरी प्रभावकारी कार्यान्वयन गरिएको छ । यस अन्तर्गत जिल्लामा आउने हिंसा प्रभावित महिलाहरूको सुरक्षा, संरक्षण तथा सेवा सुनिश्चित गर्न डोटी जिल्लाका नौ वटै स्थानीय तहले जिल्ला स्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित आवासगृहको व्यवस्थापनका लागि प्रति पालिका वार्षिक रु. २ लाखका दरले कुल रु. १८ लाख बजेट विनियोजन गर्न थालेका छन् । यस व्यवस्थाले हंसा प्रभावितहरूको संरक्षण र सेवाको दिगोपना सुनिश्चित गरेको छ।




यससँगै, सम विकास केन्द्र (EDC) नेपाल र जिल्ला अस्पताल डोटीको साझेदारीमा सामाजिक सुरक्षा इकाइ सञ्चालनमा आएको छ, जसले हिंसा प्रभावित महिलाहरूलाई समन्वयात्मक सेवा, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार तथा पुनर्स्थापना सहयोग उपलब्ध गराउँदै आएको छ। समग्रमा, यी पहलहरूले स्थानीय तहदेखि जिल्लास्तरसम्म बहु-सेवा संरचनासहितको समन्वयात्मक संरक्षण प्रणाली निर्माण गर्दै हिंसा प्रभावित महिलाहरूका लागि पहुँचयोग्य, सुरक्षित र दिगो संरक्षण संयन्त्र सुदृढ गरेको छ।

**५) हिंसा प्रभावित महिलाको आर्थिक पुनर्स्थापना**


४३ जना हिंसा प्रभावित महिलाहरूले लैङ्गिक हिंसा निवारण कोषमार्फत सीपमूलक तालिम र बीउपुँजी सहयोग प्राप्त गरेका छन्, जसले उनीहरूलाई आयआर्जनमा संलग्न भई सम्मानजनक जीवनयापन गर्न सक्षम बनाएको छ । यस वर्ष विभिन्न प्रकृतीका ११६ वटा घटनाहरु ओसिएमसि, सेफहाउस र न्यायिक समितीमा दर्ता भई निरूपण भएका छन।

**६) बालविवाह न्यूनीकरण तथा मर्यादित महिनावारी प्रवर्द्धनमा प्रगति**

समविकास केन्द्र (इडीसी) मार्फत संचालन गरिएको स्थानिय अधिकार कार्यक्रम अन्तरगत गरिएका अभियान, पैरवी र सामाजिक परिचालनले समुदायमा बालविवाह न्यूनीकरण, बालिकाको शिक्षामा निरन्तरता र मर्यादित महिनावारी अभ्यास प्रवर्द्धनमा उल्लेखनीय सकारात्मक परिवर्तन ल्याएको छ । युवा, किशोरी, महिला समूह तथा स्थानीय संरचनाको सक्रिय सहभागिताले सामाजिक मुल्यमान्यतामा सुधार ल्याइ बालअधिकार र लैङ्गिक समानता प्रवर्द्धनमा ठोस योगदान पुगेको छ।

कार्यक्रमको परिणाम स्वरूपः

- समुदायमा बालविवाहका घटनामा उल्लेखनीय कमी आएको छ। युवाहरूको पहलमा के.आई.सिंह गाउँपालिका वडा नं. ७ की सृजना नेपालीको वाल बालविवाह रोकिएपछि नियमित रूपमा विद्यालय जान थालेकी छन्। यो व्यक्तिगत स्तरमा सफल संरक्षण अभ्यासको सकारात्मक उदाहरण बनेको छ। यसै गरि कार्यक्रम अवधिभर युवा, संजाल किशोरी समुहको पहलमा ११३ वटा बालविवाह रोकिएका छन्, र सम्बन्धित बालिकाहरू विद्यालय शिक्षामा निरन्तर अध्ययन गरिरहेका छन्, जसले बालअधिकार संरक्षणलाई थप सुदृढ बनाएको छ।
- महिला तथा किशोरीहरूले महिनावारीसँग सम्बन्धित विभेद र कुरीतिका विरुद्ध खुलेर आवाज उठाउन थालेका छन्। यस पहलमा स्थानीय तह, प्रहरी, सम्बन्धित सरोकारवाला निकाय तथा समुदायका सामाजिक अगुवा व्यक्तिहरू जस्तै, धामी, झाँक्री, मुखिया र स्थानीय नेतृत्वको सक्रिय सहयोग र योगदान प्राप्त भएको छ, जसले समुदायमा सकारात्मक सामाजिक रूपान्तरणलाई बलियो बनाएको छ।
- यस वर्षदेखि कार्यक्षेत्रमा महिला तथा किशोरीहरूको नेतृत्वमा छाउपडी प्रथा अन्त्य गर्दै 'मर्यादित महिनावारी अभियान' सञ्चालन गरिएको छ, जसले सुरक्षित र सम्मानजनक महिनावारी व्यवस्थापनको अभ्यासलाई संस्थागत गर्दै लगेको छ।
- कार्यक्षेत्रका ६४३ घरधुरीका महिला तथा वालिकाहरूले महिनावारीका समयमा दूध, दही सेवन गर्ने अभ्यास अपनाएका छन्, र सबै महिलाहरू सुरक्षित स्थानमा सुत्ने गरेका छन्, जसले स्वास्थ्य, सुरक्षा र मर्यादामा उल्लेखनीय सुधार भएको देखाउँछ। यस भन्दा अघि महिनावारी भएको समयमा महिलाहरूले घरवाहिर बनाइएको सानो गोठमा सुत्नु पर्दथ्यो, सुख्खा खाना खानु पर्दथ्यो भने, धेरैजसो घरवाहिरको काम गर्नु पर्दथ्यो जसले उनिहरूको स्वास्थ्यमा नकारात्मक असरहरू देखिदै आएको थियो। अहिले महिनावारी भएको अवस्थामा वालिकाहरू विध्यालय जाने, सुरक्षित कोठामा सुत्ने, पोषिलो खानेकुरा खाने र घरायसी काममा सहयोग गर्ने वातावरण सृजना भएको छ।



सबा अवरुद्ध भएपछि पुर्वोउत्तर क्षेत्रका ११ गाविसका स्थानियबासीन्दाहरु टेलीफोन

सहयोग नगरेकै कारण सेवा अवरुद्ध हुने गरेको बताउँनुभयो।

छाउपडि प्रथामा कमी

सृजना समाचारदाता

डोटी, १७ माघ

डोटीमा छाउपडि प्रथामा कमि आएको ...एक कार्यक्रमका सहभागिहरुले ...ताएका छन्।

छाउपडि प्रथा बिरुद्ध अभियान ...रीयोजना छाउपडी प्रथा निबारण ...म्बन्धि गैरसरकारी निकायसँगको ...अन्तरक्रियामा सो कुरा बताएका हुन।

छाउपडी प्रथालाई कमि ल्याउन अहिले डोटी जिल्लामा बिभिन्न संघ-सँस्थाहरु सक्रियरुपमा लागि परेका महिला तथा बालबालिका कार्यलय डोटीका प्रमुख दुर्गा भण्डारी बरालले जानकारी दिनुभयो।

महिला तथा बालबालिका कार्यालय र सम बिकास केन्द्र डोटीले अहिले १६ वटा गाबिसमा छाउपडि प्रथा सम्बन्धि कार्यक्रम गर्दै आएको समेत भण्डारीले बताउनु भयो।

**समग्र प्रभाव (Overall Result):**

यी उपलब्धिहरूले समुदायमा बालविवाह न्यूनीकरण, बालिकाको शिक्षामा निरन्तरता, र मर्यादित महिनावारी अभ्यासलाई प्रवर्द्धन गर्दै लैङ्गिक समानता, बाल संरक्षण र सामाजिक न्यायलाई सुदृढ बनाएको छ।

**७) महिलाको हेरचाहमुलक कार्यको पुनर्वितरण र कार्यबोझमा उल्लेखनीय कमी**

महिलाको पारिश्रमिक विनाको हेरचाह तथा घरायसी (सेवामूलक कार्य) कार्यबोझ घटाउन र आर्थिक अवसरहरु सृजना गर्न समुदायमा आधारित विभिन्न विकल्पहरु निर्माण भएका छन्। स्थानीय अधिकार कार्यक्रममार्फत महिलाको पारिश्रमिक विनाको सेवामूलक कार्यको पहिचान, सम्मान र पुनर्वितरण र कार्यबोझ न्यूनीकरणमा ठोस प्रगति भएको छ। सचेतना अभिवृद्धि, घरपरिवारभित्रको जिम्मेवारी बाँडफाँड तथा स्थानीय सरकारसँगको सहकार्यमा वैकल्पिक पूर्वाधार र सेवाहरू विस्तार गरिँदा महिलाहरूको समय उपयोग, आर्थिक सहभागिता र जीवनस्तरमा सकारात्मक परिवर्तन आएको छ।

महिलाको कार्यबोझमा कमि ल्याउन समुहका महिलाहरुले लैगिक मैत्रि योजनाहरु निर्माण गरि वडा तथा पालिकाहरूमा पेश गर्ने अभ्यासहरू शुरू गरेका छन। यस वर्षमात्र कार्यक्षेत्रका महिलाहरुले २७ वटा महिलामैत्रि योजनाहरु निर्माण गरि पेश गरेका थिए भने, २० वटा योजनाहरु स्थानिय सरकारबाट पास भएका थिए। पास भएका योजनाहरुमा ३ वटै कार्यक्षेत्रका महिलाहरुले ५३ लाख ५० हजार रकम प्राप्त गर्न सफल भए। हाल पालिकाहरु द्वारा कृषकहरुलाई फलफुल तथा तरकारीका बिउबिजन र कृषि सामाग्रीहरु वितरण भई रहको छ। यसै गरि व्यवसायिक कृषक तथा उद्यमिहरुलाई पालिका द्वारा १८ जनालाई अनुदान सहयोग गरिएको छ।

**मुख्य नतिजाहरू (Key Results)**

- प्रारम्भिक सर्वेक्षणले महिलाहरूले दैनिक २०–२२ घण्टा काम गर्नुपर्ने अवस्था देखाएकोमा, कार्यक्रम संचालन पश्चात कार्यक्षेत्रका ६०० घरधुरीका पुरुषहरूले महिलाले गर्दै आएका घरायसी तथा स्याहार–सुसार सम्बन्धी सेवामूलक कामको पहिचान गरी जिम्मेवारी बाँडफाँड गर्न थालेका हुन । यसले लैङ्गिक भूमिकामा व्यवहारगत परिवर्तन ल्याएको छ ।
- घरायसी कामको पुनर्वितरण भएपछि महिलाहरू उत्पादनमूलक आयआर्जन गतिविधिमा संलग्न हुन थालेका छन्, र परिवारका पुरुष सदस्यहरूले सहयोगी भूमिका निर्वाह गर्न थालेका छन् । यसले महिलाको आर्थिक सशक्तिकरण र पारिवारिक निर्णय प्रक्रियामा सहभागिता बढाएको छ ।
- स्थानीय सरकारले पनि महिलाको पारिश्रमिक विनाको सेवामूलक कार्यको सवाललाइ नीति तथा कार्यक्रममा सम्बोधन गर्दै कार्यबोझ घटाउने वैकल्पिक उपायहरूमा सहकार्य गर्न थालेको छ, जसले दिगो संस्थागत परिवर्तनको आधार तयार गरेको छ ।
- महिलाको कार्यबोझ घटाउन स्थानीय सरकारसँगको सहकार्यमा कुटानी पिसानी मिल सञ्चालन, थ्रेसर, हाते ट्र्याक्टरको प्रयोग, शिशु स्याहार केन्द्र स्थापना र संचालन तथा खानेपानी धारा निर्माण जस्ता संरचनात्मक उपायहरू कार्यान्वयन भएका छन्, जसले समय बचत र कार्य बोझ न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्‍याएको छ ।
- यसै गरि समविकास केन्द्र तथा दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिकाको सहकार्यमा दुइ जना एकल महिलाहरूलाइ अटो सहयोग गरिएको थियो । एकल महिलाको आर्थिक अवस्थामा सुधार ल्याइ उनिहरूको जिविकोपार्जनमा सहयोग पुर्याउन र अवसर पाए महिलाहरुले पनि पुरुष सरह काम गर्न सम्छन भन्ने कुरालाई प्रमाणित गर्न सम विकास केन्द्रले १० जना महिलाहरूलाइ अटो चालक तालिम प्रदान गरि दि.सि.न.पा. र शिखर न.पा. को सहकार्यमा दुबै पालिकाबाट एकएक जना गरि २ जना तालिम प्राप्त एकल महिलाहरुलाइ अटो हस्तान्तरण गरिएको थियो । अहिले दुबै जनाले दैनिक २ देखि ३ हजार सम्म कमाउन थालेपछि उनीहरुको जिवन सहज भएको छ । अवसर पाए महिलाहरुले पनि पुरुष सरह काम गर्न सम्छन भन्ने कुरालाई उनिहरूले प्रमाणित गरिदिएका छन । यसरी महिलाहरूले सहज रूपमा अटो चलाइर् अम्दानी गर्न थाले पछि अटो चाकल तालिम र अटो सहयोग गर्न शिखर नगरपालिकाले १५ लाख बजेट विनियोजन गरिसकेको छ ।



**पूर्वाधार सुधारबाट समय बचत र आर्थिक अवसर**

- के.आई.सिंह गाउँपालिका वडा नं. ७ (थली र बलायरगाउँ) र दिपायल सिलगढी नगरपालिका वडा नं. ५ (बागठाटा) मा खानेपानी आयोजना सम्पन्न भएपछि ११९ घरपरिवारले घर नजिकै सुरक्षित खानेपानी सुविधा प्राप्त गरदै आइरहेका छन् ।

- यसले महिलाहरूको दैनिक ३–५ घण्टा समय बचत गरेको छ, र बचत भएको समय उनीहरूले तरकारी खेती, साना व्यवसाय तथा सामुदायिक गतिविधिमा उपयोग गर्न थालेका छन् ।

**कुटानी–पिसानी मिलबाट कार्यबोझ न्यूनीकरण**

- के.आई.सिंह गाउँपालिका र संस्थाको सहकार्यमा स्थापना गरिएको कुटानी–पिसानी मिलबाट ४०० घरधुरी लाभान्वित भएका छन् ।
- यसले महिलाहरूको दैनिक ३–४ घण्टा समय बचत गरेको छ, जसलाई महिलाहरूले बैठक, सामुदायिक गतिविधि, व्यक्तिगत सरसफाइ तथा तरकारी खेतीमा उपयोग गर्न थालेका छन् ।



**महत्वपुर्ण परिवर्तनका कथाहरू: (Most Significant Change – MSC)**

**१) "घरको काममै सीमित भनिएकी महिला, आज समुदायकी निर्णयकर्ता"**



डोटी जिल्लाको कार्यक्षेत्रमा रहने धनसरा आउजी पहिले घरायसी काम, खेतीपाती र परिवारको निर्भर जीवनमा सीमित थिइन् । समुदायमा महिलाहरूले बाहिर गएर काम गर्नु, बजारमा व्यवसाय गर्नु वा नयाँ सिप सिक्नु उपयुक्त हुँदैन भन्ने गहिरो सामाजिक मान्यता थियो। विशेषगरी सवारी चलाउने काम त केवल पुरुषहरूको जिम्मेवारी मानिन्थ्यो। धनसराका लागि पनि आम्दानी गर्ने, आत्मनिर्भर हुने वा परिवारको निर्णय प्रक्रियामा प्रभाव राख्ने कुरा कल्पनाभन्दा बाहिर थियो ।

परियोजनाको सहयोग र स्थानीय तहसँगको सहकार्यपछि धनसराले महिलाको योजना अन्तर्गत सञ्चालन गरिएको अटो चालक तालिममा सहभागी हुने अवसर पाइन् । तालिमको सुरुवातमा उनलाई परिवार र समुदायबाट "महिलाले गाडी चलाउन सक्दैन" भन्ने आलोचना र शंका झेल्नुपर्‍यो । तर निरन्तर अभ्यास, आत्मविश्वास र परियोजनाबाट प्राप्त हौसलाले उनले सफलतापूर्वक तालिम पूरा गरिन् ।

आज सिलगढी नगरपालिकामा धनसरा आउजी र शिखर नगरपालिकामा विष्णा कामी पहिलो महिला अटो चालक बनेकी छन् । अटो चलाएर उनिहरूले नियमित आम्दानी गर्न थालेकी छन्, जसले घरखर्च चलाउनुका साथै बचत गर्न र भविष्यको योजना बनाउन सम्भव भएको छ । अझ महत्वपूर्ण परिवर्तन भनेको, धनसराले अटो चलाउने सिप केवल आफै सीमित नराखी आफना छिमेकका २ जना अन्य महिलालाई पनि अटो चलाउने सिप सिकाइ रहेकी छन् । शिखर नगरपालिकाले थप महिला अटो चालकको संख्या बढाउन बजेट विनियोजन गर्ने योजना बनाएको छ ।

धनसरा र विष्णाको सफलताले समुदायमा गहिरो प्रभाव पारेको छ । पहिला महिलाहरूलाई बजारमा कुनैपनि काम गरेको हेर्नै नचाहने समुदाय आज महिलाहरूलाई सिप सिक्न र व्यवसाय गर्न प्रोत्साहित गर्न थालेका छन । परिवारका सदस्यहरूले उनको कामलाई सम्मान गर्न थालेका छन् र घरायसी जिम्मेवारी पनि बाँडफाँड भएको छ ।

यो परिवर्तन केवल एक व्यक्तिको सफलता मात्र होइन; यो लैङ्गिक भूमिकामा आएको संरचनागत परिवर्तनको संकेत हो । सम विकास केन्द्रले स्थानीय सरकारसँग सहकार्य गर्दै सिर्जना गरेको सुरक्षित वातावरण, सीप विकास र नीतिगत समर्थनले महिलालाई जोखिमबाट उत्पादनमुलक भुमिकाको अवसर तर्फ डोर्‍याएको छ । धनसरा र विष्णाको यो सहाश र परिवर्तनले देखाउँछ कि जब महिलालाई अवसर, सीप र संस्थागत सहयोग प्रदान हुन्छ, उनीहरू केवल आफ्नो जीवन परिवर्तन गर्दैनन् बरू समुदायको सोच, शक्ति सम्बन्ध र भविष्यको दिशा नै बदल्न सक्छन् भन्ने कुरालाइ प्रमाणित गरेको छ ।

**समग्र प्रभाव (Overall Outcome)**

कार्यक्रमले घरायसी कार्यको लैङ्गिक पुनर्वितरण, समय बचत गर्ने पूर्वाधार विस्तार र स्थानीय सरकारसँगको सहकार्य मार्फत महिलाको कार्यबोझ घटाउँदै उनीहरूको आर्थिक सहभागिता, सामाजिक संलग्नता र जीवनस्तर सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसले लैङ्गिक समानता, समय न्याय (time justice) र महिलाको आर्थिक सशक्तिकरणलाई व्यवहारमै प्रवर्द्धन गरेको छ ।

**८) महिलाको सम्पत्तिमाथिको अधिकार प्रवर्द्धन**

- महिलाको सम्पती माथिको अधिकारका विषयमा स्थानिय स्तरमा गरिएका पहल र अभियानहरूले महिलाहरूलाइ सम्पती माथिको अधिकारका विषयमा सचेत बनाएको छ । उनिहरूले पुरूषको नाममा भएको जग्गा धनी पुर्जा र नयाँ जग्गा जमिन खरिद गर्दा आफनो नाममा धनी पुर्जा हुनुपर्ने सहजीकरणले हालसम्म ११३ जोडीले संयुक्त लालपुर्जा (Joint Land Ownership) बनाउन सफल भएका छन । जसले महिलाको सम्पत्ति माथिको अधिकार, आर्थिक सुरक्षा र पारिवारिक निर्णय प्रक्रियामा सहभागिता सुदृढ गरेको छ ।

**मुख्य परिवर्तनको कथा: "आफ्नै नाममा लालपुर्जा, हातमा हरित जीविकोपार्जन र मनमा भविष्य"**

डोटी जिल्लाको एक ग्रामीण बस्तीमा बसोबास गर्ने तारा वि.क.को जीवन केही वर्षअघिसम्म आर्थिक अभाव, सामाजिक निर्भरता र अनिश्चित भविष्यले घेरिएको थियो । घरखर्चका लागि उनी पूर्ण रूपमा श्रीमान् र ससुराली परिवारमा निर्भर थिइन् । आफ्नै नाममा सम्पत्ति हुनु त परै जाओस्, आफ्ना निर्णयहरूमा उनको आवाज पनि सुनिँदैनथ्यो । विद्यालय छोडेको अवस्थामा पढाइ पुनः सुरु गर्ने चाहना भए पनि आर्थिक कारणले त्यो सम्भव थिएन ।

स्थानिय अधिकार मार्फत स्थानीय तहसँगको समन्वय र सहकार्यमा सञ्चालन गरेको उद्यमशीलता विकास तालिम र अर्गानिक तरकारी खेती प्रवर्द्धन कार्यक्रममा तारा सहभागी भइन् । तालिम मार्फत उनले अर्गानिक तरकारी खेतीका विधि, गोठेमल व्यवस्थापन, बजार पहिचान र लागतमूल्य निर्धारण जस्ता व्यवहारिक सिपहरू सिकिन् । सुरुमा सानो जग्गामा परीक्षणका रूपमा खेती सुरु गरेकी उनले विस्तारै उत्पादन बढाइन् र नजिकको बजारमा अर्गानिक तरकारी बिक्री गर्न थालिन् ।

नियमित आम्दानी हुन थालेपछि ताराको जीवनमा निर्णायक मोड आयो । केही समयमै उनले आफ्नै कमाइबाट जग्गा खरिद गरी आफ्नो नाममा लालपुर्जा प्राप्त गरिन् । उनि लगायत ११३ जना महिलाहरूले एकल र संयुक्त लालपुर्जा बनाइ सम्पती माथिको अधिकारलाइ सुनिश्चित गर्रन सफल भएका छन । यो केवल सम्पत्ति स्वामित्वको कुरा मात्र थिएन, यो उनीहरूको सामाजिक हैसियत र आत्मसम्मानको ऐतिहासिक परिवर्तन थियो । जग्गामा स्वामित्व प्राप्त गरेपछि परिवार र समुदायको निर्णय प्रक्रियामा उनीहरूको आवाज बलियो बन्न थालेको छ ।

आम्दानी स्थिर भएपछि ताराले पहिले आर्थिक अभावका कारण छोड्नुपरेको औपचारिक शिक्षालाइ पुनः निरन्तरता दिइन् । हाल उनी पढाइसँगै अर्गानिक तरकारी खेतीलाई व्यवसायिक रूपमा अगाडि बढाइरहेकी छन् । हरित जीविकोपार्जन मार्फत उनले रासायनिक मलको प्रयोग घटाउँदै वातावरण संरक्षणमा योगदान पुऱ्याएकी छन्, साथै छिमेकी महिलाहरूलाई पनि अर्गानिक खेतीतर्फ आकर्षित गरिरहेकी छन् ।

आज तारा केवल सफल कृषक मात्र होइनन्, उनी समुदायका लागि प्रेरणाको स्रोत बनेकी छन् । पहिला "महिलाले जग्गा किन्न सक्दैनन्, पढाइ र व्यवसाय सम्भव छैन" भन्ने सोचमा परिवर्तन आएको छ । उनको यात्राले देखाएको छ कि उपयुक्त सीप, नीतिगत सहयोग र स्थानीय सरकारसँगको सहकार्य प्राप्त हुँदा महिला केवल आर्थिक रूपमा सशक्त हुँदैनन्, उनीहरू शिक्षा, वातावरण र सामाजिक रूपान्तरणका संवाहक पनि बन्न सक्छन भन्ने सोचलाइ सरस्वतीले प्रमाणित गरेकी छिन ।

**९) अनौपचारिक श्रमिक महिला अधिकार र न्याय सुनिश्चिततामा सुदृढ**

स्थानीय अधिकार कार्यक्रम अन्तर्गत सामाजिक परिचालन, श्रमिक महिला संगठन निर्माण, सशक्तिकरण, कानुनी सचेतना र स्थानीय तहसँगको सहकार्य मार्फत अनौपचारिक श्रमिक महिलाका अधिकार संरक्षण, न्यायमा पहुँच र श्रम अनुगमन प्रणाली

संस्थागत गर्न महत्वपूर्ण प्रगति भएको छ। श्रमिक महिलाको सामूहिक पहल, निरन्तर पैरवी र संरचनागत हस्तक्षेपका कारण ज्याला वृद्धि, श्रम सुरक्षा र सेवा पहुँचमा ठोस प्रगती भएको छ। दिपायल सिलगढी नगरपालिकामा उपप्रमुखको संयोजकत्व र श्रमिक महिलाहरूको सहभागतिमा ५ सदस्यीय श्रम अनुगमन समिती गठन भै कार्यक्षेत्रमा नियमित रूपमा श्रम अनुगमन हुने अभ्यास संस्थागत भएको छ।

**मुख्य नतिजाहरू (Key Results)**




- श्रमिक महिला संगठनको सक्रिय पहल र सामदाजिक परिचालन मार्फत ६३ जना श्रमिक महिलाले श्रम ठगी सम्बन्धी मुद्दामा न्याय प्राप्त गरेका छन्, जसले न्यायमा पहुँच र महिला श्रमिकहरूलाइ श्रमिक अधिकारप्रति विश्वास बढाएको छ।
- श्रमिक महिलाका मुद्दालाई स्थानीय तहले अपनत्व लिई श्रम अनुगमन संयन्त्रको निर्माण र श्रम अनुगमन प्रणालीलाई संस्थागत अभ्यासको रूपमा अवलम्बन गर्न थालेको छ, जसले श्रम शोषण न्यूनीकरणमा योगदान पुऱ्याएको छ।
- श्रमिक महिला समूहले वडा कार्यालय, नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा ७ बुँदे मागपत्रसहित दबाबमूलक कार्यक्रम सञ्चालन गरेका थिए, जसका कारण श्रमिक महिलाको जिल्ला ज्याला दरमा वृद्धि भएको छ।
- श्रमिक अभियान, छलफल सत्र तथा अनुगमन गतिविधिका कारण ठेकेदारहरूले श्रमिक महिलाको पारिश्रमिक घरमै आएर भुक्तानी गर्ने अभ्यास सुरु गरेका छन्, जसले भुक्तानी ढिलाइ र ठगीको जोखिम घटाएको छ।
- अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूको ज्यालामा बृद्धि भएको छ। छोटो समयका लागि रु. ६०० बाट ७०० सम्म, र साथमा रु. ५० बराबरको खाजा उपलब्ध गराउने ब्यबस्था गरिएको छ भने, लामो समयका लागि रु. ६५० ज्याला, साथै ओभरटाइम भुक्तानी पनि सुरु भएको छ।
- दिपायल सिलगढी नगरपालिकामा होटल तथा पसलमा काम गर्ने १० जना श्रमिक महिलाको तलब रु. ६,००० बाट १०,००० मा बढेको छ। यसले महिलाको आर्थिक अधिकार, सम्मानजनक कामको अधिकार (Decent Work), र लैङ्गिक समानता सुनिश्चित गरेको छ।
- दिपायल सिलगढी नगरपालिकाले श्रम अनुगमन निरन्तरताका लागि रु. २,२५,००० बजेट विनियोजन गरेको छ, जसले स्थानीय तहको दायित्व र संस्थागत प्रतिबद्धतालाइ बलियो बनाएको छ।
- श्रमिक महिलाको निरन्तर दबाबपछि यस आर्थिक वर्षदेखि जिल्ला स्तरीय ज्याला निर्धारण समितिमा २ जना श्रमिक महिलालाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइएको छ, जसले नीति निर्माणमा श्रमिक महिलाको प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित गरेको छ।

**महतवपुर्ण परिवर्तनः "ठगीबाट न्यायसम्मः अनौपचारिक श्रमिक महिलाको सामूहिक आवाजले बदलेको श्रम व्यवस्था"**

डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका आसपासका निर्माण तथा कृषि क्षेत्रमा काम गर्ने सिता विक वर्षौंदेखि अनौपचारिक श्रमिकको रूपमा काम गर्दै आइरहेकी थिइन्। दैनिक ज्यालामा काम गरे पनि पारिश्रमिक समयमै नपाउने, कामको दिन गन्तीमा ठगी हुने र आवाज उठाउँदा कामबाट निकालिने डर उनका लागि सामान्य थियो। श्रम ऐन, न्यूनतम ज्याला वा उजुरी प्रक्रियाका बारेमा उनी लगायत उनका समुहका सदस्यहरू अनभिज्ञ थिए, र "गारिब महिलाले न्याय पाउँदैन" भन्ने सोच उनीहरूको मनमा बसेको थियो।

स्थानिय अधिकार कार्यक्रम अन्तर्गत गठन गरिएको श्रमिक महिला संगठनमा सिता वि.क. सहभागी भइन् । संगठन मार्फत उनले श्रम अधिकार, न्यूनतम ज्याला, उजुरी प्रक्रिया र सामूहिक पैरवीको महत्वबारे कानुनी सचेतना प्राप्त गरिन् । छलफल सत्र र सामाजिक परिचालनले उनलाई आफ्नै अनुभवलाई अन्य श्रमिक महिलासँग छलफल गर्न हौसला दियो । यसले व्यक्तिगत डरलाई सामूहिक शक्तिमा रूपान्तरण मात्र गरेन बरू उनी श्रमिक महिलाहरूको हक अधिकारका लागि नेतृत्व गर्ने अभियान्ता बन्न सफल भइन ।



सिता वि.क. सहित श्रमिक महिला समूहले पारिश्रमिक नदिएको विषयमा ठेकेदार विरुद्ध उजुरी दर्ता गरिन । स्थानीय तह र सम्बन्धित निकायसँगको समन्वयमा उक्त मुद्दाको सुनुवाइ भयो र अन्ततः उनि लगायत उनका समुहका ६३ जना श्रमिक महिलाहरूले आफ्नो बाँकी पारिश्रमिक प्राप्त गरिन् । यो केवल आर्थिक राहत मात्र थिएन, यो अनौपचारिक श्रमिक महिलाका लागि न्याय सम्भव छ भन्ने विश्वासको पुनःस्थापना थियो ।

सिता वि.क.को नेतृत्वमा समूहको निरन्तर दबाब र ७ बुँदे मागपत्र सहितका दबाबमूलक कार्यक्रमपछि जिल्ला स्तरीय ज्याला दरमा वृद्धि भयो । (जसमा छोटो समयको कामको लागी ७ सय बाट ७ सय ५० ज्याला र रु. ५० बरावरको खाजा उपलब्ध गराउने र लामो समयको लागी रू. ७०० ज्याला पाउने गरेका छन ।) दिपायल सिलगढी नगपालिकामा श्रम अनुगमन संयन्त्रको निर्माण भइ विभिन्न समयमा विभिन्न स्थानहरूमा श्रम अनुगमन गर्ने प्रणालीको विकास भएकोछ । श्रम अनुगमनको श्रमिक अभियन्ता र दिपायल सिलगढी नगरपालिकाको पहलमा ४६ जना श्रमिक महिलाहरुको श्रमिक विमा गरिएको छ ।

ठेकेदारहरूले श्रमिक महिलाको पारिश्रमिक घरमै आएर भुक्तानी गर्ने वातावरण सुरु भएको छ, जसले भुक्तानी ढिलाइ र ठगीको जोखिमलाइ घटाएको छ । अझ महत्वपूर्ण परिवर्तन भनेको, स्थानीय सरकारले श्रम अनुगमन संयन्त्रलाई संस्थागत अभ्यासका रूपमा अवलम्बन गर्न रू. २,२५,००० बजेट विनियोजन गर्नु र जिल्ला स्तरीय ज्याला निर्धारण समितिमा २ जना श्रमिक महिलालाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउनु हो ।

आज सिता केवल श्रमिक मात्र होइनन्, उनी श्रमिक महिला अभियान्ता, संगठनकी एक सक्रिय अगुवा र प्रदेश स्तरिय श्रमिक महिला संगठनको अध्यक्ष समेत बनेकी छिन् । उनि धेरै पटक जिल्ला, प्रदेश र राष्टिय स्तरका सभा सम्मेलनमा सहभागि भइ श्रमिकहरूको हक अधिकारका वारेमा आवाज उठाउदै आएकी छिन । पहिले डराएर चुप लाग्ने उनि लगायत उनका समुहका श्रमिक महिलाहरू अहिले आफ्ना अधिकारका लागि संगठित रूपमा आवाज उठाउन सक्षम भएका छन् । उनीहरूको सामूहिक पहलले अनौपचारिक श्रम क्षेत्रलाई बढी सुरक्षित, मर्यादित र जवाफदेही बनाउने दिशामा ठोस परिवर्तन ल्याएको छ ।

यो परिवर्तन अनौपचारिक श्रमिक महिलालाई "अदृश्य श्रमिक" बाट अधिकार सचेत, संगठित र नीति निर्माणमा आवाज राख्ने नागरिकका रूपमा रूपान्तरण गर्नु हो । यो परिवर्तनले केवल व्यक्तिगत र सामिहक न्याय सुनिश्चित गरेको छैन, यसले स्थानीय तहमा दिगो श्रम अनुगमन प्रणाली र न्यायपूर्ण श्रम वातावरण निर्माणको आधार तयार गरेको छ ।

**समग्र प्रभाव (Overall Outcome)**

यी प्रयासहरूले अनौपचारिक श्रमिक महिलाका श्रम अधिकार, न्यायमा पहुँच, सामाजिक सुरक्षा र कानुनी पहिचानलाई सुदृढ गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रम वातावरण निर्माणमा ठोस योगदान पुऱ्याएको छ । साथै स्थानीय तहमा श्रम अनुगमन प्रणाली संस्थागत भई दिगो सुधारको आधार तयार भएको छ ।

### १०) डोटीमा जातीय विभेद तथा छुवाछुत न्यूनिकरणः

डोटी जिल्ला सुदूरपश्चिम नेपालको पहाडी क्षेत्र हो, जहाँ परम्परागत सामाजिक संरचना अझै पनि बलियो रूपमा विद्यमान छ । यहाँ जातीय विभेद र छुवाछुत ऐतिहासिक रूपमा जरा गाडेर बसेको सामाजिक समस्या हो । विशेषगरी दलित समुदायले सामाजिक, आर्थिक तथा सांस्कृतिक तहमा विभिन्न प्रकारका भेदभावहरूको सामना गर्नु पर्ने अवस्था थियो ।

सार्वजनिक धारा, मन्दिर, होटल, भोज–भतेर, चिया पसल तथा सामाजिक–धार्मिक कार्यक्रममा दलित समुदायमाथि हुने असमान व्यवहार समविकास केन्द्र स्थापना हुनु अघि चरम अवस्थामा रहेको थियो । अन्तरजातीय विवाहप्रति नकारात्मक दृष्टिकोण, सामाजिक बहिष्करण, अपमानजनक शब्द प्रयोग तथा श्रमको अवमूल्यन जस्ता व्यवहारहरूले जातीय विभेदलाई अझैपनि निरन्तरता दिइदै आएको छ ।



यसका साथै गरिबी, अशिक्षा, चेतनाको कमी, परम्परागत मान्यता, कमजोर कानुनी कार्यान्वयन र सामाजिक मौनताले जातीय विभेदलाई थप जटिल बनाएको अवस्था छ । महिलामाथि हुने दोहोरो विभेद (जाति र लिंग दुवैका आधारमा) ले दलित महिलाको अवस्था अझ कमजोर बनाएको पाइन्छ ।

**जातीय विभेद तथा छुवाछुतको न्यूनिकरणका प्रयासः**

नेपालको संविधान, छुवाछुत तथा जातीय विभेद (कसूर र सजाय) ऐन, २०६८ ले जातीय विभेदलाई कानुनी अपराध घोषणा गरेपछि डोटी जिल्लामा पनि यसको न्यूनिकरणतर्फ केही सकारात्मक प्रयासहरू भएका छन् । सम विकास केन्द्रले २०५८ सालमा जातिय छुवाछुत विरूद्द् र दलित अधिकारको लागि पहिलो पटक डोटीको सिलगढीमा दलित आयोग, जिल्ला प्रशासन कार्यालय डोटी, दलित संघसंस्थाहरूको सहकार्यमा सहभोजको आयोजना गरेको थियो । त्यस पछि क्रमश जातीय विभेद विरूद्द् अभियानहरू गर्दै २०६३ साल भाद्र महिना देखि अशोज महिना सम्म निरन्तर मन्दिर मन्दिर प्रवेशको आन्दोलनको अगुवाइ गरि दलित गैरदलित दुबैको सहमतीमा पहिलो पटक दलितहरूले डोटीको प्रशिद्द शैलेश्वोरी मान्दिर प्रवेश गर्न सफल भएका थिए । उक्त आन्दोलनमा कार्यक्षेत्रका सम्पुर्ण दलित समुदाय, दलित संघसंस्था, मानवअधिकारवादी संघसंस्थाहरूको महत्वपुर्ण योगदान रहेको थियो । आन्दोलनको क्रममा इडीसीमा करिव १९ लाख वरावरको क्षती भएतापनि डोटी मात्र नभएर सुदुरपश्चिमका अन्य जिल्लाहरूका लागि यो आन्दोलन उदाहरणिय बनेको थियो । जसको प्रभाव सिंगो सुदुरपश्चिमका अन्य पहाडी जिल्लाहरूमा समेत परेको थियो । शैलेश्वोरी आन्दोलन पश्चात यस जिल्लामा रहेका सार्वजनिक पसल, होटेल, विध्यालय, लगायत अन्य स्थानहरूमा दलित माथि हुने गरेको छोइछिटो, दुर्ब्यबहार, छुवाछुत जस्ता ब्यबहारहरूमा सकारात्मक परिवर्तन आयो । जसले गर्दा दलित समुदायहरूले स्वतन्त्र रूपमा मन्दिरमा पुजाआजा गर्ने, ब्यापार ब्यबशाय संचालन गर्ने, दलितलाइ सम्मान जनक ब्यबहार गर्ने, वालीघरे प्रथा छोडी ज्यालामा काम गर्ने र कामलाइ सम्मान गर्ने प्रवृतीमा सुधार आयो । विद्यालयस्तरमा समावेशी शिक्षा, बाल क्लब तथा युवा समूह मार्फत समानता र मानवअधिकार सम्बन्धी सन्देश प्रवाह, अन्तरजातीय मेलमिलाप कार्यक्रम, सार्वजनिक प्रतिबद्धता जस्ता अभ्यासहरूले सामाजिक सोचमा बिस्तारै परिवर्तन ल्याउन सहयोग पुऱ्याइरहेको छ । साथै, पीडितलाई कानुनी सहायता, उजुरी प्रणालीको



सुदृढीकरण, स्थानीय जनप्रतिनिधिको भूमिकाको सक्रियता र महिला तथा दलित समुदायको नेतृत्व विकासले जातीय विभेद न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ।




अझैपनि ग्रामिण समुदायमा दलित माथि गरिने ब्यबहारमा कमि ल्याउन स्थानीय तह, नागरिक समाज, गैरसरकारी संस्था तथा समुदाय–आधारित संघसंस्थाहरूले सचेतना अभिवृद्धि, कानुनी शिक्षा, सामाजिक संवाद र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

**निष्कर्ष,**

डोटी जिल्लामा जातीय विभेद तथा छुवाछुतको समस्या अझै पूर्ण रूपमा अन्त्य नभए पनि यसको न्यूनिकरणतर्फ क्रमिक सकारात्मक परिवर्तन देखिन थालेको छ। दीर्घकालीन समाधानका लागि कानुनी कार्यान्वयनको प्रभावकारिता, सामाजिक चेतनाको निरन्तर विस्तार, समावेशी विकास र समुदायको साझा प्रतिबद्धता अनिवार्य छ तथापी सम विकास केन्द्रले निरन्तर रूपमा दलितको पहुँच, अधिकार, सामाजिक न्यायको सवालमा पैरवीका कार्यहरु र स्थानीय निकायको सुशासन प्रर्वद्धनमा सहजीकरण, सामाजिक विकास कार्यालय र स्थानिय तहहरूसंग समन्वय र सहकार्य गरि जातीय छुवाछुत विरूद्द जिल्ला तथा समुदायतहमा अभियानहरू संचालन गर्दै अईरहेको छ।

## ८.२) सुरक्षित सिकाइ वातावरण र शिक्षा सुशासनमार्फत गुणस्तरीय सार्वजनिक शिक्षा प्रवर्द्धन

कार्यक्रमको हस्तक्षेपले विद्यालयस्तरमा सुरक्षित सिकाइ वातावरण, पारदर्शी व्यवस्थापन प्रणाली र समावेशी शिक्षाको अभ्यासलाई सुदृढ गर्दै बालबालिकाको आधारभूत अधिकारको रूपमा गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँच सुधार गरेको छ। विद्यालय, अभिभावक, समुदाय र स्थानीय सरकारबीचको सहकार्यले शिक्षामा जवाफदेहिता, समावेशिता र सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन ल्याएको छ।

**मुख्य नतिजा (Key Results)**

**१) निःशुल्क शिक्षामा पहुँच विस्तार**

- कार्यक्षेत्रका २० वटा विद्यालयहरूले निःशुल्क शिक्षा प्रदान गर्न थालेका छन्। समविकास केन्द्रले ८ वटा विध्यालयलाइ नमुना विध्यालयको रूपमा छनोट गरि निशुल्क शिक्षाको पैरवी गर्दै आउदा कार्यक्षेत्रका अन्य विध्यालयहरूले पनि शिक्षा प्रदान गर्न थालेका हुन।
- यसले गरिब तथा सीमान्तकृत परिवारका बालबालिकाको विद्यालयमा पहुँच बढाएको छ र शिक्षाबाट वञ्चित हुने जोखिम घटाएको छ।

**२) स्थानीय सरकारको शैक्षिक लगानी वृद्धि**

- विद्यालयमा परीक्षा सञ्चालनका लागि स्थानीय तहले बजेट विनियोजन गरेको छ।
- यसले शिक्षा क्षेत्रप्रति स्थानीय सरकारको जिम्मेवारी र स्वामित्व बलियो भएको देखाउँछ तथा विद्यालय व्यवस्थापनलाई थप व्यवस्थित बनाएको छ।



**३) गुनासो सुनुवाइ संयन्त्र सुदृढ**




- विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र सक्रिय हुँदा बालबालिकाका समस्या सम्बोधन हुन थालेका छन् ।
- ८ वटा नमुना विध्यालयहरू मध्ये ५ वटा विद्यालयमा दर्ता भएका ६३ वटा गुनासामध्ये ४२ वटा सम्बोधन भएका छन्, जसले विद्यालयलाई बालमैत्री, जवाफदेही र पारदर्शी बनाएको छ ।

**४) जातीय विभेदको अन्त्य र समावेशी वातावरण**

- विद्यालयमा दलित बालबालिकामाथि हुने जातीय विभेद अन्त्य भएको छ ।
- यसले सबै बालबालिकाका लागि सुरक्षित, सम्मानजनक र समान सिकाइ वातावरण सुनिश्चित गरेको छ ।

**५) विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना**

- विद्यालय बाहिर रहेका १८७ जना बालबालिका पुनः भर्ना भई अध्ययनमा फर्किएका छन् ।
- यसले ड्रपआउट दर घटाउँदै 'सबैका लागि शिक्षा' को लक्ष्यलाई बलियो बनाएको छ ।

**६) सिकाइ उपलब्धिमा सुधार**

- नमुना विध्यालयको रूपमा रहेका कार्यक्षेत्रका ८ वटा विद्यालयको सिकाइ उपलब्धि हाल ५३% बाट ७३% सम्म पुगेको छ । शुरूअती समयमा ति विध्यालयहरूको सिकाइ उपलब्धि ४२ देखि ४५% मात्र थियो ।
- यसले शिक्षक क्षमता विकास, विद्यालय व्यवस्थापन सुधार र बालमैत्री शिक्षण विधिले सकारात्मक प्रभाव पारेको देखाउँछ ।

**७) बालिकाको विद्यालय उपस्थिति वृद्धि**

- कार्यक्षेत्रका ८ वटा नमुना विध्यालयहरू मध्ये ४ वटा विध्यालयहरूमा छात्रा मैत्री शौचालय, वालमैत्री धारा निर्माण का साथै वालविकासहरूमा उपलब्ध गराइएको शैक्षिक सिकाइ सामाग्री तथा भौतिक सामाग्रीहरू वितरण पश्चात विद्यालयमा बालिकाहरूको उपस्थितिमा वृद्धि भएको छ । खास गरि महिनावारी भएका समयमा माध्यिमक विध्यालयहरूमा अध्ययनरत छात्राहरू स्वास्थ्य सरसफाइ तथा आराम कक्षको अभाव र चेन्जिङ रूमको अभावका कारण विध्यालय आउदैनथे । तर कार्यक्रम मार्फत सहयोग गरिएका भौतिक निर्माण तथा सामाग्रीहरूको सुविधा पश्चात वालिका तथा छात्राहरू नियिमत विध्यालय आउन थालेका छन जसले उनहरूको सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रभाव परेको छ ।




- यसले लैङ्गिक समानता प्रवर्द्धन, बालविवाह न्यूनीकरण र बालिकाको दीर्घकालीन शैक्षिक अवसरमा सुधार ल्याएको छ ।

**समग्र प्रभाव (Overall Outcome)**

कार्यक्रमले सुरक्षित सिकाइ वातावरण, प्रभावकारी विद्यालय सुशासन र स्थानीय सरकारको लगानी मार्फत गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँच, समावेशिता र सिकाइ उपलब्धि सुधार गर्दै बालबालिकाको आधारभूत शैक्षिक अधिकार सुनिश्चित गर्न ठोस योगदान पुऱ्याएको छ ।

## ९) स्थानिय तहसंगको रणनीतिक सहकार्य

परियोजनाको कार्यान्वयन अवधिमा स्थानीय तहसँगको नजिकको सहकार्यमा समावेशी, अधिकार–आधारित तथा लैङ्गिक संवेदनशील शासन प्रणाली सुदृढीकरण गर्ने उद्देश्यले विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरू निर्माण तथा कार्यान्वयन गरिएको छ। यसले सेवा प्रवाहलाई व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने आधार तयार गरेको छ।

### ९.१. स्थानीय तहसँगको सहकार्यमा निर्माण गरिएका नीति तथा निर्देशिकाहरू

स्थानीय आवश्यकतामा आधारित रही निम्न नीति, निर्देशिका तथा कार्यविधिहरू निर्माण/परिमार्जन गरी कार्यान्वयनमा ल्याइएका छन्, जसले विशेषगरी महिला, दलित, श्रमिक तथा जोखिममा परेका समुदायको अधिकार संरक्षण र सेवा पहुँच अभिवृद्धिमा योगदान पुऱ्याएको छः

- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन निर्देशिका
- प्रेषण (Referral) निर्देशिका
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणा (जेसी) नीति
- अर्गानिक रणनीति
- श्रम अनुगमन निर्देशिका
- श्रम डेस्क सञ्चालन कार्यविधि
- सुरक्षित अल्पकालीन महिला सेवा केन्द्र सञ्चालन कार्यविधि
- हलिया पुनर्स्थापना कार्यविधि
- छाउपडी प्रथा उन्मूलन कार्यविधि लगायत अन्य

यी नीति तथा कार्यविधिहरूले संस्थागत संरचना मजबुत बनाउँदै लैङ्गिक हिंसा न्यूनीकरण, श्रमिक अधिकार संरक्षण, सामाजिक कुरीति अन्त्य र न्यायमा पहुँच विस्तार गर्न सहयोग पुऱ्याएका छन्।

### ९.२. नागरिकको गुनासा व्यवस्थापन तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि

कार्य क्षेत्रका १० वटा वडाहरूमा नागरिकको सहभागिता, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले गुनासो पेटिका, सूचना पाटी र नागरिक वडापत्र स्थापना गरिएका छन। यसबाट नागरिकहरूले स्थानीय सरकारप्रति आफ्ना गुनासा, सुझाव तथा माग सहज रूपमा राख्न पाएका छन् भने सेवा प्रदायक निकायहरू पनि उत्तरदायी र पारदर्शी रूपमा सेवा प्रवाह गर्न उत्प्रेरित भएका छन्।

### ९.३. लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयनमा पालिकासँग सहकार्य

महिला सशक्तीकरण, श्रम, बचत र सामाजिक, आर्थिक रूपान्तरणलाई लक्षित गरी स्थानीय तहको सहकार्यमा निम्न लैङ्गिक संवेदनशील कार्यक्रमहरू कार्यान्वयन गरिएको छः

क) सामुदायिक कुटानी–पिसानी मिल – ४ वटा

- संस्थाको योगदान: रु. १२ लाख
- पालिकाको योगदान: रु. ८ लाख

ख) शिशु स्याहार केन्द्र – ४ वटा (२ वटा पालिका, २ वटा संस्था मार्फत)

- संस्थाको योगदान: रु. १६ लाख
- पालिकाको योगदान: रु. १६ लाख

ग) थ्रेसर ट्र्याक्टर सहितको महिला लक्षित योजना

- कुल लागत: रु. २१ लाख

घ) खानेपानी आयोजना – २ वटा

- संस्थाको योगदान: रु. ६ लाख
- पालिकाको योगदान: रु. २ लाख

यी कार्यक्रमहरूले महिलाको समय व्यवस्थापन, आयआर्जन, बाल स्याहारमा सहजता र आधारभूत सेवामा पहुँच बढाई लैङ्गिक समानता प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

## ८.३) जलवायु न्याय, हरित जीविकोपार्जन र मानवीय प्रतिक्रिया प्रणालीमार्फत उत्थानशील समुदायको निर्माण

कार्यक्षेत्रका जोखिममा रहेका महिला, युवा, किशोरी तथा साना किसान समुदायको जलवायु सचेतना, आर्थिक सशक्तीकरण र संस्थागत पुर्व तयारी क्षमता अभिवृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याएको छ । जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्दै समुदायको दीगो जीविकोपार्जन र विपद् प्रतिकार्य क्षमता सुदृढ गर्ने लक्ष्यअनुसार समुदायस्तर तथा पालिका तहमा विभिन्न कृयाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन सम्पन्न भएका छन्।



### ३.१. जलवायु न्यायप्रति सचेत र सक्रिय समुदायको विकास

कार्य क्षेत्रका १० वटा युवा सञ्जाल, ३८ वटा महिला समूह तथा रिफ्लेक्ट सर्कलहरूमा जलवायु न्याय सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रम मार्फत जलवायु परिवर्तनले मानव जीवन, जीविकोपार्जन र वातावरणमा पार्ने प्रभाव तथा जोखिम न्यूनीकरणका उपायहरूबारे महिला र युवाहरूको ज्ञान र क्षमता अभिवृद्धि भएको छ । यसले समुदायमा जलवायु न्यायलाई अधिकार र जिम्मेवारीका रूपमा बुझ्ने सोच विकास गर्नमा सहयोग पुऱ्याएको छ।




यसै क्रममा युवाहरू र किशोरीहरूको नेतृत्वमा विद्यालयस्तरमा गरिएको जलवायु न्याय सम्बन्धी अभियानबाट ५ वटा विद्यालयमा प्लास्टिक जन्य फोहर व्यवस्थापनका लागि खाल्डो निर्माण गरिएको छ । बालबालिकाको नेतृत्वमा सम्पन्न यस कार्यले व्यवहार परिवर्तन, वातावरणीय उत्तरदायित्व र युवा नेतृत्व प्रवर्द्धन गरेको छ।

### ३.२. हरित जीविकोपार्जनमार्फत आर्थिक उत्थानशीलता

हरित तथा साना उद्यम प्रवर्द्धन गर्ने उद्देश्यले ३० जना महिलाको सहभागितामा जिल्ला स्तरीय उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको छ। तालिम मार्फत सहभागीहरूले उद्यमशीलता, बजार र बजारिकरण, व्यवसाय योजना निर्माण, वित्तीय साक्षरता तथा लागत–मूल्य निर्धारणसम्बन्धी ज्ञान र सीप हासिल गरेका छन्। यसमध्ये २० जना महिलाले आफ्नै व्यवसायिक योजना तयार गरेका छन्, जसले दिगो व्यवसाय सञ्चालनको आधार तयार गरेको छ।

स्थानीय तह र समूहहरूको सहकार्यमा आर्थिक रूपमा विपन्न २० जना महिलालाई सानाखाले व्यवसाय (बाख्रापालन, बंगुरपालन, कुखुरापालन, खुद्रा पसल, सिलाइ–कटाइ) सञ्चालनका लागि सहयोग प्रदान गरिएको छ । यसका साथै हाल कार्यक्षेत्रमा ६२२ जना महिलाहरू साना व्यवसायमा संलग्न छन्, जसमध्ये २६७ जनाले व्यवसाय दर्ता गरी औपचारिक रूपमा सञ्चालन गरिरहेका छन्। महिलाहरूले मासिक रु. ५,००० देखि ३०,००० सम्म आम्दानी गर्न थालेका छन्, जसले घरखर्च,

बचत, शिक्षा र सम्पत्ति आर्जनमा योगदान पुऱ्याएको छ । यसले महिलामाथि हुने लैङ्गिक हिंसा र मानसिक दबाबमा समेत सकारात्मक कमी ल्याएको छ ।

### ३.३. जैविक खेती र जलवायु–मैत्री कृषि अभ्यास



के.आई. सिंह गाउँपालिकाले आफनो गाउँपालिकालाइ जैविक तरकारी खेतीको पकेट क्षेत्र बनाइ हरेक वर्ष वजेट विनियोजन गर्न थालेको छ । सम विकास केन्द्रको पहलमा के.आई. सिंह गाउँपालिकाले जैविक खेती प्रर्वद्र्र नीति बनाइ कृषकहरूलाइ जैविक खेती तर्फ संलग्न हुन विभिन्न किसिमका सेवा सुविधाहरू उपलब्ध गराउदै आएको छ । प्रारम्भमा कृषि शाखासँगको सहकार्यमा २० जना अगुवा महिला किसानलाई जैविक तरकारी खेती सम्बन्धी तालिम प्रदान गरिएको थियो । यसको परिणामस्वरूप कार्यक्षेत्रमा २५६ जना किसान जैविक तरकारी खेतीमा संलग्न भएका छन् । यसवर्ष पनि पालिकाले जैविक खेती प्रवर्द्धनका लागि रु. ४ लाख बजेट विनियोजन गर्नुका साथै, जैविक तरकारी खेती रणनीतिका लागि थप बजेट समेत सुनिश्चित गरेको छ । गोठेमल व्यवस्थापन तालिमपछि १८ जना महिला किसानहरूले गोठेमल प्रयोग गरी जैविक खेती गरिरहेका छन्, जसले वातावरणमैत्री कृषि अभ्यासलाई सुदृढ गरेको छ ।

### ३.४. चुस्त मानवीय तथा विपद् प्रतिकार्य प्रणालीको सुदृढीकरण

यस वर्ष मात्र ४० जना युवाको जलवायु न्याय र विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिएको छ र युवाको नेतृत्वमा ६ महिनाको अभियान योजना तयार भई कार्यान्वयनमा गरिएको छ । दिपायल सिलगढी नगरपालिकासँगको सहकार्यमा विपद् प्रतिकार्य योजना निर्माण कार्यशाला सम्पन्न भई योजना स्वीकृत तथा कार्यान्वयनमा आएको हो । साथै, युवाहरूको पहलमा बजार क्षेत्रमा कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्टविन स्थापना गरिएको छ ।

समग्र प्रभावः

यी गतिविधि तथा अभियानहरूले जोखिममा रहेका समुदायलाई जलवायु सचेत, आर्थिक रूपमा सशक्त, वातावरणमैत्री अभ्यासमा संलग्न र विपद् प्रतिकार्यका लागि तयार बनाएको छ । स्थानीय तहको नीति, बजेट र योजनामा समुदायका मुद्दा सम्बोधन हुन थालेको छ, जसले दीगो उत्थानशीलता र जलवायु न्यायमा आधारित विकासको आधार मजबुत बनाएको छ ।

### ३.५ नीतिगत सहकार्य र सामाजिक शक्ति संरचनामा आएको परिवर्तन

यस अवधिमा स्थानीय तहसँगको समन्वय, सहकार्य र नीतिगत संलग्नता मार्फत महिलाको आर्थिक सशक्तीकरण, विपद् व्यवस्थापन र सामाजिक रूपान्तरणलाई संस्थागत रूपमा अघि बढाएको छ । यी प्रयासहरूले केवल व्यक्तिगत लाभ मात्र होइन, घर, समुदाय र स्थानीय शासन तहमा शक्ति सन्तुलनमा समेत सकारात्मक परिवर्तन ल्याएका छन् ।

**सरोकारवालाहरूसँगको नीतिगत सहकार्य र उपलब्धिहरूः**

महिला केन्द्रित जीविकोपार्जन कार्यक्रमहरूको प्रभावका कारण महिलाहरूको आम्दानीका स्रोतहरू बढ्दै गएको छ, जसको प्रत्यक्ष प्रभाव घर तथा समुदायको निर्णय तहमा देखिएको पाइन्छ । उदाहरणको लागि हालैका वर्षमा ४ जना महिलाले आफ्नै कमाइबाट जग्गा खरिद गरी लालपुर्जा प्राप्त गरेका छन्, जुन ग्रामीण महिलाको आर्थिक स्वामित्व र अधिकारको महत्वपूर्ण सूचक हो ।

आम्दानी बढेसँगै महिलाहरूको आत्मनिर्भरता, आत्मसम्मान र आर्थिक कारोबारमा नियन्त्रण उल्लेखनीय रूपमा बढेको छ । आर्थिक सक्षम बनेपछि विगतमा रोकिएका शैक्षिक यात्रालाई निरन्तरता दिने वातावरण सिर्जना भएको छ र गतवर्ष ३ जना विवाहित महिलाहरूले पुनः पढाइ सुरु गरेका थिए।



समूहमा आबद्ध महिलाहरूको व्यवसाय सुदृढ हुँदै गएपछि २७ जना महिलाले आफ्नो व्यवसाय PAN मा दर्ता गरी औपचारिक रूपमा सुरु गरेका छन् । यसले उनीहरूको पालिकाका तथा घरेलु निकायका अनुदान तथा सेवा सुविधामा पहुँच विस्तार गरेको छ। सोही क्रममा ११ जना व्यवसायी महिलाले घरेलु अनुदान मार्फत फ्रिज, कृषि औजार, ट्र्याक्टर, तौल्ने काँटा जस्ता उत्पादनमुखी सामग्री प्राप्त गरेका छन्, जसले व्यवसायको दिगोपनामा योगदान पुऱ्याएको छ।

दिपायल सिलगढी नगरपालिकासँगको सहकार्यमा पालिकाको विपद् प्रतिकार्य योजना निर्माण गरिएको छ। कार्यपालिका स्तरमा छलफल पश्चात योजना पारित भई कार्यान्वयनमा आएको छ, जसले स्थानीय तहको चुस्त मानवीय प्रतिक्रिया प्रणालीलाई संस्थागत रूपमा सुदृढ गरेको छ।

यस अवधिमा सहकार्य गरिएका साझेदार एवं निकायहरूको विवरण यस प्रकार छ।

| साझेदारहरूको प्रकार | संख्या | सेझदार र निकायहरूको नाम |
|---|---|---|
| स्थानिय÷प्रदेश तथा संघिय सरकार | ९ वटा | दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका, केआइसिंह गाउँपालिका, सायल गाउँपालिका, पुर्वीचौकी गाउँपालिका, जोरायल गाउँपालिका र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सामाजिक विकास कार्यालय। |
| दातृ निकाय | ४ वटा | एक्शनए नेपाल, डयान्चर्स एड नेपाल, गुडनेवर्स इन्टरनेशनल नेपाल र नीड्स नेपाल |
| निजी क्षेत्र | ३ वटा | निर्माण ब्यबशायि संघ, उधोग बाणिज्य संघ, चेम्वर अफ कमर्स, पत्रकार महासंघ { |
| गैरसरकारी÷नागरिक समाज संस्था | २ वटा | राष्ट्रियमुक्त हलिया समाज नेपाल, डोटी, उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च |
| नेटवर्क, संजाल | ६ वटा | श्रमिक महिला संजाल, महिला अधिकार म्रञ्च, यूवा संञ्जाल र हलिया संजाल |
| सहकारी | १ वटा | पञ्चेश्वर महिला बहुउद्देशियय सहकारी संस्था राजपुर डोटी |
| विध्यालय ब्यबस्थापन समिती | ८ वटा | श्री दुर्गा मा.वि. पाकरी<br>श्री महेन्द्र आधारभुत वि. बागठाटा<br>श्री झिमे मा.वि. वायल डोटी<br>श्री भूमिराज मा.वि. सलेना डोटी<br>श्री लाटाकलारै आधारभुत वि., सलेना<br>श्री दुर्गा आधारभुत वि. तल्लिगुम, शिखर न.पा.<br>श्री महाकाली मा.व. मुडेगाउँ शिखर न.पा.<br>श्री भवानी मा.व. मुडभरा शिखर न.पा. |
| शिक्षक अभिभावक संघ | ८ वटा | श्री दुर्गा मा.वि. पाकरी<br>श्री महेन्द्र आधारभुत वि. बागठाटा<br>श्री झिमे मा.वि. वायल डोटी<br>श्री भूमिराज मा.वि. सलेना डोटी<br>श्री लाटाकलारै आधारभुत वि., सलेना |

| | | |
|---|---|---|
| | | श्री दुर्गा आधारभुत वि. तल्लिगुम, शिखर न.पा.<br>श्री महाकाली मा.व. मुडेगाउँ शिखर न.पा.<br>श्री भवानी मा.व. मुडभरा शिखर न.पा. |
| विध्यालय | ८ वटा | श्री दुर्गा मा.वि. पाकरी<br>श्री महेन्द्र आधारभुत वि. बागठाटा<br>श्री झिमे मा.वि. वायल डोटी<br>श्री भूमिराज मा.वि. सलेना डोटी<br>श्री लाटाकलारै आधारभुत वि., सलेना<br>श्री दुर्गा आधारभुत वि. तल्लिगुम, शिखर न.पा.<br>श्री महाकाली मा.व. मुडेगाउँ शिखर न.पा.<br>श्री भवानी मा.व. मुडभरा शिखर न.पा. |

**सामाजिक हैसियत र शक्ति संरचनामा आएको परिवर्तन**

आम्दानीका स्रोत बढेसँगै महिलाहरूको सामाजिक हैसियतमा गुणात्मक परिवर्तन देखिन थालेको छ । पहिले आलोचना र अवहेलना गर्ने समुदायका व्यक्तिहरू अहिले ती महिलासँग सहयोग र सल्लाहको अपेक्षा गर्न थालेका छन् । घरभित्र श्रीमान्, सासु–ससुरा तथा परिवारका अन्य सदस्यहरूले महिलाको कामलाई सम्मान गर्न थालेका छन् र घरायसी काममा समेत साझेदारी बढ्दै गएको पाइन्छ ।

**स्थापित शक्ति संरचनामा आएको परिवर्तन – एक उदाहरण**

यस कार्यक्रमको परिणामस्वरूप समाजमा गहिरो रूपमा जरा गाडेको "महिलाले घरायसी काम मात्र गर्नुपर्छ, आम्दानी गर्ने काम पुरुषको काम हो" भन्ने सोच क्रमशः कमजोर हुँदै गएको छ । हाल कार्यक्षेत्रका अधिकांश महिलाहरू साना व्यवसायमा संलग्न भई नियमित आम्दानी गर्न थालेका छन्, जसले लैङ्गिक भूमिका सम्बन्धी परम्परागत मान्यतालाई चुनौती दिएको छ । महिलाले बजारमा गएर व्यवसाय गर्नु हुँदैन भन्ने सामाजिक मानसिकताबाट मुक्त हुँदै यस अवधिमा ३१ जना महिलाहरू गाउँबाट बजारमा आएर व्यवसाय सञ्चालन गरिरहेका छन् । यसले अन्य महिलाहरूका लागि पनि बजारमा प्रवेश गर्ने बाटो खोलिदिएको छ । यसैगरी, ड्राइभिङ पुरुषले मात्र गर्ने काम हो भन्ने सामाजिक मान्यतालाई तोड्दै समविकास केन्द्र र दिपायल सिलगढी नगरपालिकाको सहकार्यमा गत वर्ष ६ जना महिला र २ जना पुरुषलाई अटो चालक तालिम प्रदान गरिएको थियो । यसले महिलाको सीप, रोजगारी र सार्वजनिक स्थानमा उपस्थितिलाई सामाजिक रूपमा स्वीकार्य गर्दै लैङ्गिक समानतामा ठोस परिवर्तन ल्याएको छ । यस्तै श्रमिक महिलाहरूको अभियान र आन्दोलनको परिणाम दिपायल सिलगढी नगरपालिकामा श्रम अनुगमन समिती गठन गरिएको छ, जहाँ २ जना श्रमिक महिलाहरूको प्रतिनिधित्व रहेको छ ।



**समग्र निष्कर्ष**

स्थानीय तहसँगको नीतिगत सहकार्य, आर्थिक सशक्तीकरण र सामाजिक सचेतनाका संयुक्त प्रयासबाट महिलाहरू आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा सम्मानित र निर्णय प्रक्रियामा सहभागी बन्दै गएका छन् । यसले जलवायु न्याय, हरित जीविकोपार्जन र चुस्त मानवीय प्रतिक्रिया प्रणालीमार्फत जोखिममा रहेका समुदायको दीगो उत्थानशीलता निर्माण गर्ने नतिजालाई मजबुत बनाएको छ ।

९) समुदायमा परेको प्रभाव (Impact/Changes)

- **महिला अधिकारको क्षेत्रमा हासिल भएका नतिजाहरूको समग्र प्रभाव (Impact on Women's Rights)**
  स्थानिय अधिकार कार्यक्रमले महिलालाई केवल सेवाका लाभग्राहीका रूपमा मात्र सीमित नराखी अधिकारवाला, नेतृत्वकर्ता र परिवर्तन कर्ताका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। राजनीतिक सशक्तीकरण, आर्थिक आत्मनिर्भरता, न्यायमा पहुँच, सामाजिक संरक्षण र लैङ्गिक समानताको बहुआयामिक प्रयासले महिलाको जीवनस्तर, हैसियत र अधिकार उपयोगमा दीर्घकालीन सकारात्मक परिवर्तन देखिएको छ।

- **महिलाको राजनीतिक सशक्तीकरणबाट शासन प्रणालीमा प्रभाव**
  कार्यक्रमको परिणामस्वरूप स्थानीय शासन र सामुदायिक निर्णय प्रक्रियामा महिलाको उपस्थिति, आवाज र प्रभाव उल्लेखनीय रूपमा बढेको पाइन्छ। तीनवटै पालिकामा १४ जना महिलाको स्थानीय जनप्रतिनिधिका रूपमा निर्वाचित हुनु, ५३ जना महिला SMC/PTA मा, ४६३ जना उपभोक्ता समितिमा र ५४३ जना महिला राजनीतिक दलमा सक्रिय हुनुले निर्णय तहमा महिलाको संस्थागत उपस्थिति सुदृढ भएको देखाउँछ।
  यसले स्थानीय विकास योजना, बजेट विनियोजन र नीति निर्माणमा महिलामैत्री प्राथमिकता समावेश हुन सहयोग पुऱ्याएको छ। दलितसँग अध्यक्ष, महिलासँग उपाध्यक्ष, लैङ्गिक उत्तरदायी बजेट, महिला उद्यमशीलता र हिंसा न्यूनीकरणका कार्यक्रमहरू स्थानीय सरकारको नियमित अभ्यास बन्नु महिला नेतृत्वको प्रत्यक्ष नीतिगत प्रभाव हो। समाजमा महिलाको नेतृत्वप्रतिको स्वीकार्यता बढ्दै जाँदा महिलाको आत्मविश्वास, सार्वजनिक सहभागिता र पैरवी क्षमता समेत मजबुत भएको छ।

- **आर्थिक सशक्तीकरणले ल्याएको संरचनात्मक परिवर्तनको प्रभाव**



  ६२२ जना महिलाको आयआर्जनमा संलग्नता र २७६ जनाको नियमित व्यवसाय सञ्चालनले महिलाको आर्थिक आत्मनिर्भरता मात्र होइन, शक्ति सम्बन्धमा रूपान्तरण ल्याएको छ। मासिक रु. ५,००० देखि ३०,००० सम्मको आम्दानीले परिवारभित्र महिलाको निर्णय क्षमता, बालबालिकाको शिक्षा, स्वास्थ्यमा लगानी र सामाजिक सम्मान बढेको छ।
  आर्थिक रूपमा सक्षम बनेपछि घरायसी तथा सामुदायिक तहमा हुने लैङ्गिक हिंसामा कमी आएको छ, जुन आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण बीचको प्रत्यक्ष सम्बन्धको प्रमाण हो। नागरिकता, विवाह दर्ता, जन्मदर्ता र सामाजिक सुरक्षा पहुँच विस्तार हुनु महिलाको कानुनी पहिचान र राज्यसँगको सम्बन्ध सुदृढ भएको संकेत हो।

- **न्यायमा पहुँच र संरक्षण प्रणालीको प्रभाव**
  लैङ्गिक हिंसा निवारण कोष, OCMC, सेफहाउस र न्यायिक समितिको सुदृढीकरणले हिंसा प्रभावित महिलाका लागि तत्काल राहतदेखि न्यायसम्मको पहुँच सुनिश्चित गर्ने दिगो संरचना निर्माण गरेको छ। ८३ वटा मुद्दा न्याय सम्पादन हुनु, २१ वटा गम्भीर मुद्दा जिल्ला तहमा रिफर हुनु र दर्जनौं महिलाले कोषमार्फत कानुनी सहयोग पाउनुले स्थानीय तहको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वास बढेको देखाउँछ। यसले महिलालाई हिंसा सहन बाध्य बनाउने संस्कृतिलाई चुनौती दिँदै "न्याय सम्भव छ" भन्ने सामाजिक सन्देश स्थापित गरेको छ।

- **सामाजिक रूपान्तरण: बालविवाह, महिनावारी र कार्यबोझमा देखिएको प्रभाव**

२६ वटा बालविवाह रोक्नु, ३६४ घरधुरीमा मर्यादित महिनावारी अभ्यास स्थापित हुनु र छाउपडी अन्त्यतर्फ देखिएको परिवर्तनले सामाजिक मूल्य, मान्यतामा गहिरो रूपान्तरणको संकेत गरेको छ।

घरायसी तथा सेवामुलक स्याहार–सुसारको कामको पुनर्वितरण, खानेपानी, कुटानी–पिसानी मिल, शिशु स्याहार केन्द्र जस्ता पूर्वाधारले महिलाको दैनिक ३–५ घण्टा समय बचत गराएको छ। यसले महिलालाई आयआर्जन, शिक्षा, सामुदायिक नेतृत्व र आत्मविकासका अवसरहरूमा जोडेको छ, जुन **Time Justice** को व्यवहारिक अभ्यास हो।

- **सम्पत्ति, श्रम र जातीय न्यायमा प्रभाव**

  ११३ जोडी संयुक्त लालपुर्जा, श्रमिक महिलाको ज्याला वृद्धि, श्रम अनुगमन प्रणाली संस्थागत हुनु र दलित समुदायमाथि हुने छुवाछुत तथा विभेदमा आएको कमीले महिलाको आर्थिक सुरक्षा, श्रम मर्यादा र सामाजिक न्याय सुदृढ गरेको छ। विशेषगरी दलित महिलामाथि हुने दोहोरो विभेद न्यूनिकरणतर्फ देखिएको प्रगति यस कार्यक्रमको दीर्घकालीन सामाजिक प्रभाव हो।

- **अनौपचारिक श्रमिक महिला अधिकार र न्याय सुनिश्चिततामा सुदृढीकरणमा देखिएको प्रभाव**

  स्थानीय अधिकार कार्यक्रमको माध्यमबाट अनौपचारिक श्रमिक महिलाहरूले श्रम अधिकार, न्याय र सामाजिक सुरक्षा सुनिश्चित गर्न सामूहिक अभियान कै रूपमै पहल गर्न थालेका छन्। ६३ जना महिलाहरूले श्रम ठगी सम्बन्धी मुद्दामा न्याय प्राप्त गर्दा उनीहरूको अधिकारबोध र विश्वास बढेको छ। स्थानीय तहले श्रम अनुगमन प्रणालीलाई संस्थागत अभ्यासको रूपमा अपनाउँदा श्रम शोषण न्यूनीकरणमा ठोस प्रगति भएको छ।

  संगठित दबाब र नीति संलग्नताका कारण जिल्ला स्तरीय ज्याला दरमा वृद्धि, पारिश्रमिक समयमा भुक्तानी, र ठेकेदारद्वारा सम्मानजनक व्यवहार सुनिश्चित भएको छ। यसले स्थानीय तहको श्रम अनुगमन संयन्त्रमा श्रमिक महिलाको प्रत्यक्ष प्रतिनिधित्व बढाएको छ र नीति निर्माणमा उनीहरूको आवाज सम्बोधन हुने गरेको छ।

**समग्र प्रभाव (Overall Impact)**

समग्रमा, कार्यक्रमले महिलाको अधिकारलाई राजनीतिक सहभागिता, आर्थिक आत्मनिर्भरता, न्यायमा पहुँच, सामाजिक संरक्षण र गरिमामय जीवनसँग जोड्दै व्यक्तिगत सशक्तीकरणबाट संरचनात्मक रूपान्तरणतर्फको यात्रा अघि बढाएको छ। यसले स्थानीय तहलाई लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी विकासतर्फ उत्तरदायी बनाउँदै महिलाका लागि सुरक्षित, सम्मानजनक र अधिकारयुक्त जीवनको आधार मजबुत बनाएको छ। यी प्रयासहरूले अनौपचारिक श्रमिक महिलालाई उनिहरूको अधिकारमा सचेत, न्यायसम्म पुग्ने र संरचनागत संरक्षण प्रणालीमा पहुँच भएको श्रमिकका रूपमा सशक्त बनाउँदै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रम वातावरण निर्माण गरेको छ।

- **विद्यालय र समुदायमा परेको प्रभाव (Impact on School and Community)**

  सुरक्षित सिकाइ वातावरण र शिक्षा सुशासन मार्फत गुणस्तरीय सार्वजनिक शिक्षा प्रवर्द्धनमा योगदान पुर्याउन स्थानिय अधिकार कार्यक्रम मार्फत संचालन गरिएका क्षमता विकास, अभियान तथा भौतिक, अभौतिक सहयोगले विद्यालय र समुदाय दुवै तहमा दीर्घकालीन र सकारात्मक प्रभाव पारेको छ। कार्यक्रमले विद्यालयलाई केवल पठन–पाठनको केन्द्रमा मात्र नभई बालमैत्री, समावेशी र जवाफदेही सिकाइ स्थलको रूपमा रूपान्तरण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।



विद्यालय स्तरमा निःशुल्क शिक्षाको पहुँच विस्तार भएपछि गरिब, सीमान्तकृत तथा जोखिममा रहेका परिवारका बालबालिकाको विद्यालय भर्ना र नियमित उपस्थितिमा उल्लेखनीय सुधार आएको छ। विद्यालय बाहिर रहेका १८७ जना बालबालिकाको पुनःभर्नाले ड्रपआउट न्यूनीकरण गर्दै 'सबैका लागि शिक्षा' को अवधारणालाई व्यवहारमा उतारेको छ । यसले समुदायमा शिक्षाप्रति सकारात्मक सोच विकास गर्नुका साथै बालश्रम र बालविवाह जस्ता सामाजिक जोखिमहरू घटाउन सहयोग पुऱ्याएको छ।



स्थानीय तहबाट परीक्षा सञ्चालनका लागि बजेट विनियोजन हुनुले शिक्षा क्षेत्रमा स्थानीय सरकारको स्वामित्व, जिम्मेवारी र जवाफदेहिता बलियो भएको देखिन्छ । यसले विद्यालय व्यवस्थापनलाई थप पारदर्शी र व्यवस्थित बनाउँदै समुदायमा सार्वजनिक शिक्षा सुधार सम्भव छ भन्ने विश्वास जगाएको छ। विद्यालय, अभिभावक, समुदाय र स्थानीय सरकारबीचको सहकार्य मजबुत हुँदा शिक्षा सुशासनको अभ्यास संस्थागत हुँदै गएको छ।



विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र सक्रिय भएपछि बालबालिकाले आफ्ना समस्या निडर रूपमा राख्न पाएका छन् । ६३ गुनासाहरू मध्ये ४२ वटा समाधान हुनु विद्यालय व्यवस्थापनको संवेदनशीलता र जवाफदेहिता बढेको स्पष्ट प्रमाण हो । यसले विद्यालयलाई बालमैत्री, सुरक्षित र विश्वासयोग्य सिकाइ वातावरणका रूपमा स्थापित गरेको छ।

जातीय विभेदको अन्त्य भई दलित बालबालिका सहित सबै विद्यार्थीका लागि समान, सम्मानजनक र सुरक्षित वातावरण सुनिश्चित भएको छ। यसले समुदायमा सामाजिक समावेशिता, समानता र आपसी सम्मानको अभ्यासलाई सुदृढ बनाउँदै विद्यालयलाई सामाजिक रूपान्तरणको केन्द्रको रूपमा स्थापित गरेको छ।




बालिकामैत्री पूर्वाधार (छात्रा मैत्री शौचालय, धारा, आरामकक्ष तथा सरसफाइ सुविधा) र शैक्षिक सामग्री सहयोगपछि विशेषगरी महिनावारीको समयमा विद्यालय नआउने छात्राहरू, शैक्षिक सामग्रीहरूको अभावमा विद्यालय नआउने दलित समुदायका वालवालिकाहरू नियमित विद्यालय आउन थालेका छन् । यसले वालबालिकाको विद्यालय उपस्थितिमा वृद्धि गर्नुका साथै सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ। दीर्घकालीन रूपमा यसले लैङ्गिक समानता प्रवर्द्धन, बालविवाह न्यूनीकरण र बालिकाको शैक्षिक तथा सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याएको छ।

समग्रमा, कार्यक्रमको हस्तक्षेपले विद्यालयको सिकाइ उपलब्धि ५३% बाट ७३% सम्म पुऱ्याउँदै शिक्षाको गुणस्तरमा ठोस सुधार ल्याएको छ। सुरक्षित सिकाइ वातावरण, प्रभावकारी विद्यालय सुशासन र स्थानीय सरकारको सक्रिय लगानी मार्फत समुदायमा गुणस्तरीय सार्वजनिक शिक्षाप्रति भरोसा बढेको छ। यसले बालबालिकाको आधारभूत शैक्षिक अधिकार सुनिश्चित गर्नुका साथै समुदायको सामाजिक, आर्थिक विकासका लागि दिगो आधार निर्माण गरेको छ।

## महत्वपुर्ण परिवर्रतनको कथा

## बालअधिकार, समावेशी शिक्षा र समुदायको साझा पहल

कार्यक्षेत्रका १० वटा नमुना विद्यालय र समुदायमा बालबालिकाको नेतृत्व, सचेतना र नागरिक सहभागिता मार्फत सामाजिक रूपान्तरणका उल्लेखनीय अभ्यासहरू देखिएका छन्। ८ वटा विद्यालय स्तरीय बाल क्लबहरूले आफ्नो वार्षिक योजना अनुसार बालविवाह, छाउपढी प्रथा, महिला तथा लैङ्गिक हिंसा, जातीय विभेद, बालिका शिक्षा र जलवायु न्यायजस्ता समाजका हानिकारक अभ्यासहरू विरुद्ध सशक्त आवाज उठाउदै आएका छन्। हाजिरीजवाफ, वक्तृत्वकला, सडक नाटक, देउडा गीत प्रतियोगिता, विध्यालय भर्ना अभियान तथा समुदाय सचेतना अभियान मार्फत बालबालिकाले समुदायमै गएर प्रश्न उठाउन थालेका छन्।

यी क्रियाकलापहरूमा शिक्षक, विद्यार्थी, अभिभावक र युवाको सक्रिय सहभागिताले विद्यालय र समुदायबीचको सम्बन्ध अझ मजबुत बनाएको छ। बाल क्लबद्वारा सञ्चालित अतिरिक्त क्रियाकलापबाट बालबालिकाले समाजका हानिकारक अभ्यासले बालबालिकाको जीवन र शिक्षामा पार्ने असरबारे गहिरो बुझाइ विकास गरेका छन्। यसको प्रत्यक्ष प्रभावस्वरूप कार्यक्षेत्रमा उमेर नपुग्दै गरिने विवाहको घटनामा कमी आएको पाइन्छ।



बालक्लब र किशोरीहरूको सक्रियतामा सञ्चालन गरिएको भर्ना अभियान हरेक वर्ष विशेष उपलब्धिमूलक बन्दै आएको छ। विद्यालय छोडेको १८७ जना बालिकाहरू पुनः विद्यालय भर्ना भएका छन् भने उमेर पुगेका तर विद्यालय नगएका २८ जना बालबालिका पहिलो पटक विद्यालय भर्ना भई नियमित अध्ययनमा गरिरहेका छन्। यसले समुदायमा "विद्यालय सबैका लागि" भन्ने सोचलाई बलियो बनाएको छ।

गरिब, दलित तथा अन्य वञ्चित बालबालिकालाई आवश्यक शैक्षिक सामग्री सहयोग गरिँदा विद्यालय जान सहज भएको छ र पढाइमा निरन्तरता बढेको छ। साथै, श्री देवस्थल माध्यमिक विद्यालयमा बालिकामैत्री शौचालय, आरामकक्ष, वालमैत्री धारा र श्री भवानी माध्यमिक विद्यालयमा पनि छात्रा मैत्री शौचालय, आरामकक्ष, बालमैत्री खानेपानी धारा निर्माण भएपछि विशेषगरी महिनावारीको समयमा बालिकाहरूको विद्यालय नियमित उपस्थितिमा सुधार आएको छ। यसले बालिकाको सम्मानजनक, सुरक्षित र सहज सिकाइ वातावरण सुनिश्चित गरेको छ।

यस अवधिमा महिला समूहका सदस्यहरूले विद्यालयको गुणस्तरिय शिक्षाका विषयमा निगरानी सुरु गरेका छन्। ६ महिनामा ४ वटा विद्यालयमा गरिएको अनुगमनले शिक्षकको कक्षा कोठामा बिताउने समय, सिकाइ अवस्था र विद्यालयका अभाव पहिचान गर्न सहयोग पुऱ्याएको छ। यसले अभिभावक र समुदायलाई विद्यालय सुधारको प्रक्रियामा प्रत्यक्ष सहभागी बनाएको छ।



के.आई.सिंह गाउँपालिकामा नागरिक सरोकार

मञ्चको अगुवाइ र पालिकासँगको सहकार्यमा सामुदायिक विद्यालय अनुगमन मापदण्ड निर्माण भई कार्यपालिकाबाट पारित भएर कार्यान्वयनमा आएको छ। यसले परीक्षा केन्द्रित अनुगमनको अभ्यासलाई तोड्दै अब दुई महिनामा एकपटक नियमित र गुणस्तर केन्द्रित अनुगमन गर्ने नयाँ संस्कृतिको विकास भएको छ।

नागरिक सरोकार मञ्चद्वारा आयोजित पैरवी योजना कार्यशालापछि स्थानीय सरकार समक्ष नागरिकका शैक्षिक समस्याहरू ज्ञापन पत्रमार्फत प्रस्तुत गरिएको थियो। विद्यालय छोडेर भारत जाने प्रवृत्ति रोक्ने, अभिभावक शिक्षा लागू गर्ने, शिक्षक क्षमता विकास तालिम सञ्चालन गर्ने र शिक्षा समिती तथा नागरिक मञ्चको संयुक्त बैठक गर्ने निर्णयहरूले स्थानीय शिक्षा सुशासनलाई अझ सुदृढ बनाउन मद्दत गरेको छ।

यसै क्रममा श्री लाटाकलारै आधारभूत विद्यालयमा निर्माण गरिएको ड्यासबोर्डको समीक्षा गर्दा अभिभावकहरूले विद्यालयका तथ्यांक र अवस्थाबारे स्पष्ट जानकारी पाएको अनुभव व्यक्त गरेका छन्। यसले पारदर्शिता र जवाफदेहिता बढाएको छ।

समग्रमा, बाल क्लब, समुदाय, नागरिक मञ्च र स्थानीय सरकारको साझा पहलले विद्यालयलाई सुरक्षित, समावेशी र गुणस्तरीय सिकाइ केन्द्रका रूपमा विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस सफलताले बालबालिकाको शिक्षा मात्र होइन, समुदायको सोच र व्यवहार परिवर्तन तर्फको यात्रा समेत अघि बढाएको पाइन्छ।

## परिवर्तनको कथाः

## सुरक्षित विद्यालय, सचेत समुदाय र आशावादी भविष्यतर्फको यात्रामा यूवाको भूमिकाः

स्थानिय अधिकार कार्यक्रम कार्यान्वयन भएका विद्यालय र समुदायमा बालबालिकाको संरक्षण, सहभागिता र गुणस्तरीय शिक्षामा उल्लेखनीय प्रगति हासिल भएको छ। यूवा भाइ बहिनीहरूको अभियानले विद्यालयलाई केवल शैक्षिक संस्थाका रूपमा मात्र सीमित नराखी सुरक्षित, समावेशी र जवाफदेही सिकाइ केन्द्रका रूपमा विकास गर्न सहयोग पुऱ्याएको छ। यस परिवर्तनमा स्थानीय सरकार, विद्यालय, समुदाय र बालबालिकाको पनि संयुक्त प्रयास निर्णायक बनेको छ।




विद्यालयमा बढ्दो लागुपदार्थ दुर्व्यसनको समस्या, वाल विवाहको समस्या, छाउपढी प्रथा र जातीय विभेदको समस्याका विरूद्द यूवाहरूले अभियान संचालन गरे जसको परिणाम लागुपदार्थ दुर्व्यसनको समस्यालाइ सम्बोधन गर्न स्थानीय तहले सुधार केन्द्र स्थापना गर्ने निर्णय गरेको छ। यसै पहल अन्तर्गत दिपायल सिलगढी नगरपालिकाले २१ जना लागुपदार्थ दुर्व्यसनी बालबालिकालाई नियमित परामर्श प्रदान गर्दै उनीहरूको शैक्षिक स्तर उकास्न सहयोग गरिरहेको छ। यस अभियानले जोखिममा रहेका बालबालिकालाई पुनः शिक्षाको मूलधारमा फर्काउने ठोस आधार तयार गरेको छ।

बाल क्लबद्वारा प्रस्तुत योजनाका आधारमा कार्यक्षेत्रका ३ वटा पालिकाले जोखिमपूर्ण खेल मैदान निर्माण तथा विद्यालयमा छात्रामैत्री आराम कक्ष जस्ता बालमैत्री पूर्वाधारमा बजेट विनियोजन गरेका छन्। यसले स्थानीय तहमा बाल सहभागिता र बालमैत्री योजना निर्माणको अभ्यासलाई संस्थागत गरेको महत्वपूर्ण उपलब्धि हो।

देवस्थल माध्यमिक विद्यालयमा निर्माण गरिएको बालमैत्री धारा प्रयोगमा आएपछि १७४ जना बालबालिकाले नियमित रूपमा सफा खानेपानी पाउन थालेका छन्, जसले पानीको अभावका कारण कक्षा छोड्ने समस्या अन्त्य गरेको छ। त्यसैगरी केआइसिंह गाउँपालिका र शिखर नगरपालिकाका भूमिराज, भवानी, झिमेमालिका र महाकाली माध्यमिक विद्यालयमा स्थापना गरिएका आराम कक्षबाट यस वर्षमात्र १६३ जना किशोरीहरूले महिनावारीका समयमा प्रयोग गरका छन्। यसले बालिकाको विद्यालय उपस्थितिदर र सिकाइ उपलब्धिमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ।

यसवर्ष दिपायल सिलगढी नगरपालिकाले उपमेयरसँगको सहकार्यमा २२५ जना गरिव, विपन्न र दलित बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरेको छ। स्थानिय अधिकार कार्यक्रम मार्फत दलित गरिव छात्रछात्राहरूलाइ सहयोग गरिदै अएको

शैक्षिक सामाग्री सहयोगको प्रभावकारिताले नगरपालिकाले पनि यसवर्ष देखि शैक्षिक सामग्री वितरण गर्न थालेको हो । साथै प्रहरीको सहकार्यमा उनिहरूले माध्यमिक विद्यालयहरूमा लागुपदार्थ दुर्व्यसन, महिला तथा किशोरीमाथि हुने हिंसा र बालविवाह सम्बन्धी कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्न थालेका छन ।



समग्रमा, विद्यालय र समुदायमा दीर्घकालीन परिवर्तनको आधार तयार भएको छ । सुरक्षित विद्यालय, सचेत समुदाय र आशावादी भविष्य निर्माण तर्फको यो यात्रा कार्यक्रमको प्रभावकारिता र लगानीको सार्थकता प्रमाणित गर्ने सफल उदाहरण बनेको छ ।

- **जलवायु न्याय, हरित जीविकोपार्जनको प्रभाव:**

जलवायु न्याय, हरित जीविकोपार्जन र पारदर्शि, जवाफदेहि मानवीय प्रतिक्रिया प्रणाली मार्फत गरिएका कार्यक्रमहरूले कार्यक्षेत्रका जोखिममा रहेका दलित, महिला, युवा, किशोरी तथा साना किसान समुदायमा दीर्घकालीन सकारात्मक प्रभाव पारेको छ । कार्यक्रमले जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै समुदायको आर्थिक, सामाजिक र संस्थागत उत्थानशीलता सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।



जलवायु न्यायसम्बन्धी अभिमुखीकरण तथा अभियानमार्फत समुदायमा जलवायु परिवर्तनलाई अधिकार, दायित्व र सामूहिक जिम्मेवारीका रूपमा बुझ्ने सोच विकास भएको छ । १० वटा युवा सञ्जाल, ३८ वटा महिला समूह तथा रिफ्लेक्ट सर्कलमार्फत गरिएको सचेतनाले महिला र युवाको ज्ञान, नेतृत्व र सक्रियता अभिवृद्धि गरेको छ । युवाहरू र किशोरीहरूको नेतृत्वमा विद्यालयस्तरमा सञ्चालन गरिएका जलवायु न्याय अभियान तथा प्लास्टिक फोहर व्यवस्थापनका अभ्यासले व्यवहार परिवर्तन, वातावरणीय उत्तरदायित्व र युवा नेतृत्वलाई संस्थागत गरेको छ ।

हरित जीविकोपार्जनका पहलहरूले महिलाको आर्थिक सशक्तीकरणमा ठोस परिवर्तन ल्याएको छ । उद्यमशीलता विकास तालिम, व्यवसाय योजना निर्माण र साना उद्यम सहयोगका माध्यमबाट महिलाहरू नियमित आम्दानी गर्न सक्षम भएका छन् । हाल कार्यक्षेत्रका सयौँ महिलाहरू साना व्यवसायमा संलग्न भई मासिक आम्दानी गर्न थालेका छन्, जसको प्रत्यक्ष प्रभाव घरखर्च, बचत, शिक्षा र सम्पत्ति आर्जनमा देखिएको छ । आर्थिक सशक्तीकरणसँगै महिलाको आत्मसम्मान, निर्णय क्षमता र सामाजिक हैसियत बढ्दै गएको छ, जसले लैङ्गिक हिंसा र मानसिक दबाबमा समेत कमी ल्याएको छ ।



जैविक खेती तथा जलवायुमैत्री कृषि अभ्यासले वातावरण संरक्षण र दिगो उत्पादन प्रणालीलाई मजबुत बनाएको छ । अगुवा महिला किसानहरूको क्षमता विकासपछि सयौँ किसान जैविक तरकारी खेतीमा संलग्न भएका छन् । स्थानीय तहले जैविक

खेती प्रवर्द्धनका लागि बजेट विनियोजन गर्नु र रणनीति निर्माण गर्नुले कार्यक्रमको प्रभाव नीतिगत तहसम्म विस्तार भएको देखिन्छ। गोठेमल व्यवस्थापन जस्ता अभ्यासले रासायनिक मलमा निर्भरता घटाउँदै वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहन गरेको छ।

मानवीय तथा विपद् प्रतिकार्य प्रणाली सुदृढीकरणतर्फ युवाको भूमिका उल्लेखनीय देखिएको छ। जलवायु न्याय र विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकासपछि युवाहरूले अभियान योजना तयार गरी कार्यान्वयन गर्दै आएका छन्। स्थानीय तहसँगको सहकार्यमा विपद् प्रतिकार्य योजना निर्माण, स्वीकृति र कार्यान्वयनले स्थानीय शासनको तयारी क्षमता र जवाफदेहिता बलियो बनाएको छ। फोहर व्यवस्थापनका अभ्यासहरूले वातावरणीय स्वच्छता र सामुदायिक उत्तरदायित्वलाई थप सुदृढ गरेका छन्।

नीतिगत सहकार्य र सामाजिक सचेतनाका संयुक्त प्रयासबाट सामाजिक शक्ति संरचनामा गुणात्मक परिवर्तन देखिन थालेको छ। महिलाहरूको बढ्दो आम्दानीले घर तथा समुदायको निर्णय प्रक्रियामा उनीहरूको सहभागिता बढेको छ। आफ्नै कमाइबाट सम्पत्ति आर्जन, व्यवसाय दर्ता, अनुदान तथा सेवा सुविधामा पहुँच विस्तार जस्ता उपलब्धिहरूले महिलाको आर्थिक स्वामित्व र अधिकारलाई संस्थागत गर्दै लगेका छन्। परम्परागत लैङ्गिक भूमिकामा आधारित सोच कमजोर बन्दै महिलाहरू बजार, व्यवसाय र सार्वजनिक जीवनमा सक्रिय रूपमा सहभागी हुन थालेका छन्।

समग्रमा, कार्यक्रमका प्रयासहरूले जोखिममा रहेका समुदायलाई जलवायु सचेत, आर्थिक रूपमा सशक्त, वातावरणमैत्री अभ्यासमा संलग्न र विपद् प्रतिकार्यका लागि तयार बनाएको छ। स्थानीय तहको नीति, बजेट र योजनामा समुदायका मुद्दा समेटिन थालेका छन्, जसले जलवायु न्यायमा आधारित दीगो विकास र उत्थानशील समुदाय निर्माणको आधारलाई मजबुत बनाएको छ।

## १०) संस्थागत विकासमा साझेदार संस्थाको योगदानः

### संस्थाको परिचय

सम विकास केन्द्र (EDC), नेपाल वि.सं. २०५३ (सन् १९९७) मा दर्ता भएको एक सामाजिक गैर–सरकारी संस्था हो। संस्थाले आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक रूपमा पछाडि पारिएका दलित, महिला तथा विपन्न समुदायलाई सशक्त बनाउँदै विकासको मूल प्रवाहमा समावेश गराई समतामूलक समाजको निर्माणमा योगदान पुऱ्याउने लक्ष्य लिइ अगाढी बढीरहेको छ।




यस संस्थाले नियमत रूपमा संस्था नविकरण, सदस्यता निवकरण, नियमित साधारण सभा, वार्षिक आन्तरिक तथा बाह्य लेखापरिक्षण, श्रम अडीट, वार्षिक सामाजिक परिक्षण गर्दै आइरहकोछ। संस्थाका गितिविधिहरू, सेवा प्रवाह र संस्थागत जानकारीका वारेका सरकार, सरोकारवाला, साझेदार संस्था, लक्षित समुदाय लगायत सम्पुर्ण आम नागरिकहरूलाइ सुसुचित गर्न संस्थाको वयवसाइट (www.edcdoti.org.np), फेसबुक (EDC-Nepal) , इमेल म्यासेन्जर ग्रुप, सूचना पाटी र सूचना अधिकारीको ब्यबस्था गरेको छ भने, कर्मचारी, लक्षित समुदाय तथा नागरिकका गुनासाहरू सम्बोधन गर्न संस्थामा गुनासो सुनुवाइ समितीको ब्यबस्था रहेको छ। ईडीसी–नेपालसंग अहिले आफ्नै कार्यालय भवन र तीन रोपनी क्षेत्रफलको जमिन छ। कार्यालय भवनमा आवश्यक पूर्वाधार, कार्यालय सामग्री, फर्निचर, तथा दक्ष जनशक्ति उपलब्ध छन्। दुई दशकभन्दा बढीको समर्पित योगदान, मानव अधिकार, समानता, सामाजिक न्याय, सुशासन र दलित तथा महिलाका सवाल प्रतिको प्रतिवद्दता, साझेदार संस्था, सरोकारवालाहरू र समुदाय प्रतिको जवाफदेहिता, विश्वास र इमान्दारिताका कारण संस्थाले संस्थागत विकास र सामुदायिक सशक्तिकरणका क्षेत्रमा बलियो क्षमता र विश्वसनीयता कायम गरेको छ। संस्थाले सुदूरपश्चिम प्रदेशका सबै जिल्लालाइ कार्यक्षेत्रको रूपमा लिएको

भएतापनि स्रोतको अभावका कारण डोटी जिल्लालाइ लक्षित गरि विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस संस्थाको केन्द्रीय कार्यालय डोटी जिल्लामा अवस्थित छ । ९ सदस्यीय कार्यसमिती रहेको यस संस्थामा १०५ जना साधारण सदस्यहरू तथा २५ जना कर्मचारीहरू कार्यरत छन ।




सम विकास केन्द्र (EDC), नेपाल डोटी, नेपाली समाजमा विद्यमान जातीय छुवाछुत, सामाजिक तथा लैङ्गिक विभेद, सामाजिक अन्याय र मानव अधिकार उल्लङ्घनका विरुद्ध सामाजिक न्याय, मानव अधिकार, दलित तथा महिला अधिकारको पक्षमा जिल्लामा नेतृत्वदायी भूमिकामा क्रियाशील हुँदै आएको छ । स्थापनाकालदेखि नै संस्थाले सामाजिक असमानता, जातीय छुवाछुत तथा भेदभाव, सामाजिक विकृति, आर्थिक तथा संरचनात्मक लैङ्गिक हिंसा विरुद्ध र श्रम अधिकारका वारेमा जनचेतना अभिवृद्धि, सशक्तीकरण, अभियान तथा पैरवी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।
“समतामूलक समाजको निर्माण, हाम्रो अभियान” भन्ने मूल परिकल्पनाका साथ स्थापना भएको समविकास केन्द्रले अधिकारमुखी दृष्टिकोणलाई आत्मसात गर्दै सामाजिक न्याय, मानव अधिकार र सुशासन प्रवर्द्धनका लागि दलित, महिला, सीमान्तकृत, विपन्न, युवा, सुविधाविहीन तथा पछाडि पारिएका समुदायका अधिकारवालाहरूको राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक हक अधिकार सुनिश्चित गर्न उनीहरूलाई नै सक्षम र सबल बनाउने उद्देश्यका साथ आवश्यकता–आधारित तथा अधिकारमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । एक्शनएड संगको दशक लामो साझेदारीले जनशक्ति क्षमता विकास, संस्थागत नीति तथा रणनीति निर्माण, परियोजना व्यवस्थापनमा दक्षता अभिवृद्धि तथा संस्थागत विकास र भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको छ ।

**संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरूः** (Introduction to the EDC's Vision, mission Goal and objectives)

क) संस्थाको परिकल्पनाः सामाजिक न्याय समानतामा आधारित शान्ति र छुवाछुत रहित समतामुलक समाजको निर्माण यस संस्थाको परिकल्पना रहेको छ ।

ख) ध्येयः दलित, महिला, सिमान्तकृत तथा पछाढी पारिएका वर्गहरुको सशक्तिकरण, सम्मानजनक जीवनयापन, नागरिक अधिकार, सामाजिक न्याय र समताका लागि न्यायपुर्ण समाजको निर्माण गर्ने ।

ग) लक्ष्यः दलित, महिला, विपन्न, वालवालिका, अपांगता भएका ब्यक्ति, सिमान्तकृत एंव पछाडी पारिएका वर्ग समुदायहरुको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा सरसफाई, वातावरण एवं लैंगिक न्याय क्षेत्रको विकास गरी उनिहरुको जीवनस्तरमा सुधार गर्ने ।

घ) उद्धेश्यः

I. मानव अधिकार र सामाजिक न्याय सुनिश्चितताको लागि महिला तथा वालवालिका दलित एवं पछाडी पारिएका सिमान्तकृतहरुलाई संगठित र सशक्त गरी एकिकृत आन्दोलनमुखी अभियानका कार्यक्रमहरु संचालन गर्ने ।
II. दलित विपन्न वर्ग समुदायका महिलाहरुलाई विकासको मुलप्रवाहमा पहुँच बढाउन महिला सशक्तिकरण तथा लैगिक सचेतना अभिबृद्धि गर्ने ।
III. एकिकृत सामाजिक विकासका कार्यक्रम र गतिविधिका माध्यमबाट दलित महिला यूवा वालवालिका विपन्न र सिमान्तकृत भूमिहिन मुक्तहलिया समुदायको आर्थिक सामाजिक राजनिक शैक्षिक स्वास्थ्य अवस्थामा सुधार गर्ने ।

IV. सामाजिक समावेशीकरण सुशासन सामाजिक मेलमिलाप र शान्ति प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

V. जिविकोपार्जनका लागि खाध सुरक्षा खाध अधिकार लगायत पोषणलाई अधिकारको रुपमा विस्तार गरि कार्यक्रम संचालन गर्ने ।

VI. समावेशीकरण लोकतन्त्र सुशासन दीगो विकास शान्ती र विपद जोखिम न्यूनिकरणका लागि अधिकार र आवश्यकतामा आधारित अधिकारमुखी कार्य गर्ने ।

VII. जलवायू परिवर्तन वातावरण र उत्थानशिलताकालागि समुदायको सक्षमता र सवलिकरणमा सहयोग गर्ने ।

**संस्थाको मुल्य मान्यताः**

सम विकास केन्द्र नेपाल एक सदस्यतामा आधारित अभियान आन्दोलनबाट सृजना भएको एक गैरसरकारी संस्था हो । जातिय छुवाछुत, लैंगिक विभेद, अन्याय र असमानताका विरुद्ध लडदै सामाजिक रुपान्तरणको अभियानमा क्रियाशिल यस संस्थाले परिकल्पना गरेको समतामुलक समाजको निर्माण अभियानलाई साकार पार्न र संस्थाले आफना नीति ब्यबहारलाई परिवेशका आधारमा क्रमिक रुपमा परिमार्जन तथा सुधार गर्दै संस्थागत विकास एंव पछाढी पारिएका वर्ग समुदायहरुको सशक्तिकरण, हक अधिकारको सुनिश्चितता, सबैखाले विभेदहरुको उन्मुलन र सामाजिक विकासका कार्यक्रम तथा अभियानहरुलाई जवाफदेहि, पारदर्शि र उत्तरदायी ढंगबाट अगाढी बढाउन निम्न बमोजिमका मुल्यमान्यतालाई अंगिकार र परिपालन गर्दै आएको छ ।

१) एकता, २) सहभागिता, ३) मानविय ब्यबहार , र ४) समता ।





**एक्शनएडको साझेदारी पश्चात संस्थामा आएको परिवर्तनः**

**क) नीतिगत सुधारः**

सम विकास केन्द्र (इडीसी) नेपाल स्थापना पश्चात संस्थाको विधान २०५३, संस्था संचालन नियमावली २०५८ अन्तरगत आर्थिक नियमावली र कर्मचारी तथा प्रशासन नियमावलिलाइ कार्यान्वय गरि अगाढी बढदै जाने क्रममा एक्शनएडको साझेदारी भएपछि अन्य नीति, नियमावलि, रणनीति र कार्यविधिको आवश्यकता महसुस गरि साझेदार संस्था र विभिन्न सरोकारवालाहरूको सुझाव र आर्थिक प्राविधिक सहयोगमा संस्थागत सुशासन, पारदर्शिता, जवाफदेहिता तथा अधिकारमुखी कार्यप्रणाली सुनिश्चित गर्न निम्न आन्तरिक नीति, नियमावली तथा कार्यविधिहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

संस्थाका मौजुदा नीतिहरूः

I. सम विकास केन्द्रको विधान, २०५३ (संशोधन २०७७, २०८२)

II. मानव संसाधन (HR) नीति, २०५८ (छैटौँ संशोधन २०८२)

III. आर्थिक नीति, २०५८ (छैटौँ संशोधन २०८२)

IV. अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ (MEAL) नीति, २०७५

V. बाल संरक्षण तथा सेफगार्डिङ नीति, २०७३ (संशोधन २०८२)
VI. यौन दुर्व्यवहार तथा यौन उत्पीडन विरुद्धको नीति, २०७६
VII. भ्रष्टाचार विरोधी नीति, २०७५
VIII. साझा लागत (Common Cost) नीति, २०७७
IX. साझेदारी नीति, २०७६
X. खरिद (Procurement) कार्यविधि, २०५८ (संशोधन २०८२)



XI. निर्वाचन नीति, २०५९ (संशोधन २०७७)
XII. सवारी साधन व्यवस्थापन निर्देशिका, २०७७
XIII. संस्थागत सुशासन नीति, २०६९
XIV. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) नीति, २०७६
XV. आपतकालीन तयारी तथा प्रतिक्रिया योजना (EPRP) नीति, २०७४
XVI. गुनासो तथा प्रतिक्रिया संयन्त्र (CFM) कार्यविधि, २०७५
XVII. संस्थागत अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्देशिका, २०६२
XVIII. आचारसंहिता, २०७१ (संशोधन २०८२)
XIX. घुम्तीकोष परिचालन तथा अनुदान सहयोग कार्यविधि, २०८१

**११) एक्शनएड नेपाल संगको एक दशक लामो साझेदारी पश्चात संस्थाको आन्तरिक अवस्था र बाह्य वातावरणको अवस्था विश्लेषण (SWOT Analysis)**

सन् २०१२ देखि नै एक्शनड संगको साझेदारीमा समविकास केन्द्रले संस्थागत विकासका लागि विभिन्न क्षेत्रबाट प्राप्त सुझाव र सिकाइलाइ आत्मसाथ गर्दै नीति नियमहरूको निर्माण, कार्यान्वयन, समिक्षा र पुर्ननिर्माण गर्दै सन् २०२५ सम्म आइपुग्दा संस्थाको आन्तरिक क्षमता, स्रोतसाधन, अनुभव र विशेषताहरूका आधारमा संस्थाको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, चुनौति र अवसरहरूलाइ यस प्रकार विश्लेषण गरिएको छ।

| **सबल पक्षहरू (Strengths)** | **सुधार गर्नुपर्ने पक्षहरू (Weaknesses)** |
|---|---|
| • संस्थाको नियमित नवीकरण, आन्तरिक तथा बाह्य लेखा परीक्षण र वार्षिक साधारण सभा समयमै सञ्चालन हुँदै आएको छ, जसले संस्थागत पारदर्शिता र कानुनी पालना सुनिश्चित गरेको छ।<br>• संस्थाको सुशासन, जवाफदेहिता र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक सबै नीति, नियमावली तथा कार्यविधिहरू उपलब्ध छन् र व्यवहारमा कार्यान्वयनमा छन्।<br>• विपद् जोखिम न्यूनीकरण (DRR), लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), खरिद (Procurement) लगायतका विषयगत उपसमिति तथा फोकल पर्सनहरू गठन गरी जिम्मेवारी स्पष्ट रूपमा कार्यान्वयन गरिएको छ।<br>• जवाफदेहिता, पारदर्शिता र अनुगमन सुनिश्चित गर्न | • संस्थामा सीमित स्रोतसाधन र प्राविधिक जनशक्तिको अभावका कारण अनुगमन मुल्यांकन तथा वाफदेहिता सिकाइ नीति (MEAL) पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु।<br>• नयाँ कर्मचारी तथा सदस्यहरूको लागि क्षमता विकास आवश्यक देखिएको छ, विशेषगरी PRA विधि, अनुगमन मुल्याकन, तथ्यांकमा आधारित प्रतिवेदन तथा जलवायु न्याय सम्बन्धी थप ज्ञान र सीपहरूमा थप सुदृढीकरण आवश्यक छ।<br>• संस्थाको भौतिक पूर्वाधारलाई थप सुदृढ बनाउन, विशेषगरी संस्थाको जग्गा घेराबार, हल लगायत पूर्वाधार सुधारको आवश्यकता छ।<br>• संस्थामा महिला कर्मचारीको कमि हुदै जानु।<br>• विभिन्न अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूका नीति, |

| | |
|---|---|
| प्रभावकारी संयन्त्र तथा कार्यविधि अवलम्बन गरिएको छ, जसले संस्थागत सुशासन प्रवर्द्धन गरेको छ।<br>• हाल संस्थाको आफ्नै भवन र ३ रोपनी जग्गा र आवश्यक उपकरण तथा फर्निचर्स रहेकोले दीर्घकालीन संस्थागत स्थायित्व सुनिश्चित भएको छ।<br>• लैङ्गिक तथा सामाजिक समावेशीकरण, सुशासन, महिला अधिकार, गुणस्तरीय शिक्षा, सामुदायिक सशक्तीकरण, अनुगमन तथा मूल्याङ्कन, अधिकारमुखी पैरवी (HRBA), सामाजिक परिचालन, रिफ्लेक्ट (REFLECT), छलफल चौतारी लगायतका क्षेत्रमा अनुभवी र दक्ष जनशक्ति संस्थामा कार्यरत छन्।<br>• संस्थालाई जातीय विभेद तथा लैङ्गिक हिंसा (GBV) विरुद्ध कार्यगर्ने विश्वसनीय संस्थाको रूपमा जिल्लामा पहिचान गरिएको छ।<br>• स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरूसँग सुदृढ समन्वय, सहकार्य र सौहार्दपूर्ण सम्बन्ध कायम रहेको छ।<br>• संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको विश्वासमा आधारित सहकार्य गर्दै परियोजनाहरू कार्यान्वयन गरेको उल्लेखनीय अनुभव हासिल गरेको छ।<br>• संस्थागत प्रभावकारिता बढाउन संगठनात्मक संरचना परिमार्जन गरी साझा जिम्मेवारी प्रणाली लागू गरिएको छ।<br>• वार्षिक सहभागितामूलक तथा संयुक्त अनुगमन प्रणाली अवलम्बन गरी कार्यक्रमको गुणस्तर र प्रभाव सुनिश्चित गरिन्छ।<br>• डिजिटल तथा सामाजिक सञ्जालको प्रयोग मार्फत दरखास्त आह्वान, खरिद प्रक्रिया लगायतका सूचनाहरू पारदर्शी रूपमा सार्वजनिक गरिन्छ।<br>• संस्थामा गुनासो सुनुवाइ संयन्त्रको निर्माण, सूचना अधिकारीको ब्यबस्था, सुरक्षण फोकल ब्यक्तिको ब्यबस्था र कार्यालयमा इ हाजीरीको प्रयोग गरिन थालेको छ।<br>• बोर्ड र कर्मचारीबीच नियमित सिकाइ तथा अनुभव आदान–प्रदानको अभ्यास संस्थागत गरिएको छ।<br>• १० वर्षको दौरानमा एक्शनएको सहयोगले कार्यालयको भौतिक पुर्वाधार विकास निर्माणमा सहयोग प्राप्त भइ कार्यालय भवन, पर्खाल र बाटो | प्रणाली र मापदण्डबीच समन्वय तथा एकरूपताको अभाव देखिएको छ, जसले कार्यक्रम कार्यान्वयन र रिपोर्टिङ प्रक्रियामा चुनौती सिर्जना गरेको छ।<br>• संस्थाको स्वामित्वमा रहेको जग्गा उत्पादनमूलक कार्यमा (आयआर्जन, नमूना अभ्यास वा तालिम केन्द्रका रूपमा) उपयोगी हुन नसक्नु।<br>• प्राविधिक स्रोतसाधन तथा विशेषज्ञताको अभाव (प्रस्ताव लेखन, बजेटिङ, डिजिटल MEAL प्रणाली आदि)। |

| | |
|---|---|
| निर्माण गरि सुरक्षित वातावरणको बनेको छ।<br>• संस्थाको सन् २०२६ देखि सन् २०३० सम्मको पञ्चवर्षिय रणनीति निर्माणाधिन अवस्था छ।<br>• सम विकास केन्द्र गैरसरकारी संस्था महासंघको जिल्ला सिमती डोटीको सचिव पदमा निर्वाचन। | |
| **अवसरहरू (Opportunities):**<br>• जिल्ला तथा स्थानीय तह सरकारसँग समन्वय र सहकार्य विस्तारः जिल्ला समन्वय समिति तथा पालिकाहरूसँगको बढ्दो समन्वय र सहकार्यले साझा प्राथमिकताका मुद्दाहरूमा प्रभावकारी कार्यक्रम कार्यान्वयन, स्रोत परिचालन र नीतिगत प्रभाव विस्तार गर्ने अवसर सिर्जना गरेको छ।<br>• उपलब्ध नीति तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनः संस्था भित्र विद्यमान नीति, नियमावली र कार्यविधिहरूलाई व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन गर्दै सुशासन, पारदर्शिता र जवाफदेहिता अझ सुदृढ बनाउने महत्वपूर्ण अवसर रहेको छ।<br>• समुदायको एकता र अधिकारमा आधारित सहभागिताः समुदाय स्तरमा एकता, सामूहिक आवाज र सहभागिता बढ्दै जानु अधिकार प्राप्तिका लागि दबाब सिर्जना गर्ने बलियो आधार हो। समुदाय संगठन निर्माण र परिचालन मार्फत अधिकारका सवालमा सामूहिक माग राख्ने क्षमता विस्तार गर्न सकिने। युवा, महिला र किशोरीको नेतृत्व क्षमता वृद्धि गरेर सामुदायिक नेतृत्व विकासका माध्यमबाट सामाजिक, शैक्षिक र पर्यावरणीय अभियानका साथै सामाजिक रूपान्तरण प्रकृयामा प्रभाव बढाउन सकिन्छ।<br>• नीति र अभ्यासको दिगोपनका लागि स्थानीय मुद्दामा सरकारमाथि नीतिगत दबाब सिर्जना गर्ने सम्भावनाः स्थानीय समस्या, आवश्यकता र आवाजलाई संगठित रूपमा प्रस्तुत गर्दै नीति निर्माण र कार्यान्वयनमा सरकारलाई उत्तरदायी बनाउन सकिने अवस्था बनेको छ। स्थानीय सरकारले लैङ्गिक समानता र महिला उद्यमशीलतामा बजेट र नीति स्थायित्व कायम राखेमा दीर्घकालीन प्रभाव सृजना गर्न सक्छ।<br>• विभिन्न संस्था तथा दातृ निकायको विश्वास र सहयोग वृद्धिः संस्थाको दीर्घकालीन अनुभव, परिणाममुखी काम र पारदर्शिताका कारण विभिन्न | **चुनौतीहरू (Threats/Challenges)**<br>• असमानता, लैङ्गिक विभेद र छुवाछुतको निरन्तरताः समुदायमा अझै पनि जातीय छुवाछुत, लैङ्गिक विभेद र असमान शक्ति संरचना विद्यमान रहेकाले सामाजिक रूपान्तरणका प्रयासहरूमा समय, स्रोत र निरन्तर पैरवी आवश्यक छ। यस्ता अभ्यासहरूले महिलाहरू, दलित तथा सिमान्तकृत समुदायको सहभागिता र अधिकार उपयोगमा अवरोध सिर्जना गरिरहेको छ।<br>• गैरसरकारी संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा हुनुः परियोजना, स्रोत र दातृसंस्थाको पहुँचका लागि संस्थाहरूबीच सहकार्यभन्दा प्रतिस्पर्धा बढी हुँदा साझा सिकाइ, समन्वय र प्रभाव विस्तारमा नकारात्मक असर पर्न गएको छ।<br>• डोटी जिल्ला INGOs का लागि कम प्राथमिकतामा पर्नुः भौगोलिक दुर्गमता, पहुँचको कठिनाइ र सीमित पहुँचको अभावका कारण डोटी जिल्ला अन्तर्राष्ट्रिय संस्थाहरूको प्राथमिकताको सूचीमा नपर्दा अवसर र लगानी आकर्षणमा कमी आएको छ।<br>• वैदेशिक श्रमका लागि उच्च माइग्रेसन दरमा बृद्दिः करिब ४० प्रतिशत दलित यूवा पुरुष रोजगारीका लागि भारत पलायन हुँदा समुदायमा श्रमशक्तिको अभाव, पारिवारिक विभाजन र महिला तथा वृद्ध माथि थप जिम्मेवारीको बोझ बढेको छ।<br>• राजनीतिक अस्थिरता र हस्तक्षेपः सरकारको बारम्बार हुने राजनीतिक परिवर्तन र हस्तक्षेपले योजना कार्यान्वयन, नीति निरन्तरता र संस्थागत सहकार्यमा चुनौती सिर्जना गरेको छ।<br>• स्थानीय तहमा NGO Desk को अभावः स्थानीय तहमा गैरसरकारी संस्थासँग समन्वय गर्ने स्पष्ट संयन्त्र (NGO Desk) नहुँदा सूचना आदान–प्रदान, योजना समन्वय र सहकार्य प्रभावकारी हुन सकेको छैन।<br>• भौगोलिक चुनौतीः डोटी जिल्लाका दुर्गम र पहाडी भौगोलिक क्षेत्रमा यातायात, पहुँच, सेवा प्रवाह र नियमित अनुगमनमा कठिनाइ। |

| | |
|---|---|
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/दाता निकायसँगको विश्वास र सहकार्यमा थप विस्तार हुने अवसर ।<br>• अन्य जिल्ला र फिल्डमा शाखा विस्तार गर्ने सम्भावनाः लैङ्गिक समानता र जातीय विभेद जस्ता साझा मुद्दालाई समग्र दृष्टिकोणबाट सम्बोधन गर्न अन्य जिल्ला तथा फिल्डमा शाखा विस्तार तथा कार्यक्रम संचालन गर्ने अवसर उपलब्ध ।<br>• डिजिटाइजेशन तथा ई–शासन प्रणालीको प्रयोगः मोबाइल आधारित गुनासो संयन्त्र, ई–हस्ताक्षर, एकीकृत सफ्टवेयर, फिल्ड रिपोर्टिङ प्रणाली जस्ता डिजिटल प्रविधि प्रयोग गरी संस्थागत कार्यक्षमता, पारदर्शिता र सेवाको पहुँच वृद्धि गर्न सकिने अवसर ।<br>• संस्थाभित्र मानव संसाधनको वृद्धिः नयाँ तथा दक्ष मानव संसाधन थपिँदै जानुले कार्यक्रम विस्तार, विशेषज्ञता विकास र संस्थागत क्षमतामा दीर्घकालीन सुधार ल्याउने अवसर ।<br>• स्थानीय अधिकार कार्यक्रम (CSP) मा करिब १० वर्षको अनुभवः डोटी जिल्लाका ३ वटा पालिकामा करिब एक दशकदेखि स्थानीय अधिकार कार्यक्रम सञ्चालन गरेको अनुभवले नीति पैरवी, समुदाय परिचालन र परिणाममा आधारित कार्यक्रम डिजाइनमा संस्थालाई थप सक्षम बनाएको छ ।<br>• आर्थिक र हरित उद्यमका अवसरहरू: साना व्यवसाय, जैविक खेती, उद्यमशीलता तालिम र बजार पहुँचले महिलाको आत्मनिर्भरता र सामाजिक हैसियत बढाउन योगदान गर्छ ।<br>• सशक्त नेटवर्क र सहकार्य: महिला समूह, विद्यालय, स्थानीय सरकार र प्रहरी/न्यायिक संरचनाबीच सहकार्य बढाएर संरचनागत समर्थन मजबुत बनाउन सकिन्छ ।<br>• समावेशी शिक्षा र सामाजिक रूपान्तरण: बालबालिका र समुदायमा शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र सामाजिक समावेशिता प्रवर्द्धन गर्न सकिन्छ । | |

**यस अवधिमा भएका मुख्य मुख्य सिकाइहरू (Lessons Learned):**

१. वालविवाह न्यूनीकरणका लागि सचेतना अभिवृद्धि: १३ देखि २० वर्षका किशोरीहरूमा साइबर क्राइम र सामाजिक सञ्जालको सुरक्षित प्रयोग सम्बन्धी सचेतना अभिवृद्धि अत्यन्त प्रभावकारी देखिएको छ । यसले उनीहरूलाई सामाजिक प्रभावबाट जोगिन मद्दत गरेको र बालविवाह रोकथाममा सकारात्मक योगदान पुऱ्याएको छ ।

२. हिंसा तथा विभेदमा संलग्न तत्वहरूको पहिचान र पुनःसंलग्नता: समुदायमा हिंसा तथा विभेदमा संलग्न व्यक्ति वा समूहहरूको पहिचान गरी उनीहरूलाई अभियान तथा सचेतना गतिविधिमा संलग्न गराउँदा सामुदायिक सोचमा परिवर्तन देखिएको छ । यसले दीर्घकालीन सामाजिक समावेशीकरणलाई बलियो बनाउन मद्दत गर्दछ ।

३. युवाको नेतृत्व र सहभागिता: यूवाहरूको नेतृत्व क्षमता विकास, सामाजिक उत्तरदायित्व, र सकारात्मक सोंचको विकासले उनिहरूलाइ सामाजिक रूपान्तरणको अभियानमा सहभागी गराउँदा व्यवहारिक परिवर्तन, समाजमा शान्ति र समानतामूलक परिवेश सिर्जना गर्न मद्दत पुग्दछ ।

४. वालवालिकाको गुणस्तरिय शिक्षा: बालबालिकाको पहुँच मात्र होइन, उनीहरूको गुणस्तरिय शिक्षामा ध्यान केन्द्रित गर्नु पनि समुदाय विकासको मुख्य आधार हो । विद्यालयमा जीवनपयोगी सीप, लैङ्गिक समानता र विध्यालय शिक्षाका अधिकारलाई समावेश गर्दा बालबालिकामा सचेतना र आत्मविश्वास दुवै बढेको अनुभव गरिएको छ । सुरक्षित सिकाइ वातावरण र सुशासन बिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन भन्ने स्पष्ट भएको छ । भौतिक पूर्वाधार, विध्यालय सुशासन, पारदर्शी व्यवस्थापन र बालमैत्री अभ्यास एक–अर्काका पूरक हुन् भन्ने सिकाइ प्राप्त भएको छ । बालिका मैत्री पूर्वाधार र सुविधा (छात्रामैत्री शौचालय, सरसफाइ सामग्री, आराम कक्ष, चेन्जिङ रूम) ले विद्यालय उपस्थिति र सिकाइ उपलब्धिमा प्रत्यक्ष र मापनयोग्य प्रभाव पार्ने देखिएको छ । यसले लैङ्गिक समानता प्रवर्द्धनमा पूर्वाधार लगानीको महत्व पुष्टि गरेको छ ।

५. जलवायु न्यायमा स्थानीय तहको भूमिका: जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि स्थानीय तहलाई जिम्मेवार र उत्तरदायी बनाउँदा ठोस सुधार ल्याउन सकिन्छ । जलवायु न्यायका विषयमा स्थानीय तहले नीति तथा कार्यक्रमहरूमा प्राथमिकता दिन थालेका छन् ।

६. महिलाको आर्थिक आत्मनिर्भरता: महिलाहरूलाई उद्यमशीलता, सीप विकास र रोजगारीका अवसरहरू उपलब्ध गराउँदा उनीहरू आर्थिक रूपमा सबल भएका छन् । आर्थिक सशक्तीकरणले पारिवारिक निर्णयमा महिलाको सहभागिता बढाएको, लैंगिक विभेदमा कमि र हिंसा न्यूनीकरणमा यसले सहयोग पुऱ्याएको छ ।

७. साझेदारी र माग-आधारित योजना निर्माण: पालिकाको मागमा आधारित योजना निर्माण र साझेदारी क्रियाकलापहरू अगाडि बढाउँदा कार्यको प्रभावकारिता र दिगोपन बढेको छ । स्थानीय तहसँगको सहकार्यले कार्यक्रमहरूलाई समुदायमै स्वामित्व दिलाएको छ । स्थानीय तहको स्वामित्व र बजेट प्रतिबद्धताले कार्यक्रमको दीगोपनाका लागि निर्णायक भूमिका खेल्दछ । जहाँ स्थानीय सरकारले नीति, बजेट र योजना मार्फत स्वामित्व लिएको हुन्छ, त्यहाँ कार्यक्रमका उपलब्धि दीगो हुने सम्भावना उच्च देखिएको छ ।

८. समग्र पहुँच र संरचना: न्याय, सुरक्षा र सामाजिक सेवा प्रणाली सुदृढ हुनु आवश्यक छ, जसले महिलालाई हिंसा सहन बाध्य पार्ने संस्कृतिलाई चुनौती दिन्छ । श्रमिक महिलाहरुलाई स्थानिय तहका विभिन्न संरचनाहरुमा प्रतिनिधित्व बढाउन सके स्थानिय तह जिम्मेवार, जवाफदेहि र सक्रिय हुने ।

**निष्कर्ष:**

स्थानिय अधिकार कार्यक्रमले सामुहिक सशक्तीकरणलाई संरचनात्मक रूपान्तरणसँग जोड्दै महिला अधिकार, सामाजिक न्याय, आर्थिक स्वावलम्बन र सामाजिक समावेशितामा दीर्घकालीन प्रभाव सृजना गरेको छ । नीतिगत स्थायित्व, व्यवहारिक सुधार र समुदायसँगको सहकार्यले दिगो विकास र स्थायी सामाजिक रूपान्तरणको मार्ग सुनिश्चित गरेको छ ।

मानव अधिकार, सामाजिक न्याय र सुशासन प्रवर्द्धनका लागि गरिबी, असमान शक्ति संरचना तथा जातीय र लैङ्गिक विभेदका विरुद्ध सञ्चालन गरिएका कार्यक्रम तथा अभियानहरूले लक्षित समुदायको आर्थिक हैसियतमा सुधार, राजनीतिक नेतृत्व विकास, स्रोतसाधनमा पहुँच, गुणस्तरीय शिक्षा तथा सामाजिक न्यायमा पहुँच विस्तार गर्नुका साथै जलवायु परिवर्तन, बालबालिकाको पोषण र मानवीय संकट व्यवस्थापनमा सकारात्मक योगदान पुऱ्याएका छन् । एक्शनएडसँगको एक दशक लामो साझेदारीले संस्थागत नीति, रणनीति, परियोजना व्यवस्थापन क्षमता र भौतिक पूर्वाधार सुदृढ गर्दै इडीसी लाई सामाजिक न्याय र सुशासन प्रवर्द्धनको विश्वसनीय संस्थाका रूपमा स्थापित गरेको छ । यस साझेदारी अन्तरगत संचालन गरिएको स्थानिय अधिकार कार्यक्रम र अन्य परियोजनाहरूबाट समुदायमा देखिएको नतिजा र प्रभावहरूले दिगो विकासका लक्ष्यहरू १,२,४,५,१०,१३ र

१६ लाई महत्वपुर्ण योगदन पुर्याएको छ । यसैले हाम्रो दशवर्षिय यात्रामा प्राप्त भएका उपलव्धी, नतीजा तथा सिकाइलाई अधिकारवाला तथा सरोकारवालामा समक्ष प्रस्तुत गर्ने उद्द्श्यले यो दशवर्षे यात्रा प्रतिवेदन प्रकाशन गरिएको छ।

साथै, एक्शनएड नेपालसँगको सहकार्य पश्चात् पनि सम विकास केन्द्र (इडीसी) नेपालले पालिकामा सूचिकृत भैसकेका समुह तथा संगठनहरूलाइ स्थानिय सरकारसंग समन्वय र सहकार्य गरि स्थापित उपलब्धिहरूलाई थप संस्थागत गर्दै समुदायमा सकारात्मक परिवर्तन निरन्तर अघि बढाउने कार्यलाई दृढतापूर्वक अगाडि बढाउने अपेक्षा गरिएको छ।

## सफलताका कथाहरू

### "नेतृत्व तहमा महिला : गौरी महराको रूपान्तरण यात्रा"

**स्थान:** शिखर नगरपालिका, वडा नं. ४
**लक्षित समूह:** मध्यम वर्गीय महिला

गौरी महरा शिखर नगरपालिका वडा नं. ४ की एक साधारण महिला हुन् । आर्थिक अभावका कारण उनी १६ वर्षकै उमेरमा विवाह गर्न बाध्य भइन् । कक्षा ५ मै पढाइ छोड्नुपरेको गौरीको जीवन विवाहपछि घरधन्दा, खेतिपाती र पशुपालनमै सीमित रह्यो । श्रीमान् रोजगारीका लागि भारत गएपछि घर, छोराछोरी र जीविकोपार्जनको सम्पूर्ण जिम्मेवारी उनीमाथि आयो । समाजसँग खुलेर बोल्न नसक्ने, पाहुना आए पनि लजाएर चुप लाग्ने गौरीले आफूभित्रको सम्भावना कहिल्यै पहिचान गर्न सकेकी थिइनन् ।

सन् २०१५ मा सम विकास केन्द्र नेपाल र ActionAid नेपालको सहयोगमा समुदायमा **Reflect Circle** गठन भएपछि गौरीको जीवनले नयाँ मोड लियो । छिमेकी महिलाको प्रेरणामा उनी उक्त सर्कलको सदस्य बनिन् । घरको काम मिलाएर नियमित बैठकमा सहभागी हुन थालिन् । Reflect Circle मा हुने छलफल, सामूहिक सिकाइ र दुई चरणको नेतृत्व विकास तालिमले गौरीको आत्मविश्वास बढायो । उनी पहिलो पटक "म पनि नेतृत्व गर्न सक्छु" भन्ने विश्वासमा पुगिन् ।

समूहको सिफारिसमा उनी उपभोक्ता समितिको कोषाध्यक्ष बनिन् र दोस्रो कार्यकालमा अध्यक्षको जिम्मेवारी सम्हालिन् । पहिलो पटक ५ लाख रुपैयाँको योजना सफलतापूर्वक कार्यान्वयन गर्दै उनले पारदर्शिता, समान ज्याला र महिला श्रमिकको सुरक्षालाई प्राथमिकता दिइन् । महिला र पुरुष श्रमिकलाई समान ज्याला दिने उनको निर्णय सुरुमा केही पुरुषलाई अपच्य लागे पनि यसले समुदायमा उदाहरणीय अभ्यासको सुरुवात गऱ्यो ।

समुदायको विश्वास जितेपछि गौरीले हालसम्म ६ पटक ठूला योजनाको अध्यक्ष भइसकेकी छन् । सन् २०२५ मा उनले १५ लाख रुपैयाँको विद्यालय भवन निर्माण योजना नेतृत्व गरिन् । श्रमदानलाई प्राथमिकता दिँदै योजना सम्पन्न गर्दा २ लाख रुपैयाँ बचत भयो, जुन रकम विद्यालयको शैक्षिक सुधारमा लगानी गरिएको थियो ।

गौरी अहिले महिला अधिकार मञ्चकी अध्यक्ष समेत हुन् । उनले छाउपडी प्रथा, बालविवाह, बहुविवाह, जातीय विभेद र असमान ज्याला विरुद्ध सक्रिय रूपमा काम गरेकी छन् । उनी भन्छिन्: "Reflect Circle मा बसेपछि म बाहिरी संसारलाइ चिन्न थाले । तालिमले मेरो डर हटायो । आज म आफुमा मात्रै होइन, अरु दिदीबहिनीमा पनि नेतृत्वको आत्मविश्वास देख्न चाहन्छु।"

आज गौरी महरा समुदायमा इमानदार, सक्षम र उदाहरणीय महिला नेतृका रूपमा परिचित छिन् । उनको यात्राले देखाएको छ, सही अवसर, क्षमता विकास र निरन्तर साथ मिलेमा ग्रामीण महिला पनि स्थानीय विकासको नेतृत्व तहमा पुग्न सक्छन् ।

### "दलित महिलाबाट राजनीतिक नेतृत्वसम्म : लक्ष्मी लुहारको रूपान्तरण यात्रा"

**स्थान:** दिपायल सिलगढी नगरपालिका, वडा नं. ५, गाउँपाकरी
**लक्षित समूह:** दलित, विपन्न महिला

लक्ष्मी लुहार दिपायल सिलगढी नगरपालिका वडा नं. ५, गाउँपाकरीकी एक दलित महिला हुन् । आज उनी ४० वर्षकी भइसकेकी छन् । श्रीमान् र चार सन्तानसहित ६ जनाको परिवार भए पनि उनको जीवन यात्रा संघर्ष, विभेद र साहसले भरिएको छ । पाँच दिदीबहिनी मध्ये एक लक्ष्मी बाल्यकालदेखि नै गरिबी र अभावमा हुर्किइन् । आर्थिक अवस्था कमजोर भएकाले विद्यालय जाने चाहँदाहुँदै पनि पढाइलाइ निरन्तरता दिन सकिनन् । परिवारको ऋण र जिम्मेवारीका कारण उनले १८ वर्षकै उमेरमा विवाह गर्नुपऱ्यो ।

विवाहपछि पनि उनको जीवन सहज भएन । श्रीमान् रोजगारीका लागि भारत गएपछि उनी ससुरासँग अर्काको घरमा हलिया जीवन बिताउन बाध्य भइन् । अर्काको खेतमा काम गरेर अन्न ल्याउने, न्यून ज्याला, जातीय विभेद र धम्की यी सबै उनको दैनिकी बने । दलित र हलिया भएकै कारण उनले सामाजिक अपमान र हिंसाको निरन्तर सामना गर्नुपऱ्यो ।

सन् २०१४ मा समविकास केन्द्र नेपालले गाउँपाकरीमा महिला समूह (**Reflect Circle**) गठन गरेपछि लक्ष्मीको जीवनमा निर्णायक मोड आयो । सुरुमा "दलित महिला म समूहमा बस्न सक्छु कि सक्दिन?" भन्ने डर भए पनि उनले साहस गरेर समूहमा सहभागिता

जनाइन् । निरन्तर बैठक, छलफल र महिला अधिकार, हिंसा, छाउपडी, नेतृत्व विकास जस्ता विषयमा भएको सिकाइले उनको आत्मविश्वास बढ्दै गयो ।

तीन दिने नेतृत्व विकास तालिम पछि लक्ष्मीमा ठूलो परिवर्तन आयो । उनी भन्छिन्, *"म बोल्न सक्ने रहेछु भन्ने विश्वास त्यही तालिमपछि आयो ।"* समूहमा उनको सक्रियताका आधारमा उनी वडा स्तरीय महिला अधिकार मञ्चको कोषाध्यक्ष बनिन् ।

समुदायमा मदिरा सेवनका कारण बढ्दो हिंसाको विरुद्ध लक्ष्मीको नेतृत्वमा मदिरा निषेध अभियान सुरु भयो । यो अभियान अत्यन्त चुनौतीपूर्ण थियो । पसले र केही पुरुषबाट धम्की, कुटपिट र ज्यान मार्ने चेतावनी समेत आयो । प्रहरीमा उजुरी दिँदा साक्षी नपाएर उजुरी फिर्ता लिनुपरेको पीडा पनि उनले भोगिन् तर उनी पछि हटिनन् । प्रहरी, समुह र समुदायको सहकार्यमा अभियानलाई निरन्तरता दिँदै मदिरा पसल बन्द गरियो र जरिवाना प्रणाली स्थापना गरियो । जरिवानाबाट संकलित रकम महिलाको घुम्ती कोष र आपतकालीन सहयोगमा प्रयोग हुन थाल्यो । यस सक्रियताले लक्ष्मीको पहिचान बदलियो । उनी उपभोक्ता समितिको अध्यक्ष, विद्यालय व्यवस्थापन समितिको सदस्य, स्वास्थ्य इकाइ सदस्य, वन समितिको कोषाध्यक्ष बन्दै गइन् । दलित महिला कहिल्यै नपुगेको स्थानमा उनको उपस्थितिले समुदायको शक्ति संरचना नै बदलिन थाल्यो ।

सन् २०१७ मा उनले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सदस्यता लिएर औपचारिक राजनीतिक यात्रासमेत सुरु गरिन् । हाल उनी टोल विकास समिति सदस्य, पार्टीको टोल र वडा कमिटी सदस्य, नगर कमिटी सचिवको भूमिकामा सक्रिय छिन् । जिल्ला समितिमा उम्मेदवार बनेर चुनाव लड्नु नै उनको नेतृत्व क्षमताको प्रमाण हो ।

आज लक्ष्मी लुहार भन्छिन्:"म नपढेकी महिला हुँ, तर डराउन छोडेपछि नेतृत्व सम्भव हुँदो रहेछ । अब म वडा अध्यक्षको उम्मेदवार बनेर महिलाका मुद्दा आफैं नेतृत्व गर्न चाहन्छु ।"

लक्ष्मीको यात्रा दलित, अशिक्षित र सीमान्तकृत महिलामा पनि नेतृत्वको सम्भावना हुन्छ भन्ने सशक्त प्रमाण हो । Reflect Circle, नेतृत्व विकास तालिम र संस्थागत सहयोगले उनलाई पीडित अवस्थाबाट परिवर्तनको संवाहक र राजनीतिक नेतृत्व मा पुऱ्याएको छ।

## "तरकारी व्यवसायबाट प्राप्त सफलता – धना देवी बिष्ट"

**स्थान:** दिपायल सिलगढी नगरपालिका, वडा नं. ७, पाकरी

**लक्षित समूह:** विपन्न महिला, उद्यमशील महिला

धना देवी बिष्ट ३८ वर्षकी विपन्न महिला हुन् । उनको विगत निकै चुनौतीपूर्ण थियो—१६ वर्षमा विवाह, १४ वर्षकै उमेरमा आमाको जिम्मेवारी, श्रीमान् भारतमा मजदुरी गर्न गएपछि परिवारको भरणपोषण आफैंले गर्नु पर्ने अवस्था थियो । घरको सानो जमिन र खेतीपातीले परिवारको आर्थिक आवश्यकताहरू पूरा गर्न पर्याप्त थिएन ।

सन् २०१५ मा **Reflect Circle** र महिला समूहमा सहभागी भएपछि उनको जीवनमा नयाँ अवसर आयो । समूहका माध्यमबाट उनी महिला अधिकार, उद्यमशीलता र व्यवसायिक सिप तालिममा सहभागी भइन् । प्राप्त तालिम र सल्लाहको आधारमा उनले तरकारी खेती व्यवसाय सुरु गर्ने निर्णय गरिन् ।

धनाले सुरुमा आलु, मुला र मौसमी तरकारी खेती गरिन । पहिलो वर्षमा रु. २२,००० आम्दानी गरेपछि उनले व्यवसाय विस्तार गरिन् । श्रीमान् भारतबाट फर्केपछि दुवै मिलेर मौसमी र बे-मौसमी तरकारी खेतीमा लगानी बढाए । पालिकाबाट अनुदान र समूहको सहयोगले उनी बजार व्यवस्थापन, उत्पादन र वितरणमा सक्षम भइन् ।

आज धना देवीको व्यवसायले परिवारको आर्थिक स्थिति मजबुत बनाएको छ । उनले चार छोराछोरीलाई शिक्षित गराइरहेकी छन्, दुई छोरा उच्च शिक्षा हासिल गर्न शहर गएका छन । उनको व्यवसायबाट घर खर्च, बचत र शिक्षा खर्च व्यवस्थापन सहज भएको छ । यसका साथै उनले जग्गा खरिद गरि बैंक खातामा बचत समेत गर्न सक्षम भएकी छिन ।

धनाले समाजमा अन्य महिलाहरूलाई पनि उद्यमशीलतामा सामेल गराउन प्रेरित गरिरहेकी छन् । उनी भन्छिन, "पहिले मेरो आयश्रोत निकै सीमित थियो, तर अहिले तरकारी व्यवसायले मलाई आर्थिक स्वतन्त्रता, आत्मविश्वास र समाजमा सम्मान दिएको छ । म अरु महिलाहरुलाई पनि आफ्नो व्यवसाय सुरु गर्न प्रेरित गर्छु।" धनाको कथा महिला सशक्तिकरण, आर्थिक स्वतन्त्रता र समुदायमा नेतृत्व प्रदर्शन गर्ने उदाहरण हो । Reflect Circle र महिला समूहको निरन्तर सहयोगले उनलाई आत्मनिर्भर उद्यमी र समाजमा सम्मानित महिला बनाएको छ ।

## "बाख्रापालन व्यवसायबाट जीविका चलाउँदै – मानी बोगटी"

**स्थान:** शिखर नगरपालिका, वडा नं. ३, अतुराली

**लक्षित समूह:** विपन्न, एकल महिला

मानी बोगटी ४० वर्षकी एकल महिला हुन् । १६ वर्षको उमेरमा विवाह भएकी उनी, २० वर्षको उमेरमा श्रीमान् बितेपछि १० महिनाको छोरीसँग एक्लै बस्न बाध्य भइन् । अत्यन्तै कठिन परिस्थितिमा सानो खेतवारी र न्यून ज्यालामा जीविकोपार्जन गर्दै छोरीको पालनपोषण गर्दै आएकी थिइन् ।

सन् २०१५ मा महिला समूह र **Reflect Circle** मा सहभागी भएपछि मानीले जीवन बदल्ने अवसर पाइन । समूहमा नियमित सहभागिता र तालिम मार्फत उनी उद्यमशीलता र व्यवसायिक सिप हासिल गरिन । समूहको सहयोगमा उनी बाख्रापालन व्यवसायमा छनोट भइन् र संस्थाको अनुदान सहयोग र तालिमको सहयोगबाट व्यवसाय सुरु गरिन् ।

आज मानी बोगटीसंग १३ वटा बाख्राहरू छन । बाख्रा पालन बाट उनले मासिक १५ हजार भन्दा बढी आम्दानी गरिरहेकी छिन । आम्दानीले घर खर्च, छोरीको शिक्षा र स्वास्थ्य खर्च व्यवस्थापन गर्न सजिलो भएको छ । उनी नियमित समुहमा बचत गर्दै आइरहेकि छिन र छिमेकी महिलाहरूलाई सहयोग गर्दै प्रेरित गरिरहेकी छन् ।

पहिला समाजले उनलाइ हेर्ने दृष्टिकोण नै फरक थियो र समाजमा उनको कुनै सम्मान थिएन । अहिले व्यवसायिक सफलता र नेतृत्वले उनलाई समुदायमा सम्मान र विश्वास दिलाएको छ । मानी भन्छिन्, "पहिले मेरो जीवन अत्यन्त कठिन थियो, तर अब व्यवसायले मलाई आत्मनिर्भर बनाएको छ । म अन्य महिलाहरुलाई पनि मेहनत र व्यवसायबाट आत्मनिर्भर बन्न प्रेरित गर्छु।"

मानीको कथा एकल, विपन्न महिला कसरी व्यवसाय र समूहको सहयोगले आर्थिक स्वतन्त्रता, सामाजिक सम्मान र नेतृत्व क्षमता हासिल गर्न सक्छ भन्ने उदाहरण हो जसले उनलाई आत्मविश्वासी, आर्थिक रूपमा सक्षम र समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्यमी महिला बनाएको छ ।

## अभियानकर्मी हुँदै जागिर प्राप्तीसम्मको यात्रा

**केशव बिष्ट, दिपायल सिलगढी नगरपालिका–७, डोटी**

दिपायल सिलगढी नगरपालिका वडा नं. ७, पाकरीका केशव बिष्ट २४ वर्षका युवा हुन् । चार जना भाइ–बहिनी, बुवा–आमा सहित सात जनाको परिवारमा हुर्किएका केशवका लागि जीवनको प्राथमिक चुनौती परिवारको आर्थिक अवस्था थियो । कृषि मजदुरीबाट वर्षको केही महिना मात्र खान पुग्ने अवस्था हुँदा शिक्षालाइ निरन्तरता दिनु उनको लागि ठूलो संघर्ष थियो ।

सन २०१६ मा सम विकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहकार्यमा सञ्चालित स्थानीय अधिकार कार्यक्रम अन्तर्गत गठन गरिएको विद्यालय स्तरीय बाल क्लबमा आबद्ध भएपछि केशवको जीवनमा नयाँ परिवर्तन आयो । पढाइमा मेहनती र अनुशासित केशव सामाजिक विषयमा सानैदेखि चासो राख्थे । बाल क्लबमार्फत उनले बालअधिकार, बालविवाह, बालश्रम, हिंसा र विभेद विरुद्धका अभियानहरूमा सक्रिय भूमिका निर्वाह गर्न थाले ।

समयसँगै उनको नेतृत्व क्षमता उजागर हुँदै गयो । उनी बाल क्लब हुँदै युवा सञ्जालको अध्यक्ष बने । समविकास केन्द्रबाट प्राप्त क्षमता विकास तालिमहरूले उनको आत्मविश्वास, समन्वय क्षमता र सार्वजनिक बोलाइलाई थप मजबुत बनायो । समुदायमा गरिएका अभियानहरूमा देखाएको इमान्दारिता र प्रतिबद्धताले जनप्रतिनिधि, विद्यालय र अन्य सरोकारवालाहरूको ध्यान खिच्न सफल उनि सफल भए ।

केशवले गाउँकै विद्यालयबाट एसईई राम्रो नतिजाका साथ उत्तीर्ण गरे । तर कमजोर आर्थिक अवस्थाका कारण सहरमा बसेर अध्ययन गर्ने सम्भावना थिएन । भाइ–बहिनीको पढाइलाई प्राथमिकता दिँदै आफ्नै अध्ययन रोक्ने सोच बनाउँदै गर्दा, उनको सामाजिक योगदानलाई कदर गर्दै वडाबाट दुई वर्षका लागि शैक्षिक सहयोग प्राप्त भयो । यस सहयोगले उनले कक्षा १२ पूरा गर्न सके । कक्षा १२ उत्तीर्ण गरे लगत्तै जनप्रतिनिधिहरूको समन्वयमा केशवले जिल्ला अस्पताल, डोटीमा परिचरको रूपमा रोजगारी पाए । हाल उनी ब्याचुलर तहको अध्ययन निरन्तर गरिरहेका छन् भने आफ्नो आम्दानीबाट भाइ–बहिनीको पढाइ र घर खर्चमा महत्वपूर्ण योगदान दिइरहेका छन् । पहिले कृषि मजदुरीमा निर्भर परिवारको अवस्था अहिले उल्लेखनीय रूपमा सुधारिएको छ । आर्थिक जिम्मेवारी वहन

गर्दै पनि केशव सामाजिक अभियानबाट टाढा भएका छैनन् । उनी आज पनि बालअधिकार, हिंसा न्यूनीकरण र सामाजिक न्यायका सवालमा सक्रिय छन् ।
केशव बिष्टको यात्रा युवामा लगानी, नेतृत्व विकास र अवसर प्रदान गरिएमा उनीहरू स्वयं परिवर्तनका संवाहक बन्न सक्छन् भन्ने स्पष्ट उदाहरण हो । यो सफलता केवल व्यक्तिगत उपलब्धि मात्र होइन, स्थानीय अधिकार कार्यक्रमले युवालाई सशक्त बनाएर दिगो सामाजिक परिवर्तन सम्भव बनाएको प्रमाण हो ।

## एक उद्यमीको कथा

## 'कसैले मिस्त्रि भन्छन्, कसैले हात मिलाउँछन्, मलाई खुसी लाग्छ'

भिम बहादुर वि.क.ले जीवनको नौ वर्ष भारतको दिल्लीमा बिताए । होटलमा विभिन्न परिकार खानाहरू पस्कने उनले केही वर्ष क्यासियर भएर पनि काम गरे । तर दिल्लीमा पसिना बगाउनु भन्दा गाउँमै आएर केही गर्छु भन्ने अठोटले उनलाई आफ्नो गाउँ केआइसिंह गाउँपालिकाकको वायलमा फर्कायो । उनको गाउँ फर्कने निर्णयले आज भिम वि.क.लाइ डोटीको के आई सिंह गाउँपालिका ४, वायलको एक सफल उधमी बनाएको छ । भिम बहादुर वि.क. एक सफल उधमी मात्र होइनन उनले आफना घरपरिवारलाइ सफल ब्यापारी समेत बनाउन सफल ब्यक्ति हुन । बाँस निंगालाको काम गर्दागर्दै उनले अहिले घरपरिवारकोलागि ठुलै किरना पसल संचालन गरेका छन ।
भिम बहादरले बाँसका डोको, नाङ्लो, चाल्ना जस्ता सामान बुन्न उनले सिप आफना बुवाबाट सिकेका हुन् । उनि पहिले घरमै पनि डोको, नाङ्लोहरू बनाउँथे र वजारमा गएर बेच्ने गर्दथे, घरखर्रच चलाउन उनलाइ गार्हो भएपछि उनि कामको खोजीमा भारत गएका थिए । भारतमा उनले करिव ९ वर्ष विताएका थिए । भारतमा गएपछि उनको डोको, नाङ्लोहरू बनाउने काम छुटेको थियो । केआईसिंह गाउँपालिकाको कार्यालय नजिकै रहेको पसलमा डोको बुन्दै गरेका विकले भने, 'दिल्लीमा धैरै दुख गरेँ तर सोचेजस्तो भएन, अनि सोचे यति दुःख गाउँमै गर्न सक्छु, हातमा सिप छदैछ भनेर म गाउँ फर्के ।' भिमबहादुरको आफ्नै कमाइ खाने जग्गा छैन । भएको जग्गा पनि वि.सं. २०४० सालमा आएको पहिरोले बगायो । बचेको जग्गालाई ठुला ठुला ढुङ्गले परिदिए । खानकालागि अन्न उव्जाउने जग्गा नभएपछि उनले भारतको बाटो रोजेका थिए ।
उनि अगाढी भन्छन, 'इण्डियाबाट फर्केपछि मैले घरमै बाँसका सामान बनाएर गाउँगाउँमा गएर अन्नसँग साट्ने, अनि बेच्ने गर्थे', भिमबहादुरले भने, 'म सानो पसल गरेर आफनै ब्यबसायलाइ अगाढी बढाउन चाहन्थे । त्यतिखेरै सम विकास केन्द्र नेपालले हाम्रो गाउँमा कार्यक्रम शुरू गर्यो । संस्थाले मलाइ ब्यबसाय गर्नका लागि रू २० हजार सहयोग गरेपछि जानेको सिपलाई व्यवसायिक रुपमा अगाडी बढाउन मैले आफ्नो पसल सुरु गरेको हुँ ।'
एक्सनएडको साझेदार संस्था सम विकास केन्द्र डोटीले सन् २०१६ भिमबहादुरलाई आफ्नै व्यवसाय सुरु गर्नका लागि २० हजार रुपैयाँ सहयोग गर्यो । त्यही रकमबाट विकले वाइलमा मासिक ६ सय रुपैयाँ तिर्ने गरी घर भाडामा लिएर शुभकामना बाँस निङ्गाला उद्योगको सुरुवात गरे । अहिले उनि भाडामा लिएको घरमा रहेको उद्योगमा बाँस तथा निङ्गालाका सामान बनाउने र बेच्ने गर्छन । तर पछिल्लो समयमा भाडामा लिएको घर जग्गालाई आफ्नै आम्दानी बाट खरिद गरि स्थायि रुपमा व्यवसाय गर्न थालेका छन ।

दुई चार वटा बाँसका डोको नाम्लो बनाउँदै बेच्दै गर्ने भिमबहादुरको पसलमा अहिले दर्जन भन्दा बढि तयारी सामाग्रीहरू छन् । दिनमा दुईवटासम्म डोको तयार पार्ने भिमबहादुरलाई अहिले आफनो सामान बेच्न गाउँ गाउँ चहार्नु पर्दैन, बरु किन्नेहरु उनको पसलसम्मै आउँछन् । 'मैले गाउँमा मात्र होइन दिपायल, डढेल्धुरा र धनगढी सम्मका पसललाई पनि तयारी सामान पढाउने गरेको छु', आफ्नो व्यवसायको बारेमा जानकारी दिँदै भिमबहादुरले भने, 'मैले वजारमा पसल गरेपछि गाउँगाउँमा सिप भएका तर त्यत्तिकै बसेका दाजुभाइहले पनि काम गर्रन थाले । अहिले मलाइ सामानको अभाव भएपछि उनिहरूले मेरोमा सामान ल्याएर बेच्ने गर्दछन ।'
हाल भिमबहादुरको सम्पर्कमा एक दर्जन बाँसको सामान बनाउनेहरु व्यक्तिहरु छन् । उनिहरु मध्ये ८ जनाले उनलाई नियमित सामान ल्याइदिन्छन भने बाँकीलाई उनि अर्डर अनुसार काम दिन्छन् । अहले उनि १२ मा पढीरहेको छोरालाइ सिप पनि सिकाउदै छन । भिमबहादुरले एउटा डोकोको ६ देखि रू. एक हजार सम्ममा बेच्छन् । 'अरुले बनाएर ल्याउनेमा ५० देखि १०० रुपैया नाफा खाएर बेच्छु', भिमबहादुरले भने ।

भिमबहादुरका २ छोरा र १ छोरी छन् । उनिहरु सबै विद्यालयमा पढ्छन् । जेठा छोरा प्रकाश कक्षा १२ मा, छोरी संगिता कक्षा ८ मा र कान्छा छोरा आशिष ५ कक्षामा पढ्छन् । मासिक ४० देखि ५० हजार सम्मको व्यवसाय गर्ने भिमबहादुर आफुले गरेको व्यवसायबाट छोराछोरीलाई पढाउन लेखाउन सकेकोमा खुसी छन् । साथै उनले आफुले कमाई गरेको रकम बाट तराईमा एक कट्टा जग्गा पनि खरिद गरेका छन भने श्रीमतीको लागी के आई सिंह गाउपालिकाको वडा नं. ४ को वायल बजारमा ठुलै किराना पसल स्थापना गरिदिएका छन ।

उसो त डोटी जिल्लामा अहिले पनि जातिय छुवाछुतको अभ्यास छ । तर भिमबहादुर दलित भएपनि आफ्नै व्यवसाय सुरुगरे पछि समाजले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा निकै फरक पाएको बताउँछन् । पहिले दलित भनेर छोयोछिटो गर्नेहरु पनि अहिले उनको पसलमा सामान किन्न आउँछन् । 'अहिले त धैरैले मलाई चिन्छन्', बुनिरहेको डोकोबाट हात हटाएर हर्षित मुद्रा गाला मुसार्दै भिमबहादुरले भने, 'कसैले मिस्त्रि भन्छन्, कसैले हात मिलाउँछन्, मलाई खुसी लाग्छ ।' पहिला ए भिमे भन्ने व्यक्तिहरु अहिले मलाई भिम सर भनेर बोलाउछन मलाई गर्भ लाग्छ, मलाइ यो अवस्थामा ल्याइदिने सम विकास केन्द्रलाइ सम्झी रहन्छु ।

धन्यवाद ।

थप फोटोहरू




राष्ट्रिय गान






विद्यालयले संरक्षण गर्नुपर्ने १० अधिकार
१ निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार
विद्यालय जाने उमेरका प्रत्येक बालबालिकाको विद्यालयमा सर्वसुलभ पहुँच हुनुपर्दछ । आधारभुत तहको शिक्षा अध्ययनका लागि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाउनु हुँदैन र शिक्षालाई क्रमशः सबै तहमा निःशुल्क बनाउँदै लैजानुपर्दछ ।
२ भेदभाव रहित/समानताको अधिकार
राज्यले गरेको विशेष नीतिगत सकारात्मक व्यवस्था बाहेक विद्यालयल कुनै जातजाति, लिङ्ग, धर्म, भाषाभाषी, राष्ट्रियता, अपाङ्गता वा अन्य अवस्थाका आधारमा कोही कसैलाई भेदभाव गर्नुहुँदैन ।
३ पर्याप्त भौतिक पूर्वाधारको अधिकार
प्रत्येक कक्षाको लागि सबैलाई पहुँच हुने विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, प्रयोगशाला, खानेपानी र छात्रछात्राको लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाईको व्यस्था हुनुपर्दछ ।
४ तालिम प्राप्त शिक्षक पाउने अधिकार
विद्यालयमा पर्याप्त तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुपर्दछ । जस अनुसार एक शिक्षक बराबर कम्तिमा राज्यले तोकेको विद्यार्थीको अनुपात कायम गर्नुपर्दछ । शिक्षकहरुलाई उचित तलब, सेवा पूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ ।
५ सुरक्षित र हिंसारहित वातावरणको अधिकार
विद्यार्थीलाई बाटोमा आउँदा जाँदा, विद्यालयमा विपद् वा अन्य घटनाहरुबाट सुरक्षित रहने वातावरण हुनुपर्दछ । विद्यालयमा दण्ड, सजाय वा हिंसाका साथै बालअधिकार हनन् हुने घटनाहरु भएमा पीडितको गोपनीयतालाई ध्यान दिई पीडकलाई कारवाही हुनुपर्दछ ।
६ सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार
विद्यार्थीहरुको भाषा र संस्कृतिको पहिचानसँगै तालमेल हुने तथा उनीहरुको सामाजिक, संस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगिता हुने पाठ्यक्रम तथा शिक्षणविधिको व्यवस्था गरिनुपर्दछ ।
७ आफ्नो अधिकारबारे सुसुचित हुनपाउने अधिकार
प्रत्येक विद्यार्थीहरुले मानवअधिकार खासगरी बालअधिकारको बारेमा जान्ने अवसर पाउनुपर्दछ, र उमेर अनुसारको यौन तथा प्रजनन शिक्षासम्बन्धी जानकारी पाउने अधिकार समेत सुनिश्चित गरिनुपर्दछ ।
८ पारदर्शिता तथा जवाफदेहिताको अधिकार
राज्यले गरेको नीतिगत व्यवस्था अनुरुप विद्यालयका सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, शिक्षा समिति) ले आ-आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सो अनुसार पारदर्शी ढंगले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।
९ सहभागिताको अधिकार
छात्र तथा छात्राहरुले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रपूर्वक बोल्न वा सहभागी हुन पाउनुपर्दछ र उनीहरुको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।
१० गुणस्तरीय सिकाइको अधिकार
विद्यार्थीहरुको पूर्ण शारीरिक र मानसिक विकासका साथै बौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।
शिक्षा अधिकारसम्बन्धी राष्ट्रिय/ अन्तर्राष्ट्रिय मान्यता र प्रयोगमा आधारित रहेर यी १० बुँदा पहिचान गरिएको हो । हाम्रो विचारमा प्रत्येक विद्यालयले यी आधारभूत अधिकारहरुको संरक्षण गर्न सके मात्र गुणस्तरीय शिक्षा प्राप्त गर्ने हरेक बालबालिकाको अधिकार रक्षा हुनसक्दछ । त्यसैले हामी हरेक विद्यालयहरुलाई यी अधिकारहरुको संरक्षण गर्न हार्दिक अपील गर्दछौं ।
गुणस्तरीय शिक्षाका लागि स्थानीय अधिकार कार्यक्रम
सम विकास केन्द्र (EDC)
नेपाल, डोटी
जिल्ला शिक्षा कार्यालय
सिलगढी डोटी
act!onaid
NEPAL


प्रशिक्षक प्रशिक्षण






"यौन तथा प्रजनन् स्वास्थ्यबारे सबैको सरोकार सुरक्षित र सम्मानित जिवन बाँच्न पाउने सबैको अधिकार"
जानी राखौं
यौन तथा प्रजनन् स्वास्थ्य अधिकार भनेको के हो ?
१. बाँच्न पाउने हक:
कुनै महिलाको जीवन गर्भाधारणसँग सम्बन्धित कारणले खतरामा पर्नु हुँदैन र सुरक्षित यौन जिवन यापन गर्न पाउनु पर्छ ।
२. शरीरमाथिको हक
३. समानता र सबै प्रकारका भेदभाव देखि मुक्त हुने हक:
सबै व्यक्ति आफ्नो यौन तथा प्रजनन् स्वास्थ्यसँग सम्वन्धित कुनै प्रकारको भेदभाव बिना समान रुपले सेवा प्राप्त गर्न स्वतन्त्र छन् ।
४. गोपनियताको हक:
कुनै पनिव्यक्तिहरुको यौन तथाप्रजनन् स्वास्थ्य सम्बन्धमा गोप्य रुपले सेवा प्राप्त पार्नु पर्दछ र उसको स्वतन्त्रतापूर्ण निर्णय गर्ने हकको सुरक्षा र सम्मानहुनुपर्दछ ।
५. स्वतन्त्र विचार राख्न पाउने हक:
यौन तथा प्रजनन् स्वास्थ्य संरक्षण र अधिकार सम्बन्धमा स्वतन्त्ररुपमा विचार राख्न पाउने अधिकार कुनै पनि धार्मिक मान्यता, विश्वास, दर्शन तथा प्रचलनहरुद्वारा कुन्ठित हुनु हुँदैन ।
६. यौन तथा प्रजनन् स्वास्थ्यबारे सूचना र शिक्षा प्राप्त गर्न पाउने हक :
कुनै पनि व्यक्तिले यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धीपूर्ण र वस्तुगत सूचना र शिक्षा प्राप्त गर्न पाउनु पर्छ ।
७. विवाह गर्ने/नगर्ने सम्बन्धी हक :
सबै व्यक्तिलाई विवाहगर्ने वानगर्ने अथवा परिवार बसाउने वानबसाउनेबारे निर्णयगर्न पाउनु पर्छ । कानुनले तोकाको उमेरको हदपार गरे पछि मात्र कुनै पनि व्यक्ति विवाहका लागि योग्य हुन्छ।
८. बच्चा पाउने/नपाउने हक:
सन्तान कहिले र कति जन्माउने भन्ने बारे आफैले स्वतन्त्रता पूर्वक निर्णय गर्न पाउनु पर्छ ।
प्रकाशक:
सम विकास केन्द्र (ईडीसी) नेपाल, डोटी
सहयोग
actionaid
एक्शनएड नेपाल





